सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ वैशाख २०८१, शुक्रबार (19 April 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ७ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई आर्थिक भार थोपर्ने पूर्वश्रममन्त्रीका निर्णय खारेज

श्रममन्त्री अर्यालले खारेज गरेका निर्णय

- 'पूर्वप्रस्थान अभिमुखीकरण तालिम' शुल्क तीन गुणाले बढाएर २१ सय पुऱ्याइएको थियो, अब सात सय नै कायम ।
- कुल ११ घण्टाबराबरको दुईदिने तालिम अवधि बढाएर दैनिक ६ कार्यघण्टाको दरले लगातार तीन दिन (१८ घण्टा) पुऱ्याउने निर्णय, पुरानै कायम ।
- अनलाइन परीक्षा अनिवार्य गर्दै त्यसका लागि सात सय शुल्क तोकिएको थियो, त्यस्तै परीक्षामा कम्तीमा ५० अंक ल्याउनुपर्ने व्यवस्था गरिएको थियो । अब दुवै व्यवस्था खारेज ।
- श्रमिकहरूलाई अंग्रेजी भाषा अनिवार्य गरिएको थियो । ६ मंसिर ०८० को यो निर्णय पनि खारेज गरिएको छ ।
- वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने (पहिलो संशोधन) कार्यविधि ०८० खारेज, अब 'मागपत्र प्रमाणीकरण निर्देशिका २०७५' अनुसार सम्बन्धित मुलुकमा रहेका दूतावासले नै मागपत्र प्रमाणीकरण गर्ने ।



डोलप्रसाद अर्याल
श्रममन्त्री

मिलन विश्वकर्मा/नयाँ पत्रिका

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई आर्थिक भार थोपर्ने गरी बढाइएको अभिमुखीकरण तालिम शुल्कदेखि अंग्रेजी भाषा अनिवार्यसम्मका निर्णय सरकारले खारेज गरेको छ । पूर्वश्रममन्त्री शरत्सिंह भण्डारीले गत ७ असोजमा स्वीकृत कार्यविधि तीन महिना नहुँदै पुसमा संशोधन गरेर 'पूर्वप्रस्थान अभिमुखीकरण तालिम'शुल्क वृद्धि गरी श्रमिकमाथि आर्थिक भार थुपारेका थिए । तर, वर्तमान श्रममन्त्री डोलप्रसाद अर्यालले बिहीबार 'पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६' को पहिलो संसोधन, २०८० खारेज गरेका छन् ।

■ कार्यविधिलाई व्यावहारिक बनाउन नयाँ कार्यदल गठन

'पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६' लाई व्यावहारिक र समयसापेक्ष बनाउन आवश्यक सुझाव दिन मन्त्रालयअन्तर्गतको सीप विकास तथा तालिम शाखा प्रमुखको संयोजकत्वमा कार्यदल बनाउने निर्णय पनि भएको छ । कार्यदलले ३० दिनभित्र सुझाव पेस गर्नुपर्नेछ । कार्यदलले सरोकारवालाहरूसँग समेत छलफल गरी पाठ्यक्रम र तालिमको मोडालिटी तय गर्नेछ भने तालिम शुल्कको विषयमा मन्त्रालयलाई सुझाव दिनेछ ।

संशोधन खारेज भएपछि अब कार्यविधिको पुरानै व्यवस्था लागू हुनेछ । पुरानो व्यवस्थाअनुसार वैदेशिक रोजगारीमा जानुअघि श्रमिकले 'पूर्वप्रस्थान अभिमुखीकरण तालिम' शुल्क सात सय रुपैयाँ मात्रै तिरे पुग्छ भने परीक्षा पनि दिनुपर्दैन । संशोधित व्यवस्थामा परीक्षा अनिवार्य गरेर तालिमसहितको शुल्क २८ सय रुपैयाँ पुऱ्याइएको थियो । जसमा तालिम शुल्क २१ सय र परीक्षा शुल्क सात सय तोकिएको थियो । यसको प्रत्यक्ष फाइदा निजी क्षेत्रबाट सञ्चालित तालिम केन्द्रहरूलाई पुगेको थियो ।

» पृष्ठ ९ मा क्रमशः

नेपालमा 'डिजिटल सुन'को अवैध धन्दा

राष्ट्र बैंकबाट लाइसेन्सप्राप्त वालेट 'माइपे'को संलग्नतामा डिजिटल सुनको अवैध कारोबार, १५ प्रतिशतसम्म कमिसन असुलेर किनबेच

नेपालमा डिजिटल सुन अवैध छ, कारोबार गर्न कसैलाई मान्यता छैन



- **डा. गुणाकर भट्ट**
  कार्यकारी निर्देशक
  नेपाल राष्ट्र बैंक

सुनचाँदीको कारोबार-अन्तर्गत आयात गर्ने अधिकार वाणिज्य बैंकहरूलाई र बिक्री-वितरणको अधिकार सुनचाँदीका आधिकारिक बिक्रेताहरूलाई मात्रै छ । वालेटबाट सुनचाँदीको डिजिटल कारोबारलाई अहिलेसम्म मान्यता दिएको छैन । यस्तो कारोबार गर्न पाइँदैन । हामी यसमा अध्ययन गरेर कारबाही अघि बढाउँछौं ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपालमा अवैध रूपमा डिजिटल सुनको कारोबार हुने गरेको खुलेको छ । माइपे गोल्ड प्रालिले डिजिटल सुनचाँदीको अवैध धन्दा चलाइरहेको भेटिएको हो ।

भक्तपुरको राधेराधेस्थित छायादेवी भवनमा केन्द्रीय कार्यालय राखेर अनलाइन प्लेटफर्ममार्फत यो कम्पनीले डिजिटल सुनचाँदीको कारोबार गराइरहेको छ । यो प्लेटफर्म नेपाल राष्ट्र बैंकबाट इजाजत-पत्रप्राप्त भुक्तानी सेवा प्रदायक कम्पनी स्मार्ट कार्ड माइपेसँग आबद्ध रहेको पाइएको छ ।

यस्तो छ नेपालमा सुनचाँदी कारोबारको कानुनी व्यवस्था

● पृष्ठ २

कम्पनीको वेबसाइटअनुसार माइपे गोल्ड डिजिटल रूपमा सुनमा लगानी गर्ने एक नयाँ एप हो । वेबसाइटमा भनिएको छ, 'यस एपले खरिदकर्ताहरूलाई तुरुन्तै सुन तथा चाँदी किन्न र बेच्नका लागि ठूलो सहजता प्रदान गरेको छ । माइपे गोल्डले प्रदान गर्ने फाइदाहरूमध्ये सबैभन्दा प्रमुख यो एक हो, यसबाट तपाईंहरूले आजको बजार मूल्यमा सुन तथा चाँदी खरिद गर्न सक्नुहुन्छ । अर्थात्, तपाईंले सुन पसलबाट भौतिक गहनाहरू,

» पृष्ठ ९ मा क्रमशः



यसरी भइरहेको छ डिजिटल सुनको अवैध कारोबार

माइपे गोल्डका अनुसार यसमा न्यूनतम एक सय रुपैयाँमा लगानी सुरु गर्न सकिन्छ । बजार मूल्यमै माइपे एपको माध्यमबाट सुन तथा चाँदी खरिद गर्न सकिने बताइएको छ । माइपे गोल्डमा लगानी गर्न वेबसाइट र माइपे गोल्ड एपको प्रयोग गर्न सकिने उल्लेख छ । यसमा कारोबार गर्न भने माइपे गोल्डमा आफ्नो बैंक खाता लिंक गर्नुपर्ने भनिएको छ । बैंकको कागजातको फोटो जस्तैः चेकबुक, खाताको स्क्रिनसटसमेत पेस गर्नुपर्ने उल्लेख छ । सुनचाँदी बिक्री गरेपछि बैंक खातामा एक कार्य दिनभित्र रकम जम्मा हुने दाबी गरिएको छ । माइपे गोल्डमार्फत सुन तथा चाँदी बिक्री गर्नका लागि न्यूनतम एक हजार रुपैयाँभन्दा बढी हुनुपर्ने सर्त छ ।

एक तोला सुन कारोबारमै कमाउँछ २० हजार ८०० भन्दा धेरै

अवैध डिजिटल सुनचाँदी कारोबार गराएको कम्पनीले विभिन्न शीर्षकमा १५ प्रतिशतसम्म कमिसन लिने गरेको छ । बैंक शुल्क भन्दै १० प्रतिशत, कारोबार गराएबापतको नाफामा २ देखि ३ प्रतिशत, आयकर भन्दै अग्रिम कर असुली (टिडिएस) कट्टी तथा एक वर्षभन्दा कम अवधिसम्म होल्ड गरेर सुन बिक्री गर्दा ३ प्रतिशत र एक वर्षसम्म राखेकाको हकमा २ प्रतिशत शुल्क लाग्ने नियम तोकेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बुधबार छापावाल सुन प्रतितोला एक लाख ३९ हजार दुई सय रुपैयाँमा कारोबार भइरहेको छ । यही मूल्यमा एक तोला मात्रै सुन कारोबार गर्दा पनि कम्पनीले २० हजार ८ सय ८० रुपैयाँ कमाउने देखिन्छ । एक लाखसम्मको सुनचाँदी बिक्री भएको दुई कार्यदिनमै र १० लाख रुपैयाँसम्मको बिक्री भएको चार कार्यदिनमै लेनदेन सम्पन्न गर्ने कम्पनीको नियममा उल्लेख छ । त्यस्तै, १० लाखभन्दा बढीको सुनचाँदीको बिक्रीको कारोबारको ७ दिनभित्र लेनदेन सम्पन्न गरिने जनाइएको छ । कम्पनीले डिजिटल सुन २४ क्यारेटको ९९.९ प्रतिशत शुद्ध रहनेसमेत दाबी गरेको छ ।

अध्ययन गरेर कारबाही गर्छौं



- **तेजप्रसाद देवकोटा**
  सूचना अधिकारी, धितोपत्र बोर्ड

नेपालमा कमोडिटी बजारको अनुमति दिने निकाय धितोपत्र बोर्ड हो । बोर्डले अहिलेसम्म डेरिभेटिभ्स कारोबारको एकल अधिकार नेपाल स्टक एक्सचेन्जलाई दिनेबाहेक वस्तु विनिमय र अन्य अभौतिक वस्तुको कारोबारको अनुमति कुनै कम्पनीलाई दिएको छैन । वस्तु विनिमय शाखाले अध्ययन गरेर कारबाही गर्छ ।

यो गैरकानुनी कार्य हो



- **माणिकरत्न शाक्य, अध्यक्ष**
  नेपाल सुनचाँदी व्यवसायी महासंघ

वस्तु विनिमयको अनुमति धितोपत्र बोर्डले कार्यविधि बनाएर दिने विगतमा निर्णय भए पनि हालसम्म जारी भएको छैन । यस्तो वेलामा जो पायो उसैले सुनचाँदीको नाममा यस्तो कारोबार गर्न पाइँदैन, यो गैरकानुनी कार्य हो ।



तीन वर्षपछि मानव अधिकार आयोगले पायो सचिव

काठमाडौं/ राष्ट्रिय मानव अधिकार आयोगले ३५ महिनापछि सचिव पाएको छ । आयोगमै कायममुकायम सचिवमा कार्यरत मुरारीप्रसाद खरेलको सचिवमा बढुवा भएको हो ।

सुरुमा सचिव बढुवाका लागि योग्यता पुगेका कर्मचारी नभएपछि पद रिक्त थियो । यसअघि १७ कात्तिकमै आयोगले खरेललाई तीन वर्षका लागि सचिव बनाउन सिफारिस गरे पनि कानुनसम्मत नभएको भन्दै सरकारले बढुवा रोकेको थियो । खरेलले दुई वर्ष कामुका रूपमा चलाइसकेका आधारमा सिफारिस भएकोमा सचिवको पदावधि पाँच वर्ष नै हुनेमा त्यसविपरीत सिफारिस गरेपछि मन्त्रिपरिषद्ले निर्णय गरेको थिएन । आयोगले गत साता पाँच वर्षकै लागि नियुक्ति गर्न सिफारिस गरेपछि बिहीबारको मन्त्रिपरिषद् बैठकले उनलाई बढुवा गरेको हो ।



मुरारीप्रसाद खरेल

त्यस्तै, निजामती सेवाको प्रशासनतर्फ केदारनाथ शर्मा र लेखापरीक्षण सेवातर्फ वैकुण्ठबहादुर अधिकारी सचिवमा बढुवा भएका छन् । वरिष्ठतम् सहसचिव गोविन्दबहादुर कार्कीलाई बागमती प्रदेश सरकारको कायममुकाय सचिवको जिम्मेवारी दिएको छ ।

सिजनमै १४२ दिनदेखि ग्राउन्डेड नेवानिको न्यारोबडी



निगमको उडान कटौती भएपछि एयर इन्डिया, भिस्टारा, इन्डिगो, भुटान एयर धमाधम यात्रु ओसार्न व्यस्त


विस्तृत समाचार पृष्ठ ७ मा

भारतमा आजबाट लोकसभा चुनाव



चुनावमा २५०० भन्दा बढी राजनीतिक दलले भाग लिए पनि मुख्य प्रतिस्पर्धा भने केही दलबीच मात्र हुने

विस्तृत समाचार पृष्ठ ५ मा



विवादबीच सुदूरपश्चिमको मुख्यमन्त्रीमा सोडारी नियुक्त

■ नागरिक उन्मुक्तिका बहुमत सांसदले प्रदेश प्रमुखलाई पत्र नै बुझाएर जनाए आपत्ति



नवनियुक्त मुख्यमन्त्री दीर्घ सोडारीलाई बिहीबार शपथग्रहण गराउँदै सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँ

धनगढीमा **तेजराज भट्ट**

सत्तागठबन्धनभित्रको रस्साकस्सीपछि सुदूरपश्चिममा एकीकृत समाजवादीका नेता दीर्घ सोडारी मुख्यमन्त्री नियुक्त भएका छन् । एमाले, माओवादी, नागरिक उन्मुक्ति र एक स्वतन्त्र सांसदको समर्थनमा उनी प्रदेशको चौथो मुख्यमन्त्री बनेका हुन् । सोडारीको नियुक्तिमा नागरिक उन्मुक्तिको रेशम चौधरी पक्षले भने आपत्ति जनाएको छ ।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम सोडारीलाई मुख्यमन्त्री नियुक्त गर्दै प्रदेश प्रमुख नजिर मियाँले बिहीबार

» पृष्ठ ९ मा क्रमशः

कानुनी प्रतिवादको तयारीमा कांग्रेस

काठमाडौं/ एकीकृत समाजवादी प्रदेश संसदीय दलका नेता दीर्घ सोडारी सुदूरपश्चिम प्रदेशमा सत्तागठबन्धनकै समर्थनमा मुख्यमन्त्री नियुक्त भएपछि कांग्रेसले कानुनी प्रतिवादको तयारी गरेको छ । समाजवादीलाई आफ्नो पक्षमा ल्याएर सोडारीलाई मुख्यमन्त्री बनाउने र केन्द्रदेखि अन्य प्रदेशसम्म नयाँ गठबन्धनको सरकार निर्माण गर्न पहलकदमी लिएको कांग्रेसले अब सुदूरपश्चिम र गण्डकीमा भएको मुख्यमन्त्री नियुक्तिविरुद्ध कानुनी प्रतिवादको निर्णय लिएको हो ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत भन्छन्-



सुदूरपश्चिम र गण्डकीमा संविधान र कानुनी व्यवस्थाअनुसार सरकार गठन हुन सकेन, त्यसैले हामीले केही कानुनविद् साथीहरूसँग अदालतको मानहानि र कानुनी प्रतिवादमा जाने विषयमा केन्द्रित रहेर छलफल गरेका छौं । हामी एकैचोटि राजनीतिक र कानुनी प्रतिवाद सँगसँगै अगाडि बढाउनेछौं ।

पार्टी पदाधिकारी तथा निकटस्थ कानुनविद्हरूसँग बिहीबार परामर्श लिएपछि सभापति शेरबहादुर देउवा वैकल्पिक गठबन्धनको प्रयास जारी राख्दै कानुनी प्रतिवादको तयारीमा लाग्ने निर्णयमा पुगेका हुन् । बैठकमा उनले वैकल्पिक गठबन्धनबारे बुधबार समाजवादीका अध्यक्ष माधव नेपालसँग भएको छलफलबारे पनि पार्टी पदाधिकारीहरूलाई जानकारी गराएका छन् । दुई नेताबीच कांग्रेस केन्द्रीय सदस्य नारायण खड्काको गल्फुटारस्थित निवासमा वैकल्पिक गठबन्धन बनाउनेबारे छलफल भएको थियो । छलफलमा सुदूरपश्चिमको मुख्यमन्त्रीमा आफ्नो पार्टीलाई समर्थन गर्न नेपालले आग्रह गरेको देउवाले सुनाए । तर, गठबन्धनले साथ नदिने अवस्थामा मात्रै कांग्रेसको साथ रहने, अन्यथा प्रतिपक्षमा रहने जवाफ दिएको देउवाले बैठकमा बताएका छन् ।

संक्षेपमा उपत्यका

स्वयम्भू : काठमाडौं महानगरपालिकाले विश्व सम्पदा दिवस ०२४ का अवसरमा बृहत् योग तथा सम्पदायात्रा आयोजना गरेको छ। विश्व सम्पदा दिवस ०२४ का अवसरमा बिहीबार आयोजित कार्यक्रममा विगतमा विपत्तिले सम्पदा क्षेत्रमा पारेको क्षतिबाट संरक्षणको पाठ सिक्नुपर्नेमा जोड दिइएको छ। महानगरका जनप्रतिनिधि, कर्मचारी, संस्कृतिकर्मी तथा स्थानीयले सम्पदाको संरक्षण गर्नका लागि 'विगतका घटनालाई बिर्सन नहुने' साझा मत व्यक्त गरेका थिए। सम्पदा तथा पर्यटन महाशाखा प्रमुख श्रृजु प्रधानका अनुसार वडा नम्बर १५ को आयोजनामा स्वयम्भू भुइँखेलमा बृहत् योग र स्वयम्भूबाट वसन्तपुरसम्मको सम्पदा पदयात्रा गरिएको थियो। भुइँखेलबाट सुरु भएको पदयात्रा चारा हिटी, धिमे ल्वहं, निपु हिटी (भीमसेन मन्दिर), डल्लु चौतारा, भेलु महादेव, रञ्जित मल्ल सतः घाट, तप्यँताँ, म्येछ्र्यौं हिटी, बुरांखेल, सामुदायिक (लोकेश्वर) गल्ली, आयुर्वेदिक अस्पताल, नरदेवी द्यःछेँ, पाछे गल्ली, सुन्ता गल्ली, दमाईं टोल, चस्वाढँ, साः (तेल मिल), बन्जाः हिटी, मिच्याः गल्ली, मरुबहि, सन्तानेश्वर महादेव, मरु हिटी हुँदै मरु गणेश पुगेर समापन भएको थियो।

बौद्ध : १० वैशाखमा बौद्ध क्षेत्रमा मनाउन लागिएको बौद्ध तेमाल जात्राको तयारी पूरा भएको छ। बौद्ध तामाङ कल्याण गुठीको संयोजन र बौद्धनाथ क्षेत्र विकास समितिको आयोजनामा हुन लागेको जात्राको तयारी पूरा भएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो। प्रत्येक वर्ष चैत पूर्णिमाको अघिल्लो दिन मनाइने यो जात्रा यस वर्ष २० वैशाखमा मनाउन लागिएको हो। जात्रा सम्पन्न गर्नका विभिन्न उपसमितिहरू गठन गरिएको छ। काभ्रेपलाञ्चोकस्थित तेमाल क्षेत्रका तामाङ आफ्ना दिवंगतहरूको आत्माको चिरशान्तिको कामना गर्दै बौद्ध महाचैत्यमा पूजाआजा गर्ने, दीप प्रज्वलन गर्ने भएकाले यस जात्राको नाम तेमाल जात्रा रहन गएको हो। जात्राका क्रममा पितृमोक्षका लागि बालाजु बाइसधारामा स्नान गरी स्वयम्भूको महाचैत्यमा पुगी पूजा गर्ने पनि चलन छ। उनीहरू रातभर जाग्राम बसी छयोइमे बत्ती बाली पितृहरूको मोक्षका लागि कामना गर्छन्। जात्रामा नेपालका विभिन्न जिल्ला तथा भारतलगायतका मुलुकबाट ६० हजारभन्दा बढी भक्तजन सहभागी हुने आयोजकको भनाइ छ।

निजी विद्यालयले वर्षैपिच्छे भर्ना शुल्क लिन नपाउने

भर्ना शुल्कका नाममा रकम लिए सम्बन्धित विद्यालयबाट असुल गरी फिर्ता गरिने

शिवहरि धिमिरे/नयाँ पत्रिका

विद्यार्थी भर्ना शीर्षकमा वर्षैपिच्छे शुल्क लिने संस्थागत (निजी) विद्यालयलाई काठमाडौं महानगरपालिकाले कारबाही गर्ने भएको छ। नयाँ शैक्षिक सत्रको भर्ना क्रम चलिरहेकै वेला महानगरले निजी विद्यालयलाई भर्ना शुल्क नलिन चेतावनीस्वरूप बिहीबार पत्राचार गरेको हो।

यदि कुनै विद्यालयले भर्ना शुल्कका नाममा रकम लिएको फेला परे महानगरले सम्बन्धित विद्यालयबाट उक्त रकम असुल गरी विद्यार्थीलाई फिर्ता गर्ने जनाएको छ। महानगरको शिक्षा विभागले महानगरभित्रका पाँच सय १२ संस्थागत विद्यालयलाई वर्षैपिच्छे भर्ना शुल्क नलिन भन्दै पत्राचार गरेको हो। भर्ना वा भर्नाको सट्टा अन्य शीर्षक राखेरसमेत शुल्क असुल्न नपाइने निर्देशन दिएको छ। तर, निजी विद्यालयले फरक-फरक शीर्षक दिएर शुल्क लिँदै आएका छन्। अधिकांश विद्यालयले 'एन्युअल फी' शीर्षकमा शुल्क उठाउने गरेको अभिभावकको भनाइ छ। त्यसो गर्दा सरकारी कारबाहीबाट बचिने भएकाले शुल्क उठाउने फरक जुक्ति निकालेको उनीहरूको गुनासो छ। तर, नियमित र अत्यावश्यकबाहेकको शुल्क लिन नपाइने महानगरपालिका शिक्षा विभागका कार्यवाहक प्रमुख सरस्वती पोखरेलले बताइन्। उनका अनुसार निजी मात्रै होइन, सामुदायिक विद्यालयले पनि भर्ना शुल्क लिन पाउँदैनन्।

अन्य शीर्षक बनाएर शुल्क उठाउने गरेको गुनासो आएपछि महानगरपालिकाले अन्य शीर्षकमा शुल्क लिनुको कारण खुलाउनुपर्ने र अप्रत्यक्ष रूपमा विद्यार्थीलाई आर्थिक भार नपार्न विद्यालयलाई निर्देशन दिएको हो। 'कुनै पनि विद्यालयले भर्ना शुल्क लिन पाइँदैन, कतिपयले फरक शीर्षक राखेर पनि भर्ना शुल्कजस्तैकै शुल्क लिएको पाइएको छ,' पोखरेलले भनिन्, 'सरकारी विद्यालयले त झन् कुनै पनि प्रकारको शुल्क लिन पाउँदैनन्, यसमा गुनासो आएमा कारबाही गर्छौं।' महानगरपालिकाले कडाइ गर्ने भने पनि अधिकांश सामुदायिक विद्यालयले आन्तरिक खर्च धान्न भन्दै भर्ना शुल्क लिने गरेका छ। महानगरभित्र ८७ वटा सामुदायिक विद्यालय छन्। महानगरपालिका शिक्षा विभागका अनुसार निजी विद्यालयले भर्ना शुल्क लिएको भन्दै दैनिक दुई-तीनवटा गुनासो आउने गरेको छ।

निजी विद्यालयको हकमा एकपटक भर्ना गर्दा शुल्क लिन पाउँछन्। तर, विद्यार्थी कक्षा चढ्दै जाँदा हरेक वर्ष भर्ना शुल्क उठाउन नपाइने पोखरेलको भनाइ छ। महानगरले सामुदायिक विद्यालयलाई भने चन्दा वा अनुदान शुल्क भनेर लिन रोक लगाएको छैन। कतिपयले चन्दा वा स्वेच्छाले सामुदायिक विद्यालयलाई शुल्क तिर्छ भने त्यसमा कुनै आपत्ति नरहेको कार्यवाहक विभाग प्रमुख पोखरेलको भनाइ छ।



● सरस्वती पोखरेल, कार्यवाहक प्रमुख, शिक्षा विभाग काठमाडौं महानगरपालिका



निजी विद्यालयले एकपटक भर्ना गर्दा शुल्क लिन पाउँछन्। तर, विद्यार्थी कक्षा चढ्दै जाँदा हरेक वर्ष भर्ना शुल्क उठाउन पाइँदैन। यदि कुनै विद्यालयले भर्ना शुल्कका नाममा रकम लिएको फेला परे महानगरले सम्बन.धित विद्यालयबाट उक्त रकम असुल गरी विद्यार्थीलाई फिर्ता गर्नेछ।

■ एक सय २२ विद्यालयले नाम सच्याउन मानेनन्

काठमाडौं महानगरपालिकाले निजी विद्यालयको नाम सच्याउन (नेपालीपन झल्कने) एक साता समय दिए तापनि कतिपय विद्यालयले अटेरी गरेका छन्। महानगरपालिकाले २१ चैतमा सूचना जारी गर्दै पब्लिक, इन्टरनेसनल र नेसनल शब्द हटाउन निर्देशन दिएको थियो। त्यसयता दुई सय दुई विद्यालय नाम सच्याउने प्रक्रियामा छन्। उनीहरूलाई ३५ दिनको समयसीमा दिइएको छ। तर, एक सय २२ वटा विद्यालय सम्पर्कमै आएका छैनन्। यी विद्यालयलाई पुनः पत्राचार गर्ने तयारी भइरहेको महानगरपालिकाले जनाएको छ। हाल महानगरपालिकाभित्र पाँच सय १२ वटा निजी विद्यालय छन्। यीमध्ये एक सय ८८ विद्यालयले पहिले नै नाम सच्याएका थिए। महानगरभित्र रहेको संस्थागत विद्यालयको नाममा पनि मौलिकता र एकरूपता खोज्दा सच्याउन ताकेता गरिरहेको छ।

■ सामुदायिकमा भर्ना गराऔं भन्दै जनप्रतिनिधिको घरदैलो अभियान

काठमाडौं माहानगरका केही सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना चाप धेरै भए पनि भित्री सहरका विद्यालयमा भने विद्यार्थीको रुचि कमै छ। यी विद्यालयमा विद्यार्थी संख्या बढाउन जनप्रतिनिधि घरदैलो अभियानमा छन्। अभिभावकलाई छोराछोरी नजिकको सामुदायिक विद्यालयमा भर्ना गराउन अनुरोध गर्दै उनीहरू घरघरमा पुगेका हुन्। वडा नम्बर १८ को भक्त माध्यमिक विद्यालय (रक्तकाली)मा बालबालिका भर्ना गराउन आयोजना गरिएको प्रभातफेरीमा वडाध्यक्ष न्हुच्छेकाजी महर्जन सहभागी थिए। उनले सामुदायिक विद्यालय संस्थागत विद्यालयका प्रतिस्पर्धी नभएको र पूर्वाधार, साधन-स्रोत र उपकरणका हिसाबले सामुदायिक विद्यालय अगाडि रहेको बताए। उनले भने, 'भौतिक उपलब्धता, शिक्षण सिकाइका लागि यहाँका शिक्षक निकै अगाडि छन्। विद्यालयमा अहिले शिक्षा दिने मात्र होइन, सीप पनि सिकाइन्छ। प्रारम्भिक बाल विकासका कक्षाले बालमैत्री वातावरण तयार भएको छ। एकीकृत सिकाइ र शिक्षामा सीप कार्यक्रमले विद्यार्थीको सिकाइको दायरा फराकिलो भएको छ।' वडा नम्बर २७ का वडाध्यक्ष योगेशकुमार खड्गी पनि घरदैलो अभियानमा नै छन्। यद्यपि, उनको क्षेत्रमा रहको दरबार हाइस्कुलमा भने भर्नाका लागि आवेदन दिने सबै विद्यार्थीलाई भर्ना दिन कठिन रहेको बताए।

महानगरपालिकाभित्रका ८७ वटा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म करिब ४७ हजार ६ सय ९४ विद्यार्थीलाई अध्ययन गराउने क्षमता छ। सामुदायिक विद्यालयको संख्या ८९ हो। ८९ मध्ये दुईवटा पुनर्निर्माणको क्रममा रहेकाले ८७ विद्यालयमा भर्ना लिन सकिन्छ। यीमध्ये तीनवटा कारागारभित्र छन्। चारवटा विशेष विद्यालय हुन्। एउटा रात्रि विद्यालय र एउटा संस्कृत विद्यालय छन्। रात्रि र संस्कृत विद्यालयमा कक्षा ६ देखि मात्र भर्ना गर्ने गरिएको छ। गएको शैक्षिक सत्र ०८० मा सामुदाकि विद्यालयमा करिब ४० हजारजना विद्यार्थीले अध्ययन गरेका थिए। यस वर्ष प्रारम्भिक बाल विकास कक्षामा पाँच हजार पाँच सय १४ जना, कक्षा एकदेखि कक्षा नौसम्म थप ६ हजार पाँच सय ६६ जना गरी १२ हजार ८० जना थप विद्यार्थी भर्ना गर्न सकिन्छ।

शर्माले दिए बाल अस्पताललाई २० लाख सहयोग

काठमाडौं/ प्रतिनिधिसभा सदस्य तथा व्यवसायी डा. सुनील शर्माले वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाको अगुवाइमा निर्माण हुन लागेको बाल अस्पताललाई २० लाख सहयोग गरेका छन्। शर्माले बिहीबार बुढानीलकण्ठको हेपाली हाइटमा रहेको निर्माणाधीन अस्पताल काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (कियोच)मा पुगेर उक्त सहयोग गरेका हुन्। सो क्रममा डा. शर्माले राज्यले गर्नुपर्ने काम डा. कोइरालाले गर्न लागेको देखेर सम्मानस्वरूप सहयोग उपलब्ध गराएको बताए।

Nagarjun Municipality
Office of Municipal Executive
Harisiddhi, Sitapaila
Notice to Award Contract
(Date of Publication: 2081/01/07)

In reference to the notice published on the National daily "Nepal Samachar Patra" dated 19th April 2024; pursuant to public procurement regulation (2064), rule no.84(10), it is hereby notified to all the concerned bidders that our contract is awarded as mentioned below.

Contract ID / Name of Works	Lowest Evaluated Substantially Responsive Bidder	Amount (Inclusive of VAT)
Nagarjun/SQ/G/02/2080-81 Supply and Installation of X-Ray Machine 500MA with DR System	Titan International Pvt. Ltd. Chabahil, Kathmandu	NRs. 34,95,000 .00 (Thirty Four Lakh Ninety five Thousand only.)

Chief Administrative Officer

Global IME Bank Limited — **Invitation for Expression of Interest**

Date of Publication : 19th April, 2024

Global IME Bank Ltd., one of the largest and leading banks in Nepal, invites Expression of Interest (EOI) from the interested agencies for providing integrated marketing communication services and digital marketing automation solution. Agencies are expected to provide a comprehensive, bespoke and research driven programmatic marketing solution tailored to fit the strategic goals and objectives of the bank. We seek qualified agencies to work with us on the following areas:

1. Digital content development (images, text, videos)
2. Search engine optimization (SEO)
3. Programmatic paid ads (social media, SEM, digital media buying through various display ad networks & AdTech platforms)
4. Social media management (Facebook, Instagram, LinkedIn, YouTube, etc)
5. Graphic design (motion graphics, graphics for digital & print media) and adaptations
6. User interface and experience design (UI/UX) for digital platforms including website and mobile app
7. Web development & feature enhancement for upgrading existing platform with new and innovative features
8. Implementation of MarTech platform for digital marketing automation, analysis, analytics and ROI reporting
9. Customer experience (CX) research & solution development
10. Lead generation & conversion optimization
11. Event management
12. Media planning, release and communication strategy
13. Print and outdoor media; activation - design, media handling and implementation
14. Production of TVCs, radio spots/jingles, etc.
15. Surveys, product research, market research & regular market insights (National & International)

Interested agencies (domestic or foreign or joint venture of both domestic and foreign agencies/firms) are requested to provide proposals with their scope of work (single or multiple or whole). Soft or hard copies of the EOI/proposal document, along with copies of other supporting documents, must be submitted to the **General Service Department, Global IME Bank Ltd., Kamaladi** or via email to **quotationsgsd@gibl.com.np** with subject line **"EOI-Marketing"** within business hours by **3rd May, 2024**. Proposals received after the deadline will not be accepted. In case the last day of submission falls on a government holiday, then submission can be done on the next working day.

Eligibility:

1. The agencies must be duly incorporated in their respective domicile and must submit copies of registration and incorporation and have experience in specified areas for at least 2 years. The agencies must also submit documentary evidence of tax clearance as of the immediate preceding fiscal year supplemented by the copies of audited financials of the latest fiscal year closure.
2. Proven track record of minimum two years working with BFIs, MNCs or conglomerates.
3. The agencies, its authorized representatives, board members and shareholders must not have been prosecuted on criminal charges/blacklisted by any authority, bank and financial institution mainly on fraud, money laundering or any other act prohibited by law.
4. Declaration about any actual or potential conflict of interest or threatened independence in taking up this role with proposed safeguards should be highlighted. If the agency is currently working with business of same nature, it should be highlighted.
5. The agencies should have in-house capacity/resources to deliver the services accepted and may not further outsource the tasks assigned to 3rd party, unless the proposal is made through JV agreement.

Only shortlisted agencies will be contacted to make a full presentation at the bank. The selected agency will have a contract of one year with the bank subject to performance review. The final selection of the agency will be on quality-cum-cost basis.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01–5328671/5326347
Global Connect: 01-5970600

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८१/०१/०७ गते

यस माछापुच्छ्रे बैंक लि. बुटवल शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/१०/१६ गतेको अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रक्रिया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता कायम रहेको **ईशा पोल्ट्री फर्म प्रा.लि.** । दर्ता नं. २३७३८५/७६/०७७, दर्ता मिति : २०७७/०३/०९, पान नं. ६०९७५१३०३, दर्ता मिति : २०७७/०३/०९ ठेगाना : रुपन्देही जिल्ला, सैनामैना वडा नं. ८, **संचालक : विष्णु प्रसाद पौडेल**	
व्यक्तिगत जमानतकर्ताहरु	
१. विष्णु प्रसाद पौडेल ना.प्र.नं. ३३०३, जि.प्र.का. अर्घाखाँची जारी मिति : २०६२/०४/०७ बाबु : छविलाल पौडेल बाजे : हुमकान्त पौडेल ठेगाना : अर्घाखाँची जिल्ला, गोखुङ्गा गा.वि.स. वडा नं. ७ हाल : रुपन्देही जिल्ला, बुटवल वडा नं. १३	**२. उषा खनाल** ना.प्र.नं. ४०-०१-६९-००८५२, जि.प्र.का. अर्घाखाँची जारी मिति : २०६९/१२/१४ बाबु : रामलाल खनाल पति : विष्णु प्रसाद पौडेल, ससुरा : छविलाल पौडेल ठेगाना : अर्घाखाँची जिल्ला, धारापानी गा.वि.स. वडा नं. ८ हाल : रुपन्देही जिल्ला, बुटवल वडा नं. १३
३. माधव प्रसाद पौडेल ना.प्र.नं. ४०३०१५/४६६, जि.प्र.का. अर्घाखाँची जारी मिति : २०६३/१०/२३ बाबु : छविलाल पौडेल बाजे : हुमकान्त पौडेल ठेगाना : अर्घाखाँची जिल्ला, मालारानी ९ हाल : रुपन्देही जिल्ला, बुटवल वडा नं. १३	**४. पार्वता पोखेल** ना.प्र.नं. ४०१०२२/९६९, जि.प्र.का. अर्घाखाँची जारी मिति : २०६७/०२/२६ बाबु : रेमलाल पोखेल पति : महेन्द्र पौडेल, ससुरा : छविलाल पौडेल ठेगाना : अर्घाखाँची जिल्ला, खनदह वडा नं. ८ हाल : रुपन्देही जिल्ला, बुटवल वडा नं. १३
५. कल्पना घिमिरे ना.प्र.नं. ४०-०१-७२-०२९७२, जि.प्र.का. अर्घाखाँची जारी मिति : २०७२/०७/२२ बाबु : पिताम्बर घिमिरे पति : माधव प्रसाद पौडेल, ससुरा : छविलाल पौडेल ठेगाना : अर्घाखाँची जिल्ला, खन वडा नं. ९ हाल : रुपन्देही जिल्ला, बुटवल वडा नं. १३	**६. महेन्द्र पौडेल** ना.प्र.नं. ७०३८-१३६४, जि.प्र.का. अर्घाखाँची जारी मिति : २०६४/०८/०४ बाबु : छविलाल पौडेल बाजे : हुमकान्त पौडेल ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३

धितोमा रहेको सम्पतिको विवरण

१. हुमकान्त पौडेलको नाति, छविलाल पौडेलको छोरा, अर्घाखाँची जिल्ला, गोखुङ्गा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल वडा नं. १३ बस्ने महेन्द्र पौडेलको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ स्थित कि.नं. १७९ र १८६ को क्षेत्रफल क्रमशः १६४ (व.मि.) र ११ (व.मि.) को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।

२. धनी यस माछापुच्छ्रे बैंक लि. र ऋणी ईशा पोल्ट्री फर्म प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालय लुम्बिनीमा दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन :
सवारी मोडल : M.BOLEROCMPRSCXLSBPHDWD, सवारी दर्ता नं. : लु ३ च १८८३, Engine No.: TBM1A15184, Chasis No : MA1ZN2TBKM1A15432, सवारी रङ्ग : A to White

३. ऋणी ईशा पोल्ट्री फर्म प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८१/०१/२७ बिहिबार कार्यालय समय सम्म शाखा कार्यालय, बुटवल	२०८१/०१/२८ शुक्रबार दिनको १:३० बजे शाखा कार्यालय, बुटवल

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, बुटवल

स्काउटको जग्गा हडपेर सांसद खड्काले बनाएको संरचनामा प्रशासनको ताला

तेस्रो पक्षलाई भाडा लगाएर मासिक ५० लाख उठाउने खड्काले स्काउटलाई ६ करोड ६२ लाख तिर्न बाँकी



कांग्रेस सांसद दीपक खड्का



कांग्रेस सांसद दीपक खड्काले लैनचौरस्थित हडपेको नेपाल स्काउट केन्द्रीय कार्यालयको जग्गा र भवन बिहीबार राति सिल गर्दै काठमाडौं जिल्ला प्रशासन कार्यालयका कर्मचारी।

तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका



● **हरिप्रसाद शर्मा,** सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं

उहाँहरूलाई विगतमा पनि पटक-पटक ठाउँ खाली गर्न आग्रह गरिएको रहेछ, तर मान्नुभएको रहेनछ। पटक-पटक पूर्वजानकारी पाएर पनि ठाउँ खाली नगरिएको अवस्थामा स्काउटको निर्णयसहितको आग्रहपछि प्रशासनले सिल गरेको हो।

सुवास भट्ट/नयाँ पत्रिका

सत्ता र शक्तिको बलमा कांग्रेस सांसद दीपक खड्काले स्काउटको जग्गा हडपेर भाडामा लगाएको संरचनामा काठमाडौं जिल्ला प्रशासनले ताला लगाएको छ। बिहीबार राति काठमाडौं जिल्ला प्रशासनले प्रहरीको सहयोग लिएर वडा कार्यालयसमेतको रोहवरमा रेस्टुरेन्ट र पार्टी प्यालेसमा सिल गरेको छ। खड्काल्यान्डबाट १५ वर्षदेखि भाडामा लिएर सञ्चालनमा रहेको लैनचौर बैंक्वेट र सँगै जोडिएको माई च्वाइस रेस्टुरेन्टमा ताला लगाइएको छ।

परिषद्को सोमबारको राष्ट्रिय कार्यकारी समिति बैठकले प्रशासनको सहयोग लिएर सिल गर्ने निर्णय गरेको हो। यसबीचमा गृह मन्त्रालयले पनि स्काउटको जग्गा खाली गराउन प्रशासनलाई आदेश दिएको थियो। स्काउट कार्यकारी समिति बैठकको निर्णय बिहीबार बिहान पाएपछि साँझदेखि जिल्ला प्रशासन कार्यालय, काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद शर्माको नेतृत्वमा टोली बैंक्वेट र रेस्टुरेन्ट सिल गर्न खटिएको थियो। टोलीमा महानगरीय प्रहरी वृत्तका डिएसपी सत्यनारायण मण्डल र काठमाडौं महानगरपालिका- २६ का वडाध्यक्ष ख्यामराज तिवारी पनि थिए। टोलीले बैंक्वेट र रेस्टुरेन्टको मूल गेटसहित चारवटा ढोकामा सिल गरेको छ।

काठमाडौं जिल्ला प्रशासनको टोली सिल गर्न जाँदा बैंक्वेटमा वैवाहिक कार्यक्रम चलिरहेको थियो। पार्टी चलिरहेकाले केही समय कुरेर साढे १० बजेतिर बैंक्वेट नै सिल गरिएको हो। सहायक प्रमुख जिल्ला अधिकारी शर्माले स्काउटको कार्यकारी समिति बैठकको निर्णयसहितको अनुरोध प्राप्त भएपछि बैंक्वेट र रेस्टुरेन्ट सिल गरिएको जानकारी दिए। 'उहाँहरूलाई विगतमा पनि पटक-पटक ठाउँ खाली गर्न आग्रह गरिएको रहेछ, तर मान्नुभएको रहेनछ,' उनले नयाँ पत्रिकासँग भने, 'पटकपटक पूर्वजानकारी पाएर पनि ठाउँ खाली नगरिएको अवस्थामा स्काउटको निर्णयसहितको आग्रहपछि प्रशासनले सिल गरेको हो।' सिल गरेसँगै रेस्टुरेन्ट र बैंक्वेटमा अब प्रशासनको निगरानी रहने उनले बताए। यद्यपि, शुक्रबारका लागि बुक भइसकेको विवाह पार्टी भने निगरानीमा चल्न दिने उनले बताए।

पूर्वराज्यमन्त्रीसमेत रहेका खड्काले स्काउटको तीन रोपनी मात्र जग्गा भाडामा लिएका छन्। खड्काको कम्पनी 'खड्काल्यान्ड एन्ड डेभलपमेन्ट प्रालि'ले जग्गा भाडामा लिएको हो। तर, सत्ता र शक्तिको बलमा आसपासको १२ रोपनीमा कब्जा जमाएका छन्। ०६५ देखि भाडामा लिएका जग्गा बीचमा नवीकरणसमेत गर्दा ०७५ मा सम्झौताको अवधि सकिसकेको छ। तर, अदालतबाट आदेश लिएर उनले ती जग्गामा हालसम्म पनि कब्जा जमाइरहेका छन्।

जग्गा खाली गर्न स्काउटले पटक-पटक आग्रह गर्दा पनि उनले अटेरी गर्दै आएका छन्। स्काउटका प्रमुख कार्यकारी रामप्रसाद भट्टराईका अनुसार खड्काल्यान्डले स्काउटलाई तिर्नुपर्ने बक्यौता नै गत चैत मसान्तसम्ममा ६ करोड ६२ लाख रुपैयाँ पुगिसकेको छ। यो ०७५ देखिको हो। 'आठ महिनादेखि त एक रुपैयाँ पनि रकम स्काउटलाई बुझाएको छैन,' उनले भने, 'जति गर्दा पनि नछाडेपछि सिल गर्ने निर्णय गर्न स्काउट बाध्य भएको हो।' स्काउटबाट सम्झौता गरेर लिएको र अवैध कब्जा गरेसमेतका संरचना खड्काल्यान्डले तेस्रो पक्षलाई भाडामा लगाएको छ। त्यसबापत मासिक ५० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्छ। तर, स्काउटलाई मासिक बुझाउनुपर्ने २२ लाख बुझाउन भने आनाकानी गर्दै आएको छ।

सम्झौता अवधि सकिएको, लामो समयदेखि बक्यौता पनि नतिर्ने, उल्टै धाकधम्की र भौतिक आक्रमणमै उत्रिएपछि स्काउटले ठाउँ खाली गर्ने विकल्पमा गएको थियो। यसका लागि गत वर्ष नै रेस्टुरेन्ट र बैंक्वेट खाली गरिदिन सार्वजनिक सूचना निकालेको थियो। काठमाडौं जिल्ला प्रशासनले सिल गरेपछि अब खड्काल्यान्डबाट बक्यौता उठाउने कुरा नै प्रमुख भएको स्काउटका कार्यकारी प्रमुख भट्टराईले बताए।

■ खड्काल्यान्ड हटाएर पोखरी बनाउने महानगरको योजना

काठमाडौं महानगरपालिका पनि उक्त ठाउँ खाली गराउने योजनामा थियो। हाल बैंक्वेट रहेको स्थानमा विगतमा पोखरी रहेको र पुर्जामा पनि पोखरी नै देखिएको वडाध्यक्ष तिवारीले बताए। 'सानोमा हामीले देख्दा पनि त्यहाँ पोखरी थियो। पुर्जामा पनि पोखरी नै छ। यो विषय महानगरमा पनि उठेको छ,' उनले भने, 'यहाँ पोखरी नै बनाउने हाम्रो योजना छ। यो जानकारी स्काउटलाई पनि गराएका छौं।' रेस्टुरेन्ट र बैंक्वेटका प्रबन्ध निर्देशक वीरेन्द्रकुमार श्रेष्ठले भने जिल्ला प्रशासनले विनाजानकारी हठात् सिल लगाएको र यसले आफ्नो व्यवसायमा ठूलो क्षति पुऱ्याएको बताए। 'खड्काल्यान्डबाट भाडामा लिएर यहाँ व्यवसाय चलाएका हौं,' उनले भने, 'खड्काल्यान्ड र स्काउटको कुरा हामीलाई थाहा भएन। प्रशासनले चलिरहेको पार्टी प्यालेसमा सिल लगाउँदा ठूलो क्षति पुगेको छ।' २८ वैशाखसम्म मात्र बैंक्वेटको १३ वटा बुकिङ रहेको र त्यसको एडभान्स पनि लिइसकेको उनले बताए।

मन्त्रीहरूलाई लगाम लगाउँदै एमाले

केन्द्रीय कार्यालयमा नियमित अन्तर्संवाद गराइने



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले मन्त्रीहरूलाई विभागीय काम र समस्यामा केन्द्रित गराउने योजना कार्यान्वयनमा लैजाने तयारी गरेको छ। मन्त्रीहरूले धेरै समय औपचारिक उद्घाटनका कार्यक्रम, अनावश्यक भेटघाटमा खर्चिंदा सरकारको काम र मन्त्रालयको काममा असर पर्न सक्ने भन्दै एमाले केन्द्रीय कार्यालयले उनीहरूलाई विभागीय काम र समस्यामा मात्र केन्द्रित गराउने गरी योजना बनाएको हो।

पार्टी केन्द्रीय कार्यालयले मन्त्रीहरूलाई विभागीय काम र समस्यामा मात्र केन्द्रित गराउने नीतिगत निर्णय गरेपछि केन्द्रीय कार्यालयले पार्टीबाट सरकारमा सामेल मन्त्रीहरूलाई नियमित रूपमा केन्द्रीय कार्यालयमा उपस्थित गराउने गरी कार्यतालिका कार्यान्वयनमा ल्याउने तयारी गरेको छ। जसअनुसार नयाँ वर्षसँगै कुनै न कुनै मन्त्री अनिवार्य रूपमा केन्द्रीय कार्यालय, च्यासलमा उपस्थित हुनेछन्।



● **डा. भीष्म अधिकारी,** सचिव, केन्द्रीय कार्यालय, एमाले

मन्त्रीहरूलाई आफ्ना विभागीय काम र समस्यामा केन्द्रित गराउने गरी पार्टीले नियमित रूपमा पालैपालो केन्द्रीय कार्यालयमा उपस्थित गराउने नीतिगत निर्णय गरेको छ। उहाँहरू कार्यालयमा आएपछि नेताहरूसँग भेटघाट र संवाद गरेर फिडब्याक लिनुहुनेछ। भेट्न चाहने नेता-कार्यकर्तासँग अन्तर्क्रिया गर्ने, सुझाव लिने र कामका विषयमा अन्तर्संवाद र छलफल गर्नुहुनेछ।

२१ फागुनमा एमालेको निर्णायक पहलमा कांग्रेस नेतृत्वको गठबन्धन भत्किएर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार पुनर्गठन भएको थियो। पाँचदलीय समीकरणको अहिलेको सरकारमा एमालेबाट उपप्रधानमन्त्री रघुवीर महासेठले नेतृत्व गरिरहेका छन्। उनको नेतृत्वमा एमालेबाट आठ मन्त्री सरकारमा सामेल छन्। जसअनुसार महासेठ उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात, पदम गिरी कानुन, न्याय तथा संघीय मामिला, ज्वालाकुमारी साह कृषि तथा पशुपक्षी, बलराम अधिकारी भूमि व्यवस्था, दामोदर भण्डारी उद्योग, भगवती चौधरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाजकल्याण, राजेन्द्रकुमार राई खानेपानी तथा सरसफाइ र हरिप्रसाद उप्रेती रक्षामन्त्रीको जिम्मेवारीमा छन्।

सबै मन्त्रीलाई पार्टीको नीतिगत निर्णयअनुसार पालैपालो पार्टी केन्द्रीय कार्यालयमा उपस्थित गराएर विभागीय काम र समस्यामा केन्द्रित गराउने गरी पार्टीले आन्तरिक कार्यतालिका बनाइरहेको केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले बताए। 'मन्त्रीहरूलाई आफ्ना विभागीय काम र समस्यामा केन्द्रित गराउने गरी पार्टीले नियमित रूपमा पालैपालो केन्द्रीय कार्यालयमा उपस्थित गराउने नीतिगत निर्णय गरेको छ, जसअनुसार नयाँ वर्षसँगै कुनै न कुनै मन्त्री अनिवार्य रूपमा केन्द्रीय कार्यालय, च्यासलमा उपस्थित हुनेछन्।

२१ फागुनमा एमालेको निर्णायक पहलमा कांग्रेस नेतृत्वको गठबन्धन भत्किएर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार पुनर्गठन भएको थियो। पाँचदलीय समीकरणको अहिलेको सरकारमा एमालेबाट उपप्रधानमन्त्री रघुवीर महासेठले नेतृत्व गरिरहेका छन्। उनको नेतृत्वमा एमालेबाट आठ मन्त्री सरकारमा सामेल छन्। जसअनुसार महासेठ उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात, पदम गिरी कानुन, न्याय तथा संघीय मामिला, ज्वालाकुमारी साह कृषि तथा पशुपक्षी, बलराम अधिकारी भूमि व्यवस्था, दामोदर भण्डारी उद्योग, भगवती चौधरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाजकल्याण, राजेन्द्रकुमार राई खानेपानी तथा सरसफाइ र हरिप्रसाद उप्रेती रक्षामन्त्रीको जिम्मेवारीमा छन्।

उपस्थित गराउने नीतिगत निर्णय गरेको छ,' उनले भने, 'उहाँहरू कार्यालयमा आएपछि नेताहरूसँग भेटघाट र संवाद गरेर फिडब्याक लिनुहुनेछ। भेट्न चाहने नेता-कार्यकर्तासँग अन्तर्क्रिया गर्ने, सुझाव लिने र कामका विषयमा अन्तर्संवाद र छलफल गर्नुहुनेछ।'

चैत पहिलो साता सम्पन्न केन्द्रीय विभागहरूको संयुक्त बैठकले पार्टीका विभागहरूले नीतिगत कामहरू गरिरहे पनि ती विभाग र मन्त्रालयबीच समन्वय हुन नसकेकाले आगामी दिनमा समन्वयात्मक ढंगले काम गर्ने निष्कर्ष निकालेको थियो। त्यही बैठकमा ओलीले समीकरण फेरिएसँगै कामको प्राथमिकता बदलिएको भन्दै विभागहरूलाई सरकारी मोर्चाको काममा समन्वय गर्ने गरी केन्द्रित हुन निर्देशनसमेत दिएका थिए। त्यसलाई समेत मध्यनजर गर्दै एमालेले मन्त्रीहरूलाई पालैपालो केन्द्रीय कार्यालयमा उपस्थित गराएर काममा केन्द्रित गराउने गरी योजना बनाएको हो।

'केन्द्रीय विभागहरूले पार्टी सत्तामा हुँदा नीतिगत हिसाबले सही काम गर्न र कार्यान्वयन गराउन सहयोगी भूमिका खेल्नुपर्छ, प्रतिपक्षमा हुँदा दबाबको भूमिका खेल्नुपर्छ त्यसैले अहिले भूमिका बदलिएको छ,' ओलीले निर्देशन दिँदै भनेका थिए, 'अहिलेको काम सरकारलाई सफल बनाउने हो, पार्टीबाट सरकारमा सहभागी मन्त्री र अरू मन्त्रीहरूलाई सुझाव दिने, काम गर्न र गराउन समन्वय गर्ने हो।'

पार्टीले बनाएको योजनाले जनताका सरोकारमा केन्द्रित भएर समस्या समाधान गर्न सहजता थपिने मन्त्रीहरूको प्रतिक्रिया छ। 'पार्टीले पालैपालो कार्यालयमा उपस्थित भएर हामीलाई समस्या समाधानमा केन्द्रित गराउन जे-जस्ता योजना बनायो, त्यो एकदम ठीक छ, किनभने हामीले जनताका सरोकार र समस्या सुन्नैपर्ने हुन्छ,' खानेपानीमन्त्री राजेन्द्र राईले भने, 'त्यसले हामीलाई नियमित प्रतिक्रिया र सुझाव प्राप्त हुन्छ, काम गर्न सहजता थपिने गरी सहयोग पुग्नेछ र पार्टीको निर्देशनअनुसार काम गर्न पनि सजिलो हुनेछ।' २५ फागुनमा बालकोटस्थित निवासमै बोलाएर पनि अध्यक्ष ओलीले पार्टीबाट सरकारमा सामेल मन्त्रीहरूलाई बोलाएर अलग्गै निर्देशन दिएका थिए। प्रलोभनबाट जोगिएर देशको हितमा काम गर्न ओलीले सुझाएका थिए।

संक्षेप

विमानभित्र बेवारिसे अवस्थामा एक केजी सुन बरामद

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नयाँदिल्लीबाट आएको इन्डिगो एयरको विमानमा बेवारिसे अवस्थामा एक किलो ७० ग्राम सुन बरामद भएको छ। सिटको पछाडिको भागमा सुन बरामद भएको हो। विमान सफाइ गर्नेक्रममा कर्मचारीले जानकारी गराएपछि प्रहरीले सुन बरामद गरेको हो। विमानको सिट नम्बर २७ को पछाडि तथा सिट नम्बर २८ को अघिल्लो भागमा राखिएको अवस्थामा सुन भेटिएको विमानस्थलका प्रहरी प्रमुख कृष्णहरि शर्माले जानकारी दिए। कालो र सेतो टेपले बेरिएको अवस्थामा बिस्कुट आकारका ६ टुक्रा, तीनवटा सिक्री, सिक्री जोड्ने थप चारवटा टुक्रा बरामद भएको प्रहरीले जनाएको छ। सिट नम्बर २८ मा बस्ने यात्रुको पहिचान गरी प्रहरीले अनुसन्धान गरिरहेको छ। पछिल्लो समय विमानस्थलमा चेकजाँचमा कडाइ गरेपछि कसैले डरले सुन छाडेको हुन सक्ने प्रहरीको आशंका छ। विगतमा विमानमा सफाइ गर्ने कर्मचारीसँग मिलेरसमेत सुन तस्करी भएका छन्।

बाटोमा हराएको १७ लाख सम्बन्धित धनीलाई बुझाइयो

कास्की/ बाटोमा हराएको १७ लाख रुपैयाँ फेला पारी प्रहरीले सम्बन्धित धनीलाई बुझाएको छ। बिहीबार दिउँसो साढे १ बजे पोखरा महानगरपालिका- ८ पृथ्वीचोकस्थित माताश्री ज्वेलर्सबाट एक कालिगढले बैंकमा जम्मा गर्न लगेको १७ लाख हराएपछि प्रहरीले फेला पारी सम्बन्धित धनीलाई बुझाएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले जानकारी दिए। ज्वेलर्समा काम गर्ने ४३ वर्षका मनोहर पवँरले पोखरा- ९ नयाँबजारस्थित कृषि विकास बैंकमा जम्मा गर्न भनी मोटरसाइकलको लेगार्डमा कालो रङको झोलाभित्र पैसा राखी लैजाँदै गर्दा बाटोमा हराएको थियो। १७ लाख रुपैयाँ हराएको भन्ने सूचना पाएसँगै जिल्ला प्रहरी कार्यालय कास्कीबाट शर्माको कमान्डमा र मातहत प्रहरी कार्यालयबाट टोली खटिएको थियो। प्रहरी टोलीले खोजतलास गर्दै जाँदा भारत घर भई हाल पोखरा- ३ पालिखे चोक बस्ने वर्ष ६५ का छोटुलाल शर्माले फेला पारेको सूचना पाएको थियो। त्यसैलाई पट्याएर गएको प्रहरी टोलीले सो रकम छोटुलालको रोहवरमा ज्वेलर्सका सञ्चालक उद्धवकुमार सुनारलाई बुझाएको प्रहरीले जनाएको छ।

आगलागीले १० बिघाको गहुँ नष्ट



कञ्चनपुर/ कञ्चनपुर दोधाराचाँदनी नगरपालिका- ७ बाबाथानमा गहुँखेतमा आगलागी हुँदा १० बिघा खेतको गहुँ नष्ट भएको छ। हावाहुरीले रुखको हाँगा विद्युत्को तारमा खस्दा विद्युत् तार चुँडिएर बिहीबार दिउँसो गहुँखेतमा आगलागी भएको हो। दोधाराचाँदनी नगर प्रवक्ता ओम बस्नेतका अनुसार आगलागीबाट १३ स्थानीयको १० बिघा गहुँखेत जलेर नष्ट भएको छ। पाकेको गहुँमा आगलागी हुँदा साढे पाँच लाखबराबरको क्षति भएको उनले जनाए। वीरसिंह सुनारको ६ कट्ठा तथा चन्द्रबहादुर सुनार, सुमन सुनार, भीम सुनारको १०-१० कट्ठा, पदम सुनार, सुशील रानामगर, विनोद मगर, कैसाल सुनारको पाँच-पाँच कट्ठा, सञ्जु ठाकुर, सन्त सारूमगरको १५-१५ कट्ठा, उज्ज्वल बरालको डेढ बिघा र लालबहादुर पुनमगरको साढे दुई बिघा खेतको गहुँ जलेर नष्ट भएको हो। गहुँखेतीमा आगो लागेपछि दमकल र सुरक्षाकर्मीले आगो निभाएका थिए।

मोरङमा प्रदर्शन र सभा-सम्मेलन गर्न रोक



विराटनगर/ मोरङमा प्रशासनले कुनै पनि प्रदर्शन र सभा-सम्मेलन गर्न रोक लगाएको छ। साम्प्रदायिक सद्भावलाई कायम राख्न राजनीतिक र धार्मिक प्रदर्शन, सभा-सम्मेलन गर्न प्रशासनले अनिश्चितकालका लागि रोक लगाएको हो। जिल्ला प्रशासन मोरङले बिहीबार सार्वजनिक सूचना जारी गर्दै अर्को सूचना नभएसम्म कुनै पनि धार्मिक प्रदर्शन र राजनीतिक सभा-सम्मेलनजस्ता गतिविधि गर्न रोक लगाएको हो। रामनवमीमा कलश यात्रा निकाल्ने क्रममा विराटनगर महानगरपालिका-१५ मा स्थानीयबीच विवाद बढ्दै जाँदा झडप भएको थियो। जसकारण बुधबार विराटनगरको रानी क्षेत्रको अवस्था तनावपूर्ण बनेको थियो। झडपमा आठ प्रहरीसहित केही स्थानीय घाइते भएका थिए। परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीले दुई दर्जन अश्रुग्यास प्रयोग गरेको थियो। स्थानीयका अनुसार विराटनगर महानगरपालिकाको १५ र १७ वडा नम्बरको बीचमा कलश यात्रालाई एउटा समूहले अवरोध गरेपछि विवाद बढेको थियो। विवाद बढेपछि प्रहरीले कलश यात्राको रुट परिवर्तन गर्न आयोजकलाई आग्रह गरेको थियो। तर, कलश यात्रा पुरानै रुटबाट लिएर जाँदा दुई पक्षबीच झडप भएको थियो।

नीलकण्ठसँग मर्ज गरिएपछि आन्दोलनमा उत्रिए बालमन्दिर माविका अभिभावक र विद्यार्थी

धादिङमा **अर्जुन श्रेष्ठ**

नीलकण्ठ नगरपालिका- ३ धादिङबेंसीमा रहेको बालमन्दिर माध्यमिक विद्यालयलाई समायोजन गर्न खोजेको भन्दै अभिभावक र विद्यार्थी आन्दोलित बनेका छन्। धादिङका चर्चित र धेरै संख्यामा विद्यार्थी रहेको नीलकण्ठ मावि, बालमन्दिर माविसहित तीन सामुदायिक विद्यालय समायोजन गरी शैक्षिक क्षेत्रलाई अस्तव्यस्त बनाउन खोजेको भन्दै अभिभावकहरूले विरोध गरेका हुन्।

ठूलो संख्यामा विद्यार्थी रहेको बालमन्दिर माध्यमिक विद्यालयलाई छलफल र जानकारीविनै अर्को विद्यालयमा गरेको समायोजनले विद्यालयको अस्तित्व गुम्ने र शिक्षाको गुणतर खस्किने भन्दै अभिभावक र विद्यार्थी आन्दोलनमा उत्रेका हुन्। बालमन्दिर माध्यमिक विद्यालय पहिलेकै अवस्थामा सञ्चालनमा ल्याउन लागिपरेको बालमन्दिर शिक्षक अभिभावक संघका अध्यक्ष दीपक अधिकारीले बताए।

सामुदायिक विद्यालयमा पढिरहेका बालबालिकालाई निजी विद्यालयमा पठाउने षड्यन्त्र रहेको उनले बताए। 'म बालमन्दिर विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष हुँ। तर, विद्यालय मर्ज भएको मलाई नै थाहा छैन। म मात्र होइन, बालमन्दिर माध्यमिक विद्यालयका धेरै शिक्षक, अभिभावक तथा विद्यार्थीलाई जानकारी छैन,' उनले भने, 'कति अभिभावकले छोराछोरीलाई विद्यालयमा भर्ना गर्न जाँदा विद्यालय अन्तै गाभिएको जानकारी पाए। केही विद्यार्थीलाई त साथीभाइले अब नीलकण्ठमै पढ्ने त हो नि भनेपछि थाहा पाए। सीमित मानिसहरूको राजनीतिका लागि ११ सय विद्यार्थीको भविष्यसँग खेल्न मिल्छ ?'

नीलकण्ठ नगरपालिकाले ११ वैशाखसम्म विद्यालय समायोजन गरेको निर्णय बदर नगरे चरणबद्ध रूपमा आन्दोलन गर्ने अधिकारीले बताए। 'यदि ११ वैशाखसम्म दिइएको अल्टिमेटम समयमै पूरा नभए १२ गतेबाट नगरपालिकामा आमरण अनशन बस्छौं। अनशन बस्दा भएको क्षति नीलकण्ठ नगरपालिकाले व्यहोर्नुपर्ने हुन्छ,' उनले भने, 'त्यति गर्दा पनि माग पूरा नभए कानुनी ढोका ढकढकाउन बाध्य हुन्छौं। शिक्षामन्त्री सुमना श्रेष्ठसँग पनि कुरा भइरहेको छ। स्थानीय सरकारले बालमन्दिर माध्यमिक विद्यालयको अस्तित्व बचाउन सहयोग गर्ने विश्वास छ।'

आन्दोलनमा उत्रिएका अभिभावक, विद्यार्थीले नाराबाजी गर्दै जिल्ला सदरमुकाम धादिङबेंसी बजारमा परिक्रमा गरी नीलकण्ठ नगरपालिका कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ र जिल्ला प्रशासन कार्यालय धादिङमा नगरपालिकाले गरेको विद्यालय समायोजनको निर्णय फिर्ता गर्न र गराउन माग राख्दै ज्ञापनपत्र बुझाएका छन्। नयाँ वर्षकै अवसर पारेर नीलकण्ठ नगरपालिकाको शिक्षा समितिले गत ३० चैतमा नगरपालिकाभित्र रहेको धादिङबेंसीका चर्चित दुई ठूला नीलकण्ठ माध्यमिक विद्यालय र बालमन्दिर माध्यमिक विद्यालयसहित इजारा आधारभूत विद्यालयलाई समायोजन गरेको हो। नीलकण्ठ माध्यमिक विद्यालयमा करिब २७ सय, बालमन्दिरमा करिब ११ सय र इजारा आधारभूत विद्यालयमा करिब ७५ जना विद्यार्थी छन्।

नीलकण्ठ बालमन्दिर माध्यमिक विद्यालय भनेर नामकरण गर्ने प्रस्ताव गरिएको समायोजनपछिको विद्यालयमा यी तीन विद्यालयका विद्यार्थीबाहेक बाहिरबाट आएका बालकक्षादेखि कक्षा ९ सम्म तीन सय २५ जनासम्म मात्र भर्ना गर्न सकिने भनेर कोटा निर्धारण गरी नगरपालिकामा जनशक्ति व्यवस्थापनका लागि पठाइएको हालको नीलकण्ठ माध्यमिक विद्यालयका प्रधानाध्यापक ध्रुव अधिकारीले बताए। नयाँ विद्यार्थीका लागि प्रवेश परीक्षा शुक्रबार लिने तयारी छ। हालसम्म पाँच सयको हाराहारीमा विद्यार्थीले आवेदन दिएको उनको भनाइ छ।



नीलकण्ठ नगरपालिका- ३ धादिङबेंसीमा आन्दोलित बालमन्दिर माध्यमिक विद्यालयका अभिभावक तथा विद्यार्थी बिहीबार जिल्ला प्रशासन कार्यालयअगाडि नाराबाजी गर्दै।

भानुजन माविमा विद्यार्थीको आकर्षण

ताप्लेजुङमा केशवप्रसाद भट्टराई

फुङलिङ नगरपालिकास्थित भानुजन माध्यमिक विद्यालय अहिले अभिभावक र विद्यार्थीको आकर्षण बनेको छ। शिक्षण सिकाइको स्तर वृद्धि र उपलब्धिमूलक नतिजाकै कारण पछिल्लो समय भानुजन सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण बढ्दै गएको हो।

भानुजन माविमा २ वैशाखदेखि भर्ना अभियान सुरु भएको छ। विद्यालयले 'सबै बालबालिकाको विद्यालयमा सहभागिता : गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नाराका साथ नयाँ शैक्षिक सत्रका लागि भर्ना अभियान सुरु गरेको हो। भर्ना अभियान सुरु भएको दिनदेखि विद्यालयमा आफ्ना सन्तानको भर्ना नपाइने हो कि भन्ने चिन्ताले कतिपय अभिभावकले नेता र सांसदलाई भनसुनका लागि फोन गर्न थालेका छन्। आफ्नो सन्तान भर्ना गराउन भानुजन मावि पुगेका एक अभिभावनले पठनपाठन व्यावहारिक र उपलब्धिमूलक भएकाले आफूले यही विद्यालय रोजेको बताए। उनी छोरीलाई कक्षा ८ मा भर्ना गर्न पुगेका थिए।

भानुजन माविका प्रधानाध्यापक किशोर राईले नयाँ भर्नाका लागि आवेदन दिनेको संख्या उल्लेख्य मात्रामा रहेको बताए। आगामी ८ वैशाखसम्म आवेदन दिन सकिने भएकाले संख्या धेरै हुने अनुमान गरे। ९ वैशाखपछि आवेदन बन्द गरिने र छानेर मात्र करिब चार सय विद्यार्थीलाई भर्ना लिने उनको भनाइ छ। फुङलिङ नगरपालिकाले शिक्षक दिन उदासीनता देखाएकाले चार सय मात्र नयाँ भर्ना लिने निर्णय गरेको राईले जानकारी दिए। ताप्लेजुङमा तीन सय ३१ वटा सामुदायिक विद्यालय सञ्चालित छन्। जसमध्ये हजारभन्दा बढी विद्यार्थी हुने विद्यालय दुईवटा मात्र छन्। सिनाम माध्यमिक विद्यालय र भानुजन माध्यमिक विद्यालय हुन्। जिल्लाका ६१ माध्यमिक विद्यालयमा सयहाराहारीमा पनि विद्यार्थी छैनन्। तर, भानुजन माविले भने विद्यार्थीको भिड थाम्न नसकेर भर्ना अभियान नै सीमित समयका लागि खुलाएको जनाएको छ।

करदातालाई प्रताडना

कानुनी प्रावधान र न्यायिक मान्यताविपरीत कर प्रशासनले 'नक्कली बीजक'का नाममा धेरै करदातालाई प्रताडित गर्ने गरी कर निर्धारण गरिरहेको छ



● शरदप्रसाद कोइराला

अग्रलेख

करसम्बन्धी कानुनमा कारोबारसम्बद्ध कुनै वस्तु वा सेवा वा दुवैको संयोजन खरिद वा बिक्री गर्दा निश्चित कागजात प्राप्त वा जारी गर्नुपर्ने र सोको कानुनमा तोकिएबमोजिम अभिलेख राख्नुपर्ने प्रावधान छ। करदाताले खरिद गरेको वस्तु खरिद खातामा प्रविष्ट गरेपछि त्यो उसको व्यापारिक मौज्दात वा सम्पत्ति हुने गर्छ। सम्पत्तिको हकमा करदाताले व्यावसायिक कारोबारमा प्रयोग गरेको भए सोको भौतिक अस्तित्व प्रमाणित हुनुपर्ने हुन्छ। उक्त सम्पत्तिको उपयोगिता समाप्त भएको वा कुनै कारणले नष्ट वा बिक्री भए सो अवस्थालाई पुष्टि गर्नुपर्ने हुन्छ। व्यापारिक मौज्दातको हकमा बिक्री भएको वा मौज्दातमा रहेको वा दैवी दुर्घटनामा परी नोक्सानी/नष्ट भएमा कर प्रशासनसमक्ष निवेदन दिई नष्ट भएको वा नोक्सानी भएको प्रमाणीकरण गराउनुपर्ने कानुनी व्यवस्था छ।

पछिल्लो समय, दुई हजारभन्दा बढी करदातालाई आयकरतर्फ 'खर्चकट्टी' र मूल्य अभिवृद्धि करतर्फ 'करकट्टी'को सुविधाको उपयोग झुटा तथा नक्कली बीजकको आधारमा गरेको आरोप लगाई कर प्रशासनले कर निर्धारणको कारबाही चलाएको विषय सर्वत्र चर्चामा छ। हाल कारबाही चलाइएको विषय धेरै वर्षअघिको कारोबारको भएकाले करदातासँग कारोबारसम्बद्ध कागजात नभएको अवस्था छ। आयकर ऐन, २०५८ दफा ८१(२) मा कारोबारसम्बद्ध कागजात कर प्रशासनले अन्यथा सूचना दिएकोमा बाहेक आय वर्ष समाप्त भएको मितिले पाँच वर्षसम्म मात्रै सुरक्षित राख्नुपर्ने प्रावधान छ। मूल्य अभिवृद्धि कर नियमावली, २०६४ को नियम २३(७) मा कारोबारका अभिलेख ६ वर्षसम्म मात्रै सुरक्षित राख्नुपर्ने प्रावधान छ। धेरै करदाताले कानुनतः कागजात सुरक्षित राख्नुपर्ने अवधि व्यतीत भई कागजात धुल्याई सकेको अवस्था छ। करदाताले खरिद वास्तविक भएको प्रमाणित गर्ने कानुनसम्मत आधार एवं प्रमाण प्रस्तुत गर्दासमेत कर प्रशासनले त्यसलाई जानकारीमा लिने, मूल्यांकन गर्ने र मान्यता दिने नगरी कर निर्धारणको डन्डा चलाउन उद्यत् भएको कर प्रशासनको कार्यशैलीबाट देख्न सकिन्छ।

नक्कली बीजकको बिल्ला भिराई हालै मात्र भएका कारबाही केवल प्रक्रिया पूरा गर्ने र कर निर्धारण गर्ने मनसाययुक्त देखिन्छन्। पहिलो चरणमा नक्कली बीजकको कारोबारको शंकामा रहेका करदातालाई कारोबारको कागजात पेस गर्न लगाउने तथा बयान लिने र त्यसपछि कर निर्धारण किन नगर्ने भनी १५ दिने सूचना जारी गर्ने अनि कर निर्धारण गर्ने कार्य आन्तरिक राजस्व कार्यालयलगायत कर प्रशासनको पहिलो तहबाट भइरहेको छ। करदाताले जे-जस्तो कानुनी आधार र प्रमाण पेस गरे पनि त्यसको कुनै मूल्यांकन नगरी कारबाही गरिएको छ। कर प्रशासनको कारबाही शैली र निर्णयमा प्रयुक्त आधारलाई नियाल्दा नक्कली बीजकको सम्बन्धमा कर प्रशासनको कारबाही झाराटराइ र निर्णय पूर्ण रूपमा निर्देशित र यान्त्रिक रहेको स्पष्ट हुन्छ।

आन्तरिक राजस्व विभागले नक्कली बीजकको कारबाहीमा परेका करदाताको कारबाहीको स्रोत नक्कली बीजकको कारोबार गर्नेहरूको रूपमा तयार सूचीलाई बनाएको देखिन्छ। सो सूचीमा रहेका फर्म, कम्पनी वा व्यक्तिसँगका सबै कारोबार वास्तविक नभएकाले त्यस्ता करदातासँग भएका खरिदलाई कारबाहीको दायरामा ल्याउन कर अधिकारीलाई निर्देश रहेको छ। विभागबाटै कारबाही गर्नू भनी लेखी आएकाले आफूहरूले केही गर्न नसक्ने कर अधिकृतहरूको भनाइ रहने गरेको छ। यसैकारण कर निर्धारणको कारबाही गर्ने अधिकारीबाट नक्कली बीजक र जालसाजीजस्ता बनीबनाउ शब्द प्रयोग गरी कर निर्धारणको कारबाही र निर्णयहरू भइरहेका छन्।

नक्कली बीजकको कारोबार सम्बन्धमा करदाताले जुन विक्रेतासँग खरिद गरेको हो, सोको खरिद वा उत्पादनलगायत कारोबार प्रमाणित छैन, त्यसकारण विक्रेताको खरिद वा उत्पादन प्रमाणित नभएपछि खरिदकर्ताको खरिद पनि प्रमाणित हुन सक्दैन भन्ने रेडिमेट आधारलाई कर प्रशासनले प्रस्तुत गरेको पाइन्छ। यस्तो सैद्धान्तिक आधारमा कर निर्धारणका निर्णय भएका छन्। कर प्रशासनको उक्त सैद्धान्तिक आधारविरुद्ध करदाताले निजको खरिद वास्तविक भएको प्रमाणित गर्ने वस्तुगत अभिलेखमा आधारित विवरण, व्यापारिक मौज्दात र बिक्रीसमेतका कारोबार प्रस्तुत गरेका छन्। बिक्री गरेको प्रमाणित हुन्छ भने खरिद किन प्रमाणित नहुने भन्ने करदाताको जायज र वस्तुनिष्ट प्रस्टीकरणमा निरुत्तरित रही कर प्रशासनले धमाधम कर निर्धारण गरिरहेको छ।

नक्कली बीजकको कारोबार सम्बन्धमा अहिलेसम्म निकै सानो संख्यालाई मात्र कारबाही भएको छ। कारबाही हुँदै जाँदा सबै दायरामा आउलान्, तर प्रश्न कति संख्यालाई कारबाही हुन्छ भन्ने होइन, कारबाही कानुनसम्मत, विवेकयुक्त र न्यायको मान्य सिद्धान्तअनुसार हुन्छ कि हुँदैन भन्ने हो। कर प्रशासनले कर निर्धारण गर्नुअगावै करदातालाई कर निर्धारण गर्नुपर्ने आधार कारण र प्रमाणसमेत खुलाई त्यसमा लागू हुने कानुनी प्रावधानसमेत उल्लेख गरी सूचना दिनुपर्ने हुन्छ। कर प्रशासनबाट हुन सक्ने सम्भावित कारबाहीमा करदाता प्रस्ट भई आफ्नो जवाफ पेस गर्न सक्षम होस् भनी कर निर्धारण हुनुअगावै सूचना दिनुपर्ने बाध्यात्मक कानुनी प्रावधान हो। यसलाई प्राकृतिक न्यायको सिद्धान्तले समेत समर्थन गर्छ।

राज्यको निकायबाट कारबाहीका निम्ति जारी गरिएको सूचना जानकारीको हिसाबले पर्याप्त र समयको



हिसाबले उचित हुनुपर्ने हुन्छ, ताकि सम्बद्ध व्यक्तिले सम्भावित कारबाहीको सम्बन्धमा पूर्ण रूपमा आफ्नो स्पष्टीकरण पेस गर्न सकोस्। त्यसरी दिइएको सूचनामा करदाताबाट पेस भएको प्रमाणको गम्भीर कानुनी परीक्षण न्यायिक विवेक प्रयोग गरी गर्नुपर्ने हुन्छ। यसको कारबाही एवं निर्णयमा न्यायिक विवेक प्रयुक्त भएको प्रमाणित हुनुपर्ने न्यायिक मान्यता रहेको छ। यसलाई पर्चा खडा गरी वा टिप्पणी उठाई गर्ने मान्यताभन्दा माथि राखिएको छ। अदालतबाट स्थापित नजिरले यसलाई अदालतको फैसलासरहको विशेषता र गुणको अपेक्षा गर्छ।

> कर प्रशासनको कारबाही शैली र निर्णयमा प्रयुक्त आधारलाई नियाल्दा नक्कली बीजकको सम्बन्धमा कर प्रशासनको कारबाही झाराटराइ र निर्णय पूर्ण रूपमा निर्देशित र यान्त्रिक रहेको स्पष्ट हुन्छ

हाल नक्कली बीजकको सम्बन्धमा कर प्रशासनबाट भइरहेका कारबाहीका केही निर्णय अध्ययन गर्ने हो भने कर प्रशासनबाट प्रमाणको युक्तिसंगत मूल्यांकन, पेस भएको प्रमाण र आधारको गम्भीरतापूर्वक मनन र न्यायिक विवेकजस्ता अपेक्षित र अपरिहार्य गुण, विशेषताको सर्वथा अभाव रहेको अनुभूति हुन्छ। कर प्रशासनले निष्पक्ष विवेक भन्दा पनि विभागीय निर्देशनलाई परिपालना गरिरहेको छ। कर निर्धारणमा यान्त्रिक विधिले स्थान लिएपछि न्यायिक विवेकको कुनै स्थान हुने भएन। कर निर्धारणको कारबाहीमा प्रमाणको मूल्यांकन, दोहोरा कर लाग्ने अवस्था, कारोबारको गोपनीयता, करदाताको कर्तव्य र जवाफदेहिता, करदाताको निर्दोष पक्षको स्वरूपलगायत कानुनी प्रावधान, न्यायिक मान्यता र राज्य प्रणालीबाट हुने कारबाहीमा वैद्य अपेक्षा सबैलाई तिलाञ्जली दिइएको पाइन्छ।

नक्कली बीजकबाट वस्तु खरिद गरेको हुँदैन, केवल मूल्य अभिवृद्धिकरमा करकट्टी गर्न र आयकरतर्फ खर्चकट्टी गर्न यस्तो बीजक प्रयोग भएको भन्ने तर्क दिएर कर प्रशासनले कर निर्धारणको कारबाही गरेको छ। करदाताको बिक्रीबाट नक्कली कारोबार गरेको भनिएको बीजकबमोजिमको वस्तु खरिद गरेको प्रमाणित हुन्छ। करदाताले नक्कली बीजकबाट खरिद गरेको वस्तु गणना नगर्ने हो भने निजको बिक्री गरेको मौज्दात र सो वर्षको अन्तिममा रहेको मौज्दात नै पुग्दैन। यस अवस्थामा बीजक मात्र लिई कर दायित्वलाई प्रभावित गरेको, वस्तु प्राप्त नगरेको भन्ने कर प्रशासनको भनाइ अन्यथा प्रमाणित हुन्छ। यसबाहेक, कतिपय करदाताले निश्चित संरचना निर्माणको कार्य गरेका छन्। नक्कली बीजकको आक्षेप लगाइएको वस्तुलाई मान्यता नदिँदा यी करदाताले निर्माण गरेको संरचना नै निर्माण हुन सक्दैन। यसतर्फ कर प्रशासनले विचार गर्न नचाहने विडम्बनापूर्ण स्थिति छ।

वस्तु खरिदको कारोबार गर्नेलगायत सबै करदाताका व्यापारिक मौज्दातको निश्चित कानुनी प्रावधान र लेखामानको मान्य सिद्धान्त रहेको हुन्छ। करदाताको सम्बन्धित आय वर्षको सुरु मौज्दात र सो वर्षमा खरिद गरेको मौज्दात निज करदाताको कुल बिक्री गर्न सक्ने परिमाण वा मौज्दात हो। यस कुल मौज्दातको परिमाणबाट सो आर्थिक वर्षमा बिक्री भएकोबाहेक अन्य सबै मौज्दात अन्तिम मौज्दातका रूपमा अर्को वर्षमा सर्दै जान्छ। नक्कली बीजकको खरिदको परिमाणलाई अमान्य गर्दा करदाताको बिक्री र अन्तिम मौज्दातको परिमाण नै पुग्दैन भने बीजकबमोजिम वस्तु प्राप्त नगरेको भन्ने कर प्रशासनको आरोप तथ्यपरक नभएको प्रमाणित हुन्छ।

व्यापारिक मौज्दात खरिद गरेको करदाताले खरिद खातामा प्रविष्ट गरेपछि उक्त खरिद व्यापारिक मौज्दातमा गणना हुन्छ। उक्त व्यापारिक मौज्दातले तीन प्रकारको अवस्था प्रमाणित गर्नुपर्ने हुन्छ। व्यापारिक मौज्दातबाट बिक्री भएको हुनुपर्छ वा प्राकृतिक वा दैवी वा अन्य कुनै कारणले क्षति भएमा कर प्रशासनमा निवेदन गरी प्रमाणीकरण गराउनुपर्ने हुन्छ। यी अवस्था नभएमा करदाताले मौज्दातमा रहनुपर्ने हुन्छ। कर प्रशासनले चाहेमा त्यसलाई व्यापारिक मौज्दात गणना गर्न सक्छ। त्यसरी गणना गर्दा मौज्दात बढी भएमा कानुनमा व्यवस्था भएबमोजिम मौज्दात आम्दानी बाँध्ने र घटी भएमा बिक्री भएको मानी कर निर्धारण हुन्छ।

विद्यमान कर कानुनले प्रत्येक कारोबारमा बीजक जारी गर्नुपर्ने र प्रत्येक बीजक अभिलेखमा प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले मासिक रूपमा कर विवरण र वार्षिक रूपमा आय विवरणद्वारा राज्यलाई कारोबारको जानकारी दिन्छ। प्रत्येक कारोबारको बीजक, तदनुसारको अभिलेख, मासिक र वार्षिक रूपमा गरिएको विवरणले प्रमाणित कारोबारलाई अन्यथा भन्न मिल्ने हुँदैन। कानुनमा प्राप्त गर्नुपर्ने कागजात, राख्नुपर्ने अभिलेख र दिनुपर्ने विवरणले कारोबारलाई प्रमाणित गर्ने भएकाले विधायिकाले यसप्रकारको कानुनी व्यवस्था गरेको हो। नियमित कारोबारबाट प्रमाणित र सम्पुष्टि भएको तथ्यलाई इन्कार गर्न मिल्ने हुँदैन।

भवन, पूर्वाधार वा जडान गर्ने करदाताको हकमा उक्त भवन वा पूर्वाधारमा प्रयुक्त भएका निर्माण सामग्रीको गणनाले समेत बीजकबमोजिम वस्तु खरिद भए वा नभएको प्रमाणित हुने व्यवस्था हुन्छ। कतिपय करदाताले आफूले आपूर्ति गरेको वस्तु भौतिक रूपमा मापन योग्य र गणना हुन सक्ने जिकिर गरेको अवस्थामा समेत कर प्रशासनले तत्सम्बन्धी अभिलेख बुझ्ने र गणना गर्नेतर्फ कारबाही नै गरेको देखिँदैन। कारबाहीको दायरामा परेको करदाताको आपूर्ति सरकारी निकायमा भई सरकारी निकायबाट आपूर्तिबापत स्रोतमा करकट्टी र भुक्तानीसमेत गरेको पाइन्छ। त्यसरी सरकारी निकायलाई बिक्री गर्ने प्रयोजनार्थ गरिएको खरिदसमेत वास्तविक रूपमा वस्तु प्राप्त नगरी नक्कली बीजक लिएको भन्ने कर प्रशासनको मान्यतालाई कसरी लिने ? यसबाट कानुनको शासनमा पूर्वानुमानयोग्य कानुनी वातावरण प्रतिकूलको अवस्था सिर्जना भएको छ।

नक्कली करसम्बन्धी कारबाहीमा आधार लिइएका बीजक नेपालको कानुनबमोजिम सरकारी कार्यालयमा दर्ता भएका फर्म एवं कम्पनीबाट जारी भएका बीजक हुन्। यी फर्म एवं कम्पनीको आयकर कानुनबमोजिम स्थायी लेखा नम्बर प्राप्त गरी मूअक प्रयोजनार्थ दर्ता भएका छन्। राज्यले कारोबार गर्न अनुमति दिएको संस्थासँग भएको कारोबार वैध हुन्छ भन्ने आम मानिसको सामान्य बुझाइ र मान्यता रहन्छ। बजारमा वस्तु खरिद गर्ने व्यक्तिले बिक्रेताले करको प्रावधान परिपालना गरेको छ-छैन, दर्ता वैध हो वा होइन भनी हेर्ने पहुँच हुन सक्दैन। यदि विक्रेताको दर्ता वा कारोबार नियमित छैन भने कसुर सोही हदसम्म सीमित हुन्छ। निजसँग वैधताको अपेक्षासाथ सामान्य रूपमा खरिद गर्ने व्यक्तिलाई कारबाही गर्न मिल्दैन। खरिदकर्ता निर्दोष हुने कानुनको सामान्य मान्यता छ। यी सबै वास्तविकता, कानुनी प्रावधान र न्यायिक मान्यताप्रतिकूल कर प्रशासनले धेरै करदातालाई प्रताडित गर्ने गरी कर निर्धारणको आतंक चलाइरहेको छ।

(कोइराला वरिष्ठ अधिवक्ता हुन्)

---

३ प्रश्न

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक **दीपक शर्मा**लाई



■ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या र आकर्षण बढेको हो ?

देशभरिको अवस्था हेर्दा केही सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढी छ। यस वर्ष बालविकास तहमा पनि करिब ७ लाख विद्यार्थी थपिने अनुमान छ भने सामुदायिक विद्यालयका अन्य कक्षामा पनि विद्यार्थीको संख्या बढ्ने अनुमान छ। समग्रमा यसपटक विद्यार्थीको संख्या बढ्ने अनुमान भए पनि अहिल्यै यकिन भन्न सकिन्न।

■ सामुदायिक विद्यालय सुधार्न सबैभन्दा बढी भूमिका कसको हुन्छ ?

यसमा सबैको भूमिका रहन्छ- विद्यार्थी, अभिभावक, सरकारी निकाय। यद्यपि पछिल्ला तथ्यांक हेर्दा सामुदायिक विद्यालयमा आमूल परिवर्तन आएको छ। ५/६ वर्षपहिले बन्द हुने अवस्थामा रहेका कतिपय सामुदायिक विद्यालयमा अहिले विद्यार्थी संख्या खचाखच छ। यसपटक विद्यार्थीको संख्या थप बढ्ने अनुमान छ किनभने सामुदायिक विद्यालयमा आमअभिभावकको आकर्षण बढेको छ। सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण हुनुको कारण शिक्षा सेवा आयोगले नयाँ शिक्षक भर्ना गर्नु, प्रविधिमैत्री पठनपाठन सञ्चालन गर्नु, सहुलियतमा पठनपाठन गराउनु, नयाँ पुस्ताका शिक्षकको संख्या धेरै हुनुलगायत हुन्।

■ सामुदायिक विद्यालयमा विद्यार्थीलाई थप आकर्षित गर्न के गर्नुपर्ला ?

विद्यार्थी आकर्षित गर्न सामुदायिक विद्यालयलाई स्थानीय तहले पनि सुधार गरिरहेका छन्। कतिपय जिल्लाको अवस्था हेर्दा सामुदायिक विद्यालयले निजीलाई चुनौती दिइरहेको पाइन्छ। काठमाडौंमै निजीलाई सामुदायिक विद्यालयले टक्कर दिन थालेका छन्। उपत्यकाबाहिर त धेरै सामुदायिक विद्यालय अब्बल बनिसकेका छन्। उहाहरणका लागि रुपन्देही, मोरङ, कास्कीलगायत जिल्लाका विद्यालयलाई हेरे पुग्छ। अब सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण थप बढ्छ किनभने संघ र स्थानीय सरकारको लगानी यसैमा छ।

प्रेरक प्रसंग

आफूभित्रको विष

नवविवाहिता लिली र उनकी सासूबीच बिहेको केही दिनपछि नै खटपट सुरु भयो। अवस्था मारपिटसम्म पुग्यो। लिली सासूबाट छुट्कारा पाउन माइतीगाउँकै एक चिनेजानेका वैद्यकहाँ पुगिन्। उनले वैद्यसँग आफ्नो समस्या बताउँदै सासूबाट छुटकारा पाउन चाहेको बताइन्। वैद्यले भने- छोरी, म तिम्रो मद्दत अवश्यै गर्नेछु। तर, म जे-जे भन्छु। तिमीले त्यो पालना गर्नुपर्छ, अन्यथा तिमी झमेलामा फस्नेछ्यौ। वैद्यले जडीबुटीले भरिएको एउटा बट्टा लिलीलाई दिँदै भने- तिम्री सासूलाई मार्न कडा विष प्रयोग गर्दा तिमीमाथि शंका हुन्छ। त्यसैले, यी जडीबुटीले तिम्री सासूको शरीरमा भित्रैदेखि विष पैदा गर्छन् र सात-आठ महिनामा उनको मृत्यु हुन्छ। तिमीले हरेक दिन मिष्ठान्न तयार गरेर सासूलाई यीमध्ये एउटा जडीबुटी हालेर खुवाउनू। उनको राम्रो हेरचाह गर्नू। भुलेर पनि उनीसित झगडा नगर्नू। यति गर्‍यौ भने उनको मृत्युमा तिमीमाथि शंका हुनेछैन।

लिली वैद्यलाई धन्यवाद दिएर जडीबुटी लिएर फर्किइन्। उनले सासूका हरेक कुरा ध्यानपूर्वक सुन्न थालिन्। मिठा-मिठा खानेकुरा तयार गरेर खुवाउन थालिन्। रिस उठे पनि शान्त रहिन्। बिस्तारै घरको माहोल फेरिँदै गयो। बुहारीलाई देख्नै नसक्ने सासू सबैसित बुहारीको प्रशंसा गर्न थालिन्। लिलीले पनि सासूमा आफ्नै आमा देख्न थालिन्।

बिस्तारै लिलीलाई सासूको मृत्युको भयले सताउन थाल्यो। उनी माइत जाने बहानामा वैद्यकहाँ पुगिन् र भनिन्- वैद्यबा, म अब मेरी सासूलाई मार्न चाहन्नँ। उहाँ एकदमै बदलिनुभएको छ। मलाई धेरै माया गर्न थाल्नुभएको छ। म पनि उहाँलाई त्यति नै माया गर्न थालेकी छु। त्यसैले, तपाईंले दिएको विषको असर काट्ने अर्को औषधि दिनुपर्‍यो। मुस्कुराउँदै वैद्यले भने- तिमी चिन्ता नलेऊ छोरी। मैले तिमीलाई विष दिएकै थिइनँ। बट्टामा स्वास्थ्यवर्धक जडीबुटी थिए। विष त तिम्रो दिमाग र सोचमा थियो। तर, अहिले तिमीभित्रको विष अमृतमा परिणत भइसकेको छ। अब घर जाऊ र बाँकी जीवन खुसीसाथ बिताऊ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कता पुग्यो हाम्रो मानवीयता ?

जसरी विज्ञान र प्रविधिको विकासले फड्को मारेको छ, उसैगरी हाम्रो समाजमा पनि विवेक र करुणाभाव विकास हुनुपर्नेमा आजको समाज त्यसको ठीक विपरीत दिशातर्फ उन्मुख भएको देखिन्छ। यसको प्रमुख कारण भनेको अझै पनि हाम्रो समाजमा विद्यमान अभाव, असमानता अनि जातीय विभेद तथा धनी र गरिबबीचको खाडल हो भन्दा अत्युक्ति नहोला। समाजमा अहिले यति संवेदनहीनताको विकासले पराकाष्ठा नाघिसकेको छ कि कोही कसैलाई आपत-विपत् पर्दा सहयोगको भावना देखाउनु त टाढाको कुरा हो, उसको समस्याप्रति चासोसमेत नदेखाउने प्रवृत्तिको कारण भावी पुस्तामा आपसी भाइचाराको आदान-प्रदान त के चिनापर्चीको समेत समस्या देखिने निश्चितप्रायः छ। तसर्थ, यस्ता समस्या निरुपणका लागि आजैदेखि हाम्रो समाजलाई रूपान्तरण गर्न व्यावहारिक र पारिवारिक ज्ञानको अतिरिक्त चेतनाको विकास हुनुपर्ने देखिन्छ।

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं

बैठक भत्ता किन चाहियो ?

बागमती प्रदेशमा खाना, खाजा र बैठक भत्ता गरी संघको भन्दा चार गुणासम्म बढी खर्च भएको भन्दै महालेखाले प्रश्न उठाएको समाचार पढियो। राज्यले हरेक कर्मचारीलाई निश्चित काम र समयावधिको निश्चित रकम तलब सुविधाका रूपमा दिने व्यवस्था मिलाएकै हुन्छ। कामका लागि तलब दिइसकेपछि त्यही कामबारे बस्ने बैठकका लागि अलग भत्ता किन चाहियो ?

● **भूमिका पासवान**
दुवाकोट, भक्तपुर

सकारात्मक समाचार

उपत्यकाका सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढ्दै गएको समाचार पढ्दा खुसी लाग्यो। सामुदायिक विद्यालयको पठनपाठनको गुणस्तरमा सुधार हुँदै जाँदा त्यसबाट अन्ततः सर्वसाधारणले नै लाभ पाउने हुन्। अब संघीय राजधानी काठमाडौं उपत्यकाभित्रका विद्यालय मात्र होइन, दूरदराजका दुर्गम बस्तीका सामुदायिक विद्यालयको गुणस्तरमा पनि सुधार ल्याउन जरुरी छ। यसतर्फ सरोकारवाला निकायको ध्यान जाओस्।

● **कमला रोका**
नैकाप, काठमाडौं

गृहमन्त्रीमाथि प्रश्न

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष एवं गृहमन्त्री रवि लामिछानेविरुद्ध उजुरी परेको छ। उनले सहकारीको करोडौं रुपैयाँ हिनामिना गरेको आरोप छ। उनले सहकारीको पैसा हिनामिना गरे या गरेनन्, त्यो त छानबिनपछि थाहा पाइने विषय हो। तर, आरोप लागिसकेपछि छानबिनका लागि राजीनामा दिने संस्कार त उनीजस्तिका नेताले देखाउनुपर्‍यो नि ! आरोपी स्वयं नै गृहमन्त्री भएपछि प्रहरीको छानबिन कसरी निष्पक्ष होला ? उनीबाहेक अरूलाई गृह मन्त्रालय दिए हुँदैन ? किन उनी लिसो टाँसिएझैं टाँसिएका छन् गृहमन्त्रीको कुर्सीमा ? मेरा लागि पद केही होइन भन्ने लामिछानेले छानबिन गर्न बाटो खुला गर्नुपर्ने होइन र ?

बुटवलस्थित सुप्रिम सहकारीका बचतकर्ता आफ्नो रकम फिर्ता पाऊँ भनेर आन्दोलन गरिरहेका छन्। सहकारी ठगीका मुख्य नाइके जीबी राई अहिलेसम्म पत्राउ परेका छैनन्। रवि लामिछाने र उनी त्यो सहकारीमा संलग्न रहेको कम्पनी रजिस्ट्रारको कार्यालयका कागजातबाट खुलेका समाचार आएका छन्। रविको नाउँ प्रतिवादीको सूचीबाट हटाएपछि बचतकर्ता आन्दोलित भएका छन्। गरिबले खाई-नखाई जम्मा गरेको पैसा हिनामिना गर्ने जोकोही भए पनि कारबाही गर्नुपर्छ। प्रहरीको अनुसन्धान प्रतिवेदनमा लामिछानेको नाम, रकम र मिति कैफियत तथ्यसहित उल्लेख भए पनि मुद्दाको प्रतिवादीको सूचीबाट भने उनको नाउँ हटाउनु सरासर गलत हो। जसले भ्रष्टाचारको फाइल खोल्छु भनेर मन्त्रालय सम्हालेको थियो, उही नै दोषी भएपछि अब कोबाट पीडितले आस राख्ने ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

इरान-इजरायल युद्ध भए तेलको मूल्य के होला ?

इजरायलले इरानी आक्रमणको जवाफ फर्कायो र इरानले 'स्ट्रेट अफ हर्मुज'लाई अवरुद्ध गर्‍यो भने विश्वव्यापी तेलअभाव चर्किनेछ



देश/विदेश

● फ्लाभियो मकाउ

इरानले अघिल्लो सप्ताहन्तमा इजरायलमा मिसाइल र ड्रोन आक्रमण गरेपछि मध्यपूर्वमा तनाव बढेको छ, जसले व्यापक द्वन्द्वको चिन्ता बढाएको छ। युक्रेनमा रुसी आक्रमणले पहिल्यै तेलको मूल्य अस्थिर पार्ने र आपूर्ति शृंखलामा बाधा पुऱ्याएको सन्दर्भमा मध्यपूर्वको तनावले यसमा वृद्धि गर्ने सम्भावना छ। अस्ट्रेलिया पहिल्यै जीविका लागत संकटसँग जुधिरहेको छ र यस्तो अवस्थामा मध्यपूर्वको तनावको तरंग प्रभाव चाँडै महसुस गर्न सकिनेछ। बढ्दो तेलको मूल्यले मुद्रास्फीति बढाउँछ। पहिले पेट्रोल स्टेसनमा इन्धनको मूल्यले असर गर्छ, त्यसपछि ताजा उत्पादन र ट्रकद्वारा ढुवानी गरिएका किराना सामानको मूल्य बढ्छ। अन्ततः अन्तरसम्बन्धित अर्थ-व्यवस्थामा अधिकांश लेनदेनमा मूल्यवृद्धि फैलिन्छ। तर, हामी कत्तिको चिन्तित हुनुपर्छ ? युनाइटेड स्टेट्स इनर्जी इन्फर्मेसन एडमिनिस्ट्रेसनले विश्वव्यापी तेल आपूर्तिको करिब दुई प्रतिशत मात्रका लागि इरान जिम्मेवार रहेको जनाएको छ र अस्ट्रेलियामा इरानी तेल आउँदैन।

मलेसिया अस्ट्रेलियाको तेलको प्रमुख आपूर्तिकर्ता हो र सिंगापुर र दक्षिण कोरियाले अधिकांश पेट्रोल र डिजेल आपूर्ति गर्छन्। मध्यपूर्व मामिला भट्ट हेर्दा टाढाको विषय देखिन्छ। तर, तेलको मूल्य विश्वव्यापी रूपमा तय हुने गर्छ र साना देशका समूहमा यसको ठूलो प्रभाव पर्छ। सन् १९६० को दशकमा स्थापित पेट्रोलियम निर्यात गर्ने देशको संगठन (ओपेक) ले सुरुमा इरान, इराक, कुवेत, साउदी अरेबिया र भेनेजुएलालाई समावेश गरेको थियो, जसले मुलुकलाई विश्वव्यापी तेल निर्यातको बहुमत हिस्सा नियन्त्रणमा लिन सघाएको थियो। ओपेक सदस्य संलग्न द्वन्द्वले आपूर्तिलाई संकुचित गराउँथ्यो, जसले सन् १९७० र १९८० को दशकमा देखिएजस्तो मुद्रास्फीतिमा ठूलो वृद्धि गराएको थियो।

हालको समयमा ओपेकको प्रभाव पहिलेजत्तिको छैन। वर्ल्ड इकोनोमिक फोरमका अनुसार अहिले ओपेकका १३ सदस्य राष्ट्रले विश्व तेलको ४० प्रतिशत हिस्सा उत्पादन गर्छन्, जसमा विश्वव्यापी रूपमा व्यापार हुने पेट्रोलियमले ६० प्रतिशत हिस्सा ओगटेको छ। अहिले विकल्प बढेका छन्। गैरओपेक उत्पादकमा मेक्सिको, काजाकिस्तान, अजरबैजान, मलेसियाजस्ता मुलुक पर्छन्। सन् २०२२ मा यी गैरओपेक उत्पादकले ओपेकको दैनिक दुई करोड ८७ लाख ब्यारेलको तुलनामा प्रतिदिन सम्मानजनक एक करोड ६५ लाख ब्यारेल निर्यात गरेका थिए।

मुख्यतया पश्चिमा देशका लागि इरान पहिलेको जस्तो प्रमुख खेलाडी होइन। सन् २०१९ मा अमेरिका र युरोपियन युनियनले इरानको आणविक कार्यक्रम र मानव अधिकार उल्लंघनको प्रतिक्रियामा प्रतिबन्ध लगाएका थिए। इरानले आफ्नो तेलको उत्पत्ति भएको देशको पुनः ब्रान्डिङ गरेर ट्यांकरबाट ट्यांकरमा सार्ने र आफ्नो तेललाई परिष्कृत एवं अस्पष्ट स्थानबाट पुनः बिक्री गरेर प्रतिबन्ध छल्ने रणनीति प्रयोग गर्ने गरेको छ। तर, विश्वव्यापी आपूर्ति शृंखलामा इरानको महत्त्व घटेको छ।

चीन अहिले इरानको प्राथमिक खरिदकर्ता हो। कथित रूपमा चीनले तेलमा १५ प्रतिशत छुट प्राप्त गरिरहेको छ। अर्थात् चीन पश्चिमी प्रतिबन्ध लागू भएको अवस्थामा इरानबाट तेल लिन सहमत छ। तसर्थ, मध्यपूर्वको द्वन्द्वको वर्तमान वृद्धिभन्दा तेलको मूल्यमा उकालो लाग्ने अमेरिकी अर्थतन्त्र र चिनियाँ बजारमा आएको सुधारले केही हदसम्म ठूलो प्रभाव पारेको छ। यमनमा हुथी विद्रोहीलाई इरानी समर्थनले गत वर्षको



तस्बिर : अबिदिन ताहेरकेनारेह/एएपी

अन्त्यमा व्यापारिक जहाजमा आक्रमण गर्दा अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार स्वेज नहरमा ढुवानी ट्राफिक लगभग ५० प्रतिशतले घटेको थियो। बाँकी ट्राफिकमा अधिकांश तेल ट्यांकर समावेश छन्। यदि इजरायलले इरानको सप्ताहन्तमा भएको ड्रोन र क्षेप्यास्त्र आक्रमणको जवाफ फर्कायो र इरानले स्ट्रेट अफ हर्मुजलाई अवरुद्ध गरेर बदला लियो भने विश्वव्यापी तेल बजारले ठूलो अभाव झेल्नेछन्। स्मरण रहोस्, स्ट्रेट अफ हर्मुज एउटा साँघुरो जलमार्ग हो, जसबाट विश्वव्यापी समुद्री तेल व्यापारको एकचौथाइ प्रवाह हुने गर्छ।

निर्यातकर्ताले धेरै समय खपत गर्ने मार्ग प्रयोग गरेर यो समस्यालाई कम गर्न सक्छन्। तर, तेलको मूल्यमा हुने क्षति महत्त्वपूर्ण एवं दीर्घकालीन हुन सक्छ। मुख्य उत्पादनस्थलबाट पश्चिमा देशमा धेरै वैकल्पिक मार्ग छैनन्। यदि बन्दोबस्ती प्रभावित भयो भने उपभोक्ताले फेरि एकपटक अभावको सामना गर्न सक्छन्। र, अस्ट्रेलिया त्यसका लागि तयार छैन। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको सदस्य भए पनि आवश्यकताअनुसार अस्ट्रेलियाले कम्तीमा ९० दिनको खपतबराबरको तेल भण्डारण गर्दैन। अस्ट्रेलिया पेट्रोलियम तथ्यांकअनुसार डिजेलको भण्डारण हाल करिब २६ दिनसम्म कायम रहने प्रक्षेपण छ र पेट्रोलको भण्डार करिब २७ दिन जतिको छ। यसबाहेक घरेलु रिफाइनरी (प्रशोधन) उत्पादन उल्लेखनीय रूपमा घटेको छ। अर्थात् सन् २०१३ मा १५ अर्ब १० करोड लिटर पेट्रोलबाट सन् २०२३ मा पाँच अर्ब ७० करोड लिटरमा झरेको छ, जुन करिब दुईतिहाइले कम हो।

ठूलो संकटमा अस्ट्रेलियाको प्रतिक्रिया छिटो र प्

भारतमा आजबाट लोकसभा चुनाव

चुनावमा २५०० भन्दा बढी राजनीतिक दलले भाग लिए पनि मुख्य प्रतिस्पर्धा भने केही दलबीच मात्र हुने

सात चरणमा हुने भारतको आम निर्वाचनको पहिलो चरण आज देशका २१ राज्यका १०२ निर्वाचन क्षेत्रमा हुँदै छ। भारतको संसद्को तल्लो सदन लोकसभाका ५४३ सदस्य चयन गर्न यसपटक ९६ करोड ९० लाख मतदाताले मतदाताका रूपमा नाम दर्ता गराएका छन्। विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास मानिने भारतीय आम निर्वाचनमा २५०० भन्दा बढी राजनीतिक दल सहभागी हुनेछन्। सयौँ दलले चुनावमा उम्मेदवार उठाए पनि शीर्ष १० दलले मात्रै हाल लोकसभामा ८६ प्रतिशत सिट ओगटेका छन्। विगतमा जस्तै यसपटक पनि अधिकांश निर्वाचन क्षेत्रमा आधा दर्जनजति दलका उम्मेदवारबीच नै मुख्य प्रतिस्पर्धा हुनेछ। यसपटकको लोकसभा सिटका अधिकांश सिटमा प्रतिस्पर्धा गर्ने मुख्य दलको यहाँ चर्चा गरिएको छ।



भारतीय जनता पार्टी (भाजपा)

भारतको केन्द्रको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) आफू विश्वको सबैभन्दा ठूलो राजनीतिक संगठन भएको दाबी गर्छ। पार्टीका अनुसार ऊसँग झन्डै १८ करोड सदस्य छन्। सन् १९८० मा भारतीय जनसंघबाट भाजपाको जन्म भएको थियो। यो उग्र दक्षिणपन्थी हिन्दू राष्ट्रवादी संगठन 'राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)' को राजनीतिक शाखा हो। युरोपेली जातीयवादी आन्दोलन र फासिस्ट पार्टीहरूको स्वरूपमा सन् १९२५ मा गठन भएको आरएसएसको मूल उद्देश्य भारतलाई हिन्दू राष्ट्र बनाउने छ र ऊ आज भाजपासहित दर्जनौँ हिन्दूवादी समूहहरूको माउ संगठन तथा वैचारिक स्रोत हो। संगठनले मोदीलगायत भाजपाका अधिकांश शीर्ष नेताहरूलाई यसको आजीवन सदस्यको रूपमा गणना गर्छ।

सन् १९७५ मा कंग्रेसकी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले संकटकाल लगाएपछि भाजपाको स्थापना प्रयास भएको थियो। तत्कालीन भारतीय जनसंघका नेता अटल विहारी वाजपेयी आपत्कालविरोधी गठबन्धनमा थिए, जुन गठबन्धन अन्ततः सन् १९७७ मा सत्तामा पुग्यो। तर, राजनीतिक कलहका कारण दुई वर्षमै गठबन्धन टुट्यो र वाजपेयीले आफ्ना निकट सहयोगी लालकृष्ण आडवाणीसँग मिलेर सन् १९८० मा भाजपा गठन गरे। सन् १९९६ मा वाजपेयी भाजपाको पहिलो प्रधानमन्त्री बने। तर, उनको सरकार १३ दिन मात्र टिक्यो। त्यसपछि वाजपेयी सन् १९९८ देखि सन् १९९९ बीच १३ महिना र सन् १९९९ देखि पाँच वर्षका लागि सत्तामा फर्किए। वाजपेयी पूर्ण कार्यकाल प्रधानमन्त्री रहने पहिलो गैरकंग्रेस प्रधानमन्त्रीसमेत बनेका थिए।

गुजरातको पश्चिमी राज्यमा जन्मेका ७३ वर्षीय वर्तमान प्रधानमन्त्री मोदी आरएसएस पूर्वसदस्य हुन्। उनी भाजपा निर्माण हुनुअघि जनसंघमा आबद्ध थिए। मोदी वर्षौं लामो राजनीतिको तल्लो स्तरमा काम गरेर गुजरातको उच्च राजनीतिक पदमा पुगेका थिए। उनी एक दशकभन्दा बढी समय गुजरातका मुख्यमन्त्री थिए। सन् २०१४ मा मोदीले भाजपाको नेतृत्वमा आफ्नै बलमा पहिलोपटक बहुमतको सरकार गठन गरे। त्यसपछि उनी निरन्तर सत्तामा छन्। अघिल्लो निर्वाचनमा २९६ सांसद जिताएका मोदी यसपटक पनि उत्तर प्रदेश राज्यको वाराणसीबाट तेस्रो कार्यकालका लागि उम्मेदवार बन्दै छन्।

भारतीय राष्ट्रिय कंग्रेस

कंग्रेस भारतको सबैभन्दा पुरानो राजनीतिक पार्टी हो। यो जुन १८८५ मा ब्रिटिसहरूले भारतीय उपमहाद्वीपमा शासन गरेका वेला गठन भएको थियो र ऊ भारतमा बेलायतको शासन अन्त्य गर्ने मुख्य शक्ति थियो। सन् १९४७ मा भारत स्वतन्त्र भएपछाडि झन्डै दुईतिहाइ समय यही पार्टीले शासन गऱ्यो। पश्चिमा देशमा पढेका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूलाई भारतको उदार र धर्मनिरपेक्ष जग बसालेको जस दिइन्छ। नेहरूकी छोरी इन्दिरा गान्धी भारतको पहिलो महिला प्रधानमन्त्री भइन्। कंग्रेसले नै सन् १९९१ मा ऐतिहासिक आर्थिक सुधार लागू गरेको थियो, जुन सुधारले भारतमा खुला बजार अर्थतन्त्रको विकासका लागि ढोका खोल्यो। तथापि, सन् २०१४ देखि यो पार्टीको संसदीय सिट निकै खुम्चिएर दोस्रो दल बन्न पुगेको छ। अघिल्लोपटकको चुनावमा यस पार्टीले ५१ सिट जितेको थियो।

कंग्रेस नेता राहुल गान्धीले पछिल्लो संसदीय चुनाव (सन् २०१९)मा पार्टीले नराम्रो प्रदर्शन गरेपछि पार्टी प्रमुखको पदबाट राजीनामा दिएका थिए। यसका बाबजुद चारपटकका सांसद ५३ वर्षीय राहुल भारतको विपक्षी राजनीतिको केन्द्रमा छन् र मोदीको मुख्य निसाना बनेका छन्। गान्धी-नेहरू वंशका सदस्य राहुलका बुबा राजीव गान्धी, हजुरआमा इन्दिरा र हजुरबुबा नेहरू सबै देशका प्रधानमन्त्री बने र ३७ वर्षभन्दा बढी समय देशको नेतृत्वमा रहे। हाल राहुल गान्धी कंग्रेस नेतृत्वको २६ सदस्यीय विपक्षी गठबन्धन 'भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (आएनडिआइए)'का मुख्य नेता हुन्। उनले आफ्नो चुनावी अभियानलाई बलियो बनाउन र ग्रामीण समस्या, बेरोजगारी र आय असमानताजस्ता विद्यमान असन्तुष्टिमा मतदाताको ध्यानाकर्षण गर्न दुईपटक देशव्यापी यात्रा (भारत जोडो यात्रा) गरे। गान्धी यस वर्षको चुनावमा दक्षिणी राज्य केरलाको वायनाडबाट चुनाव लड्दै छन्।

आम आदमी पार्टी

सन् २०११ मा एक शक्तिशाली भ्रष्टाचारविरोधी आन्दोलनबाट आम आदमी पार्टीको उदय भयो। त्यस समय सत्तारुढ कंग्रेस सरकार एकपछि अर्को भ्रष्टाचार प्रकरणमा फसेको थियो। ती प्रकरणको विरोधमा अभियन्ता अन्ना हजारेको नेतृत्वमा प्रभावकारी आन्दोलन उठ्यो। त्यस अभियानमा हजारेका निकट सहयोगीमध्ये एक थिए, सरकारी पूर्वकर्मचारी अरविन्द केजरिवाल। केजरिवालले पछि गएर आम आदमी पार्टी गठन गरे। यस चुनावमा आम आदमी भारत गठबन्धनको एउटा महत्त्वपूर्ण हिस्सा हो। प्रधानमन्त्री मोदीका कट्टर आलोचक केजरिवाल आम आदमी स्थापना गरेको तीन वर्षभित्रै सन् २०१५ मा राष्ट्रिय राजधानी दिल्लीमा राज्य सरकार गठन गर्न सफल भएका थिए। केजरिवाल त्यसयता निरन्तर दिल्लीका मुख्यमन्त्री छन्। यो पार्टी पन्जाब राज्यमा पनि सरकार चलाउन सफल भयो।

आम आदमीको उदय भाजपा र कंग्रेसजस्तै स्थापित पार्टीका लागि एक अप्रत्याशित राजनीतिक उथलपुथल थियो। यसपटक पार्टी नेता केजरिवाललगायत कैयौँ शीर्ष नेता भ्रष्टाचार मुद्दामा जेलमा भएकाले उसको चुनावी अभियानमा असर परेको छ। तर, पार्टीले नेताहरूमाथि लागेको आरोपलाई राजनीतिक स्वार्थबाट प्रेरित भएको र केजरिवालको छवि बिगार्ने प्रयास भन्दै त्यसलाई खारेज गरेको छ।

द्रविड मुनेत्र कझगम (डिएमके)

भारतको दक्षिण भेगमा अवस्थित तमिलनाडु राज्यको बलियो क्षेत्रीय दल डिएमके संसद्को तल्लो सदन लोकसभाको तेस्रो ठूलो दल हो। योसँग २० सांसद छन्। राष्ट्रिय राजनीतिमा कंग्रेसको सहयोगी दल डिएमकेले तमिलनाडु राज्यमा सरकार पनि बनाएको छ। पार्टीले उसको शासन रहेको राज्य तमिलनाडुमा उच्च साक्षरता दर र अन्य विकास सूचकांक निकालेकोमा गर्व गर्छ।

अखिल भारतीय तृणमूल कंग्रेस (टिएमसी)


सन् २०१९ को लोकभास चुनावमा १९ सांसदसहित चौथो ठूलो पार्टी तृणमूल कंग्रेसको पश्चिम बंगालमा सरकार छ। सो राज्यमा भाजपाले उसलाई बलियो टक्कर दिएको छ। टिएमसी कंग्रेसबाट अलग भएर गठन भएको पार्टी हो, जो लगभग २५ वर्षपहिले अस्तित्वमा आएको थियो। पार्टीकी संस्थापक ममता बनर्जी लगभग १३ वर्षदेखि पश्चिम बंगालकी मुख्यमन्त्री छिन्। यस चुनावमा भजापासँग मिलेर प्रतिस्पर्धा गर्न अनिच्छुक ममता कंग्रेस गठबन्धनसँग नजिक छिन्। उनको पार्टी इन्डिया गठबन्धनमा सामेल छ, तर बंगालको संसदीय सिटमा सिट बाँडफाटलाई लिएर पार्टीले सहमति जुटाउन सकेन। चुनावमा टिएमसी उम्मेदवारमध्ये एक महुआ मोइत्रा पनि हुन्, जो गतवर्ष घुसखोरीको आरोपमा संसद् बाट निष्कासनमा परेकी थिइन्।

- अलजजिराबाट

इजरायल र हमासबीच वार्ता रोकिएको मध्यस्थकर्ताको भनाइ

दोहा/ युद्धविराम र बन्धकको रिहाइका सम्बन्धमा इजरायल र हमासबीच हुन लागेको वार्ता रोकिएको कतारका प्रधानमन्त्रीले बुधबार बताए। कतारी प्रधानमन्त्री सेख मोहम्मद बिन अब्दुल रहमान अल-थानीले एक पत्रकार सम्मेलनमा यो जानकारी गराएका थिए। 'केही अवरोधका कारण वार्ता संवेदनशील चरणबाट गुज्रिरहेको छ। हामीले यो अवरोध हटाउन हरसम्भव प्रयास गरिरहेका छौं,' अल-थानीले भने। कतार अमेरिका र इजिप्टसँग मिलेर गाजाका युद्धरत पक्षबीच युद्धविराम गराउन र इजरायली कारागारमा रहेका प्यालेस्टिनी कैदीहरूको बदलामा इजरायली बन्धकको रिहाईका लागि निरन्तर वार्तामा छ।

इतिहासमा आज



सन् २०२१ : क्युबाको सत्तारुढ कम्युनिस्ट पार्टीले देशको सबैभन्दा शक्तिशाली पद पार्टीका प्रथम सचिवका रूपमा राहुल क्यास्ट्रोलाई मिगेल डियाज-क्यानेलले विस्थापित गर्ने घोषणा गऱ्यो। तीन वर्षअघि राहुलले देशको शासन मामिला हेर्ने राष्ट्रपति पद क्यानेललाई हस्तान्तरण गरेका थिए।

सन् १७७० : ब्रिटिस समुद्री अन्वेषक क्याप्टेन जेम्स कुक पहिलोपटक अस्ट्रेलिया महादेश देख्ने युरोपेली बने।

सन् १७७५ : बेलायती सेना र अमेरिकी क्रान्तिकारीबीच म्यासाचुसेट राज्यको कोनकोर्ड र लेक्जिङटनमा झडप भएसँगै अमेरिकी स्वतन्त्रता संग्राम सुरु भयो।

सन् १९५१ : देशका राष्ट्रपति ह्यारी ट्रुम्यानसँगको कटुता बढेपछि अमेरिकाका चर्चित सैन्य जनरल डग्लस म्याकअर्थरले सैनिक करिअर अन्त्य गरे।

सन् २०११ : क्युबाली नेता फिडेल क्यास्ट्रोले ४५ वर्षदेखि सम्हालिरहेको सत्तारुढ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको प्रथम सचिव पदबाट राजीनामा दिए।

सन् २०१८ : स्वाजिल्यान्डका राजा मस्वाती तृतीयले देशको नाम बदलेर इस्वातिनी राखे। इस्वातिनीको अर्थ 'स्वाति जातिको धर्ती' भन्ने हुन्छ।

अमेरिका रहेन मध्यपूर्वको ठूलो शक्ति



> मध्यपूर्वमा प्रभुत्वशाली शक्तिका रूपमा अब अमेरिका मात्र होइन, पश्चिमी गठबन्धनमा सामेल इजिप्ट, साउदी अरेबिया वा इजरायल पनि रहेन। त्यो उपाधि इरानको पोल्टामा गएको छ।

सन् १९७९ को इस्लामिक क्रान्तिपछि अमेरिका र उसका समर्थकलाई सैतानी शक्ति घोषित गरेको इरानले पहिलोपटक इजरायलमाथि सीधा मिसाइल आक्रमण गऱ्यो। यसले मध्यपूर्वमा बृहत्तर युद्धको सम्भावना बढेको छ। इजरायलले केही दिनअघि सिरियास्थित आफ्नो वाणिज्य दूतावास ध्वस्त पारेको जवाफमा इरानले जुनसुकै वेला इजरायलविरुद्ध कारबाही गर्ने चिन्ता व्यक्त गरिएको थियो। त्यो चिन्ता मिसाइल आक्रमणको रूपमा आयो। तर, इरानले यसलाई द्वन्द्वको आमन्त्रणभन्दा पनि थप आक्रमण गरे गम्भीर स्थिति भोग्नुपर्ने चेतावनी दिएको छ। तथापि इजरायल केही समयदेखि नै मध्यपूर्वको वर्चस्वशाली शक्तिको रूपमा उदाइरहेको थियो।

अमेरिकी नेतृत्वको पश्चिमी नौसेनाले गत जनवरीमा यमनका इरान-समर्थित हुथी विद्रोहीमाथि हवाई आक्रमण गऱ्यो। झट्ट हेर्दा बल प्रदर्शनको यो घटना खासमा भने मध्यपूर्वमा पश्चिमी नीति असफलताको लामो शृंखलाको अर्को निराशाजनक घटना थियो। मध्यपूर्वको पश्चिमी शक्तिको सबैभन्दा ठूलो असफलता निश्चित रूपमा दशकौँदेखि सुल्झिन नसकेको इजरायल-प्यालेस्टाइनको मुद्दा हो। 'लाल सागर समुद्री जलमार्ग'का व्यापारिक ढुवानीमाथि हुथी आक्रमणविरुद्ध एक अप्रत्याशित वास्तविकतालाई प्रतिबिम्बित गर्छ : मध्यपूर्वमा वासिंगटनको राजनीतिक लाभ घट्दै छ, उसको कूटनीति अप्रभावकारी हुँदै छ र उसको प्राधिकारले धक्का खाँदै छ। यो कुरा अमेरिकी आक्रमणपछि पनि हुथीले हमला जारी राख्ने वाचा गरेबाट पनि प्रस्टियो।

मध्यपूर्वको अनिश्चित र खुला तनावले अर्को एक अप्रिय तथ्य प्रकाश पारेको छ। मध्यपूर्वमा प्रभुत्वशाली शक्तिका रूपमा अब अमेरिका मात्र होइन, पश्चिमी गठबन्धनमा रहेका इजिप्ट, साउदी अरेबिया वा इजरायल पनि रहेन। त्यो उपाधि हुथीको प्रमुख सहयोगी इरानको पोल्टामा गएको छ। हुन त गाजामा इजरायलको हिंसात्मक आक्रमण चलिरहेको समयमा विजेता र हरूवाको कुरा गर्नु फोस्रो हुन्छ, तथापि रणनीतिक रूपमा यस संकटमा को अगाडि बढिरहेको छ भन्ने स्पष्ट देखिन्छ। मध्यपूर्वमा इरानको उचाइ उसको पक्षमा लड्न तयार समर्थकले इंगित गर्छ। प्यालेस्टाइनका हमास, लेबनानका हिजबुल्लाह, इराक र सिरियाका सरकार नै इरान समर्थक हुन्। यमनका हुथीले पनि त्यहाँको राजधानी सानामा आधा दशकभन्दा लामो सयमदेखि कब्जा गरिराखेका छन्।

उसो त अरब विश्वमा अमेरिका कहिल्यै प्रिय रहेको थिएन, उसलाई 'पन्छाउन नसकिने दुष्ट(नेसेसरी इभिल)'को रूपमा सहन गरिएको थियो। तर, अब उप्रान्त त्यो सम्भावनाको अन्त्य हुने देखिँदै छ। गैरअरबको बसोवास रहेको (फारसी बहुल) इरान अरब विश्वको चालक शक्ति बनेको छ। अक्टोबर ७ को घटनापछि इजरायलले पनि रणनीतिक 'खतरा' सामना गरेको छ, भलै यसका चरमपन्थी राजनीतिज्ञ अझै यसमा सहमत भएका छैनन्। गाजाको भयावहतापछि इजरायलप्रतिको धारणामा समेत स्थायी परिवर्तन सुरु भएको छ। पश्चिमी सरकारसँग अरब देशले नै इजरायललाई विशेष दर्जा दिएर विशिष्ट व्यवहार बन्द गर्न माग गर्न थालेका छन्।

पछिल्लो घटनाक्रम इरानको धार्मिक अतिवादी सरकारकै पक्षमा विकसित भइरहेको छ। इरानका मुल्लाहरूका विदेश नीति सम्बन्धमा मुख्यतः तीन उद्देश्य छन्। पहिलो, सन् १९७९ को क्रान्तिपछि उदाएको इस्लामिक शासकले सैतानी शत्रु ठहर गरेको अमेरिकालाई मध्यपूर्वबाट बाहिर निकाल्ने, दोस्रो क्षेत्रीय वर्चस्व स्थापना कायम राख्ने र तेस्रो चीन- रुससँगको बढ्दै गएको गठबन्धनस्तरको सम्बन्धलाई थप बलियो बनाउने। यी तीनबाहेक चौथो उद्देश्य पनि छ भने त्यो इजरायलको विनाश हो।

इरानको सहयोगमा मध्यपूर्वमा सञ्चालित अर्धसैनिक (मिलिसिया) सञ्जाल (जसलाई एक्सिस अफ रेसिसटेन्स नाम दिएको छ) निरन्तर ऊसँग प्रत्यक्ष सम्पर्कमा हुन्छन्। यसका लागि तेहरानद्वारा प्रशिक्षित र हतियार दिएको सशस्त्र विद्रोही समूहकै उदाहरण लिऊँ। यस समूह इरानबाट निर्देशित भए-नभएको विषयमा आमविश्वास विभाजित छ। केही विश्लेषकको विचारमा हुथी समूहले इरानको सहयोग लिए पनि उसको निर्देशनमा चल्दैनन्। अर्थात्, सो समूह प्रत्यक्ष इरानी नियन्त्रणमा छैनन्। उता लेबनानका हिजबुल्लाहले पनि स्वायत्तताको दाबी गर्दै आएको छ। तर, गाजामा हमास, प्यालेस्टाइनको पश्चिम किनारामा सञ्चालित अन्य गुट र इराक तथा सिरियामा सक्रिय मिलिसिया इरानको चाहनाअनुरूप अमेरिकालाई मध्यपूर्वबाट बाहिऱ्याउने मुद्दा एक ठाउँमा उभिएका छन्। अर्थात्, ती इरानबाट टाढैबाट नियन्त्रित खुकुलो गठबन्धनजसरी काम गर्छन्।

यस्तो परिस्थितिमा पश्चिमले यमनमा वर्षौंदेखि चलिरहेको गृहयुद्धमा युद्धविरामका लागि जोड दिनुको सट्टा हुथी आधारमा बमबारी गरेर वास्तविकता परिवर्तन हुँदै छ। झन् तेहरानको पश्चिमी र इजरायलविरोधी क्षेत्रीय प्रतिरोधको कथ्यले ऊर्जा पाउनेछ। विगतको उग्रताको कदमविपरीत गत वर्ष इरानले साउदी अरबसँग कूटनीतिक सम्बन्ध पुनर्स्थापित गर्दै प्रतिद्वन्द्वी देशसँगको कटुता कम गर्ने व्यावहारिक कदम चाल्यो। यस सम्झौताको सबैभन्दा महत्त्वपूर्ण पक्ष सम्बन्ध पुनर्स्थापनामा चीनको मध्यस्थता थियो।

चीन र रुस इरानका नयाँ मित्र देश भएका छन्। यो सम्बन्ध इरानका लागि पछिल्लो समय निकै महत्त्वपूर्ण साबित हुँदै गएको छ। यही सम्बन्धको बलमा इरान थप विश्वसनीय शक्तिको रूपमा उदाइरहेको छ। युक्रेनमाथि रुसी आक्रमण र यसअघिको चीन-रुसबीचको 'सीमाहीन' सहयोग सम्झौताको परिप्रेक्ष्यमा इरान यी दुई मुलुकसँग नजिकियो। सन् २०२१ मा दुई देशले २५ वर्षे रणनीतिक लगानी र ऊर्जा सम्झौतामा हस्ताक्षर गरे। चिनियाँकै चाहनाअनुरूप इरान ब्रिक्स र सांघाई सहयोग संगठनमा सामेल भइसकेको छ। पश्चिमले आफ्ना तेल बिक्रीमा लगाएको प्रतिबन्धको असर कम गर्न पनि इरान चीनतर्फ फर्किएको छ। इरानले हाल प्रतिमहिना चीनलाई लाखौँ ब्यारेल कच्चा तेल बेच्छ।

उता इरान-रुस सम्बन्ध हातहतियारतर्फ मोडिएको छ। युक्रेनमा लडिरहेको रुसलाई इरानले सस्तो खालको सशस्त्र ड्रोनहरू आपूर्ति गरिरहेको छ। अमेरिकी गुप्तचर निकायका अनुसार रुसको भाडाको सेना वाग्नर समूहले लेबनानमा सक्रिय इरान समर्थित हिजबुल्लाहलाई मध्यम दूरीको वायु रक्षा प्रणाली प्रदान गर्ने योजना बनाएको विश्वास गरेको छ। यदि यो सत्य हो भने यसले इजरायललाई पनि असर गर्नेछ। इरानले रुसलाई ड्रोन दिएर त्यसबापत चाँडै नै उन्नत रुसी सुखोई एसयू-३५ युद्धक विमान तथा आक्रमणमा प्रयोग हुने हेलिकोप्टर लिने चर्चा छ। यी विकासक्रम रुस-इरानबीच बढ्दै गएको 'अभूतपूर्व रक्षा साझेदारी'को प्रतिफल हो। इरानमा रुसी निर्यात बढ्दै गएको छ। मस्कोले इरानको प्राकृतिक ग्यास क्षेत्र विकास गर्न ४० अर्ब डलर सहयोगको वाचा गरेको छ।

४५ वर्ष लामो प्रयासपछि इरान अन्ततः मध्यपूर्वको वर्चस्वशाली शक्ति बनेको छ। तेहरानले पश्चिमी प्रतिबन्ध, बहिष्कार र धम्कीका बाबजुद यो स्थिति हासिल गरेकाले थप धम्की र प्रतिबन्धले काम गर्नेछैन। शक्तिशाली मिलिसिया र विश्वका दुई आर्थिक शक्तिको समर्थन पाएर इरान अमेरिका, बेलायत र इजरायलका लागि खतरनाक प्रतिद्वन्द्वीको रूपमा खडा भएको छ। अब यसबाट उत्पन्न हुन सक्ने बृहत्तर द्वन्द्वबाट जोगिने हो भने विश्वलाई नयाँ कूटनीतिक दृष्टिकोण अत्यावश्यक भइसकेको छ।

(द गार्जियनका लागि साइमन टिस्डलको आलेख)

Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation

Water Supply and Sanitation Division No. 4

Manthali, Ramechhap

Invitation for Bid (IFB)

First date of publication: 19April 2024

Water Supply and Sanitation Division No. 4,Ramechhap invites open competitive bidding from eligible bidders for the procurement of following works under Sealed Quotation (SQ).

S.N	Contract Identification No.	Description	Estimated Amount with VAT	Bid Security
1	Supply/SQ/RCH/10/080/81	Supply and delivery of Pipes, Ramechhap	1680305.48	43000
2	Supply/SQ/RCH/11/080/81	Supply and delivery of Pipes, Ramechhap	1659144.65	42000
3	Supply/SQ/RCH/12/080/81	Supply and delivery of Pipes, Ramechhap	1515951.5	38000
4	Supply/SQ/RCH/13/080/81	Supply and delivery of Pipes, Ramechhap	1749188.92	44000
5	Supply/SQ/RCH/14/080/81	Supply and delivery of Pipes, Ramechhap	1732576.34	44000
6	Supply/SQ/RCH/15/080/81	Supply and delivery of Pipes, Ramechhap	1865845.29	47000
7	Supply/SQ/RCH/16/080/81	Supply and delivery of Pipes, Ramechhap	1607539.13	41000
8	Supply/SQ/RCH/17/080/81	Supply and delivery of Pipes, Ramechhap	1596623.33	40000
9	Supply/SQ/RCH/18/080/81	Supply and delivery of Pipes, Ramechhap	1686830.23	43000
10	Supply/SQ/RCH/19/080/81	Supply and delivery of Pipes, Ramechhap	1551824.18	39000
11	Supply/SQ/RCH/20/080/81	Supply and delivery of Pipes, Ramechhap	1342383.95	34000
12	Supply/SQ/RCH/21/080/81	Supply and delivery of Pipes, Ramechhap	1605612.63	41000
13	Supply/SQ/RCH/22/080/81	Supply and delivery of Pipes, Ramechhap	1885213.92	48000
14	Supply/SQ/RCH/23/080/81	Supply and delivery of Pipes, Ramechhap	1767221.92	45000
15	Supply/SQ/RCH/24/080/81	Supply and delivery of Pipes, Ramechhap	1976285.25	50000
16	Supply/SQ/RCH/25/080/81	Supply and delivery of Pipes, Ramechhap	1741681.66	44000
17	Supply/SQ/RCH/26/080/81	Supply and delivery of Pipes, Ramechhap	1913491.6	48000
18	Supply/SQ/RCH/27/080/81	Supply and delivery of Pipes, Ramechhap	1558722.81	39000
19	Supply/SQ/RCH/28/080/81	Supply and delivery of Pipes, Ramechhap	1566774.67	40000

- Bidder should bid electronically through e-procurement section of PPMO's Website: **www.bolpatra.gov.np/egp**
- The price of bid document is Rs.1000.
- Any conditions not covered shall be as per Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064. Any amendments in tender notice shall be published in www.bolpatra.gov.np/egp.
- Eligible bidders may obtain further information from PPMO web portal www.bolpatra.gov.np/egp or, Water Supply and Sanitation Division No. 4, Ramechhap (Tel: 048-540110, email: wssdramechhap@gmail.com) during office hour.

Division Chief

Nabil Bank Limited

Unaudited Financial Results

3rd Quarter of FY 2023-24 (2080-81)

CONDENSED CONSOLIDATED STATEMENT OF FINANCIAL POSITION

As On Quarter Ended 30th Chaitra 2080 — NPR in '000

Particulars	Group		Bank	
	This Quarter Ending	Immediate Previous Year Ending	This Quarter Ending	Immediate Previous Year Ending
Assets				
Cash and Cash Equivalent	8,190,229	6,963,371	7,998,340	6,774,258
Due from Nepal Rastra Bank	22,679,238	25,652,421	22,679,238	25,652,421
Placement with Banks and FIs	18,502,585	13,424,390	18,502,585	13,424,390
Derivative Financial Instruments	7,677,083	3,833,462	7,677,083	3,833,462
Other Trading Assets	119,562	92,810	-	-
Loans and Advances to Banks and FIs	10,583,775	8,283,059	10,583,775	8,283,059
Loans and Advances to Customers	368,756,617	331,123,171	368,756,617	331,123,171
Investment Securities	78,554,414	77,109,537	78,146,474	76,452,985
Current Tax Assets	552,876	-	578,525	-
Investment in Subsidiaries	-	-	1,798,000	1,798,000
Investment in Associates	170,088	179,067	80,000	80,000
Investment Property	2,015,524	1,827,069	2,015,524	1,827,069
Property and Equipment	4,013,134	3,884,183	3,989,339	3,871,273
Goodwill and Intangible Assets	303,898	292,548	297,342	285,455
Deferred Tax Assets	-	-	-	-
Other Assets	9,552,854	7,930,584	8,908,788	7,798,004
Total Assets	**531,671,877**	**480,595,672**	**532,011,630**	**481,203,548**
Liabilities				
Due to Banks and FIs	6,014,024	6,277,712	6,014,024	6,277,712
Due to Nepal Rastra Bank	-	-	-	-
Derivative Financial Instruments	7,675,195	3,812,946	7,675,195	3,812,946
Deposits from Customers	438,823,524	395,199,006	440,436,431	396,843,499
Borrowings	-	-	-	-
Current Tax Liabilities	-	492,879	-	482,352
Provisions	-	-	-	-
Deferred Tax Liabilities	2,658,001	1,908,713	2,671,029	1,918,850
Other Liabilities	10,134,035	8,965,634	9,421,228	8,468,528
Debt Securities Issued	9,409,132	6,486,982	9,409,132	6,486,982
Subordinated Liabilities	-	-	-	-
Total Liabilities	**474,713,911**	**423,143,872**	**475,627,039**	**424,290,869**
Equity				
Share Capital	27,056,997	27,056,997	27,056,997	27,056,997
Share Premium	-	-	-	-
Retained Earnings	1,760,410	3,372,743	1,547,086	3,187,059
Reserves	27,881,991	26,758,784	27,780,508	26,668,622
Total Equity Attributable to Equity Holders	**56,699,398**	**57,188,524**	**56,384,591**	**56,912,678**
Non Controlling Interest	**258,568**	**263,275**	**-**	**-**
Total Equity	**56,957,967**	**57,451,799**	**56,384,591**	**56,912,678**
Total Liabilities and Equity	**531,671,877**	**480,595,672**	**532,011,630**	**481,203,548**

CONDENSED CONSOLIDATED STATEMENT OF PROFIT OR LOSS (For the Quarter Ended 30th Chaitra 2080)

NPR in '000

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	11,694,912	35,575,899	11,562,847	32,982,909	11,595,814	35,439,559	11,511,930	32,877,038
Interest Expense	7,300,053	22,901,882	7,242,936	20,773,801	7,287,792	22,888,192	7,243,728	20,775,880
Net Interest Income	**4,394,859**	**12,674,017**	**4,319,911**	**12,209,108**	**4,308,023**	**12,551,367**	**4,268,203**	**12,101,158**
Fees and Commission Income	907,785	2,908,817	1,154,717	2,564,919	913,516	2,738,292	1,116,283	2,459,995
Fees and Commission Expense	178,744	531,607	407,417	474,972	171,329	511,745	400,313	461,259
Net Fees and Commission Income	**729,041**	**2,377,210**	**747,300**	**2,089,947**	**742,186**	**2,226,548**	**715,970**	**1,998,736**
Net Interest, Fees and Commission Income	**5,123,900**	**15,051,227**	**5,067,211**	**14,299,055**	**5,050,209**	**14,777,915**	**4,984,172**	**14,099,894**
Net Trading Income	105,550	380,391	119,377	387,020	135,785	394,244	120,841	377,429
Other Operating Income	80,244	159,354	36,489	182,147	79,389	156,467	68,456	212,462
Total Operating Income	**5,309,694**	**15,590,972**	**5,223,077**	**14,868,222**	**5,265,383**	**15,328,626**	**5,173,470**	**14,689,785**
Impairment Charge/ (Reversal) for Loans and Other Losses	1,264,152	3,235,943	1,444,154	3,331,712	1,264,152	3,235,943	1,444,154	3,331,712
Net Operating Income	**4,045,541**	**12,355,029**	**3,778,923**	**11,536,510**	**4,001,231**	**12,092,683**	**3,729,316**	**11,358,073**
Operating Expenses								
Personnel Expenses	1,278,202	3,814,094	607,415	2,494,424	1,260,960	3,753,405	593,536	2,452,802
Other Operating Expenses	546,793	1,454,727	452,434	1,242,481	538,822	1,432,795	447,127	1,229,145
Depreciation & Amortization	81,089	230,933	66,583	197,035	78,323	222,257	63,796	189,473
Operating Profit	**2,139,458**	**6,855,275**	**2,652,490**	**7,602,569**	**2,123,126**	**6,684,226**	**2,624,858**	**7,486,653**
Non-Operating Income	(529)	27,394	(1,574)	28,408	10,852	35,483	6,800	27,519
Non-Operating Expense	21,195	85,176	205,280	205,280	21,195	85,176	205,280	205,280
Profit Before Income Tax	**2,117,734**	**6,797,493**	**2,445,636**	**7,425,698**	**2,112,783**	**6,634,533**	**2,426,377**	**7,308,892**
Income Tax Expense	660,128	2,011,752	746,438	2,235,877	647,833	1,966,504	727,901	2,192,718
Current Tax	661,200	2,013,977	746,580	2,226,915	647,833	1,966,504	727,901	2,192,718
Deferred Tax	(1,071)	(2,225)	(142)	8,962	-	-	-	-
Profit /(Loss) For the Period	**1,457,606**	**4,785,740**	**1,699,198**	**5,189,820**	**1,464,950**	**4,668,029**	**1,698,476**	**5,116,174**

CONDENSED CONSOLIDATED STATEMENT OF COMPREHENSIVE INCOME (For the Quarter Ended 30th Chaitra 2080)

NPR in '000

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Profit /(Loss) For the Period	1,457,606	4,785,740	1,699,198	5,189,820	1,464,950	4,668,029	1,698,476	5,116,174
Other Comprehensive Income	(374,022)	(579,560)	(1,171,354)	(1,068,748)	(373,380)	(577,993)	(1,171,354)	(1,068,748)
Total Comprehensive Income	**1,083,584**	**4,206,180**	**527,844**	**4,121,072**	**1,091,570**	**4,090,035**	**527,122**	**4,047,426**
Basic Earnings Per Share		23.82		25.57		23.24		25.21
Diluted Earnings Per Share		23.82		25.57		23.24		25.21
Profit Attributable To:								
Equity holders of the Bank	1,077,522	4,178,487	520,149	4,095,530	1,091,570	4,090,035	527,122	4,047,426
Non - controlling interest	6,061	27,693	7,695	25,541	-	-	-	-
Total	**1,083,584**	**4,206,180**	**527,844**	**4,121,072**	**1,091,570**	**4,090,035**	**527,122**	**4,047,426**

RATIOS AS PER NRB DIRECTIVE (%)

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWA		12.15		12.42		12.01		12.34
Gross Non-Performing Loan		4.04		3.87		4.04		3.87
Net Non-Performing Loan		1.27		1.98		1.27		1.98
Total Loan Loss Provision to Total NPL		106.90		86.67		106.90		86.67
Costs of Funds		6.51		8.16		6.51		8.16
Credit to Deposit Ratio		83.97		87.68		83.97		87.68
Base Rate		8.36		9.99		8.36		9.99
Interest Rate Spread		4.00		5.15		4.00		5.15

STATEMENT OF DISTRIBUTABLE PROFIT OR LOSS (For the Quarter end of Chaitra 2080)

NPR in '000

Particulars	Current Year Upto this Qtr YTD	Previous Year Upto this Qtr YTD
Net profit or (loss) as per statement of profit or loss	**4,668,029**	**5,116,174**
Appropriations:		
a. General Reserve	(934,000)	(1,024,000)
b. Foreign Exchange Fluctuation Fund	(18,600)	(27,600)
c. Capital Redemption Reserve	(692,555)	(692,555)
d. Corporate Social Responsibility Fund	(46,680)	(48,132)
e. Employees' Training Fund	-	-
f. Other	(1,000)	(1,000)
Profit or (loss) before regulatory adjustment	**2,975,193**	**3,322,887**
Regulatory Adjustment:		
a. Interest receivable (-)/previous accrued interest received (+)	(1,410,095)	(1,568,255)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	(130,055)	(256,297)
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reversal (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Other (+/-)	(6,290)	-
Net profit for the quarter end Chaitra 2080 quarter available for distribution	**1,428,754**	**1,498,335**
Opening Retained Earnings as on Shrawan 1, 2080	**3,187,059**	**2,899,545**
Adjustment (+/-)	(92,457)	-
Distribution:		
Bonus Share Issued	-	-
Cash Dividend paid	(2,976,270)	(2,625,784)
Total Distributable profit or (loss) as on quarter end date	**1,547,086**	**1,772,095**
Annualized Distributable profit/ loss per share	**7.55**	**8.73**

Notes:

- Figures presented above may vary with the audited figures if instructed by the banking regulator and / or statutory auditors
- Group Financial Statements includes Nabil Bank Ltd. (Parent Co.), Nabil Investment Banking Ltd. (Subsidiary Co.) and Nabil Stock Dealer Ltd. (Subsidiary Co.)
- All inter-company transactions and outstanding balances among Group Companies are excluded in Group Financial Statements.
- The Bank has applied alternative treatment in the Carve-out issued by the Institute of Chartered Accountants of Nepal with respect to the following:
  a. The Bank has measured impairment loss on Loans and Advances at the higher of amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per Para 5 of the carve out to NFRS 9.
  b. The Bank has not factored fees and points paid or received on loans and advances in the application of effective interest rate. These have been recognized directly in the Statement of Profit and Loss.
- Loans and Investments are presented net of impairment charges and includes interest accruals and staff loans. Likewise, deposits include accrued interest payables.
- Personnel Expenses includes provision for staff bonus which has been calculated in line with the provisions in Bonus Act. Out of total growth of NPR 1.3 bio in personnel expenses, NPR 1.02 bio is due to growth in finance expense under NFRS. Finance expense under NFRS was recorded at negative NPR 502 mio in the previous year against NPR 519 mio in current year.
- Interim financial report has been published in the bank's website www.nabilbank.com.

1. MAJOR FINANCIAL INDICATORS

Earnings Per Share (NPR)	23.24
Price Earnings Ratio (Times)	18.85
Net Worth Per Share (NPR)	208.39
Total Assets Per Share (NPR)	1,966.26
LD Ratio (%)	24.90

2. RELATED PARTY DISCLOSURE

- Group comprises of Nabil Bank Ltd. (Parent), Nabil Investment Banking Ltd. (Subsidiary) and Nabil Stock Dealer Ltd. (Subsidiary).
- Nabil Investment Banking Ltd is a Merchant Banker licensed under Securities Business Person (Merchant Banker) Regulation, First Amendment 2074 from the Securities Board of Nepal (SEBON). Nabil Stock Dealer Ltd. is a stock dealer / brokerage company licensed under Securities Business Person (Securities Broker and Securities Dealer) Regulation, 2064 from SEBON.
- All transactions between the Bank and the Subsidiaries are executed on arm's length principle. Effects of all inter-company transactions and outstanding balances are excluded in group statements.
- Bank and Nabil Investment Banking Ltd. (Subsidiary) have entered into a Service Level Agreement (SLA) under which the Bank provides various operational supports to Subsidiary.
- Bank has appointed Nabil Investment Banking Ltd (Subsidiary) as its Registrar to Share and also the Fund Manager to Mutual Fund Schemes under the Bank's sponsorship.
- All transactions with the Directors and Key Management Personnel are conducted on the basis of Articles of Association and Employee Bylaws of the bank.

3. MANAGEMENT ANALYSIS

- Management is consistently working on building a strong balance sheet, diversifying its portfolio to cater to the growing demands of the economy, achieving sustainable growth and making investments in high quality assets, ensuring continuity of business, making effective use of its resources and further enhance management and workplace efficiency.
- The Bank has made significant investments in its products, people and technology with the introduction of DigiBank and nBank, has upgraded its IT infrastructure, automated work processes, further enhancing transaction and data security all the while maintaining and improving internal control systems and risk management practices.
- There are no such incidents during the period which might have negative impact on the reserve, profit or cash flow position of the Bank.

4.DETAILS RELATED TO LEGAL PROCEEDINGS

Except in the regular course of business, there are no law-suits of material nature filed by or filed against the Bank/promoters/directors on account of violation of prevailing laws or commission of criminal offences or financial crime.

5. ANALYSIS OF BANK'S SHARES TRANSACTIONS

- The market price of the Bank's share is fully dependent on market movements and the Bank does not comment on its share transactions.
- The Bank has complied with the prevailing disclosure norms and regulatory directives issued by Securities Board of Nepal (SEBON) and Nepal Rastra Bank (NRB).
- Details of share transactions during the quarter:

Maximum Price (NPR)	512
Minimum Price (NPR)	422
Closing Price (NPR)	438
Total Units Traded	3,586,627
Total Days Traded	58

6. PROBLEMS AND CHALLENGES

Internal:

- Possibility of NPA growth owing to the economic situation of the country
- Challenge of assets growth in the back drop of low economic growth and declining assets quality
- Challenge of improving non - interest revenue
- Challenge of liquidity and interest risk management

External:

- Fluctuating market liquidity position
- Stagnant credit demand
- Impact of low capital expenditure of government on various sectors
- Increasing information security risk
- Slowdown in the economy

Bank's strategy to mitigate problems and challenges:

- Prudent management of assets and liabilities
- Effective management of cost through improved productivity and efficiency
- Exploration of alternate business avenues and channels for maintaining the contribution from non-interest income
- Embracing digitization for remarkable improvement in product offerings and service delivery
- Enhancing skill sets of staff for upgrading our service standard

7. CORPORATE GOVERNANCE

The Bank has a separate Governance Unit in place for continuous monitoring of governance issues within the Bank. The Board of Directors, Audit Committee and Senior Management are committed to upholding good corporate governance practices in the Bank. The Bank's organization structure, internal control system and management practices are designed keeping best corporate governance practices in mind.

8. DECLARATION BY CHAIRMAN/CEO ABOUT THE TRUTHFULNESS OF FINANCIALS / INFORMATION

I, CEO of the Bank, take responsibility on the truthfulness of the information and particulars disclosed in this report to the best of my knowledge. Further, I declare that the particulars mentioned in this report, to the best of my knowledge, are true, fair and complete at the time of publication of this report and have not knowingly concealed any material particulars and information for investors to take informed decisions.

NABIL BANK®

Head Office, Nabil Center,
Teendhara, Durbarmarg, Kathmandu Phone No. 01- 5971871

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ७ वैशाख ०८१

■ दैलेख पेट्रोल अन्वेषण

मुख्य ड्रिलिङको काम सुरु

चीनको करिब दुई अर्ब ५० करोड लागतमा
दैलेखमा पेट्रोलियम अन्वेषणको काम हुँदै



दैलेखमा **विष्णु शर्मा**

दैलेखमा सुरु हुन लागेको पेट्रोलियम पदार्थ अन्वेषणको अन्तिम ड्रिलिङका लागि रिग हाउस निर्माणको काम सुरु गरिएको छ। जलजले आइपुगेका एक सय २० ट्रकमा आएका सामानहरूको व्यवस्थापनसँगै रिग हाउस निर्माण थालिएको हो। रुपैडिया नाकाबाट आउनुपर्ने एक सय ५० ट्रकहरूमध्ये एक सय २० ट्रक जलजले आइपुगेका छन्। दैलेखको भूभागमा रहेको पेट्रोलियम पदार्थको परिमाण पत्ता लगाउन अन्तिम अन्वेषणको कामका लागि जलजलेमा चार किलोमिटर ड्रिलिङ गर्न रिग हाउस निर्माणको काम सुरु गरिएको हो।

निकै ठूला र धेरै तौल भएका सामानहरूको व्यवस्थापनका लागि तीनवटा क्रेनको प्रयोग गरिएको छ। ड्रिलिङ मुख्य केन्द्र मानिएको जलजलेमा करिब ३० मिटर उचाइमा बन्ने रिग हाउसको तल्लो भाग निर्माण सुरु गरिएको छ। वैशाख अन्तिमसम्म सबै सामान जलजले आइपुग्ने र जडान कार्य सम्पन्न भएसँगै अन्वेषणको काम सुरु हुने चिनियाँ प्राविधिकले बताएका छन्।

अहिले चिनियाँ र नेपाली प्राविधिक मिलेर काम गरिरहेका छन्। करिब चार महिनाभित्र दैलेखमा कति परिमाणमा पेट्रोलियम पदार्थ छ भन्ने पत्ता लाग्ने दैलेखका प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले बताए। सुरक्षाको व्यवस्थापनका लागि सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन गरिएको छ। आवश्यक परेका वेलामा २४सै घण्टा सुरक्षालगायत अन्य सबै समस्या समाधानमा सक्रियतापूर्वक भूमिका खेलेको भुसालले बताएका छन्।

नेपालमा पहिलोपटक पेट्रोल अन्वेषण परियोजना सुरु हुन लागेकोमा सबै नेपालीमा खुसी छाएको नेपाली सहजकर्ता माइज हुसेनले बताए।

> चार महिनाभित्र दैलेखमा के-कति परिमाणमा पेट्रोलियम पदार्थ छ भन्ने पत्ता लाग्ने

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा नेपाल र चीन सरकारसँग ०७५ सालमा भएको जिटुजी सम्झौताअनुसार चीनको करिब दुई अर्ब ५० करोड लागतमा दैलेखको भूभागमा पेट्रोलियम अन्वेषणका काम भइरहेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समेत चासो देखाएपछि आयोजना स्थलको अध्ययन र अनुसन्धानसँगै कामले थप तीव्रता पाएको हो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा सरकारले ४५ रोपनी जग्गा अधिग्रहण गरेर अन्तिम अन्वेषणको काम सुरु गरेको छ। प्रभावित क्षेत्र जलजलेका १७ र अन्य पालिकाका १७ जना गरेर ३४ जना स्थानीयले रोजगारी पाएका छन्। अहिले अन्वेषण स्थल जलजले हेर्न आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ।

नेवानिको न्यारोबडी सिजनमै एक सय ४२ दिनदेखि ग्राउन्डेड

निगमको उडान कटौती भएपछि एयर इन्डिया, भिस्टारा, इन्डिगो, भुटान एयर धमाधम यात्रु ओसार्न व्यस्त

नवीन अर्याल/नयाँ पत्रिका

वसन्तयामको सुरुवातसँगै नेपालमा पर्यटकीय सिजन सुरु भएको छ। भारत र चीनलगायत विभिन्न देशबाट आउने पर्यटकको वृद्धि भएसँगै कोभिडपछि सन् २०२४ मा नेपाली पर्यटन क्षेत्र सुखद बन्ने देखिन्छ। यतिवेला नेपाल भ्रमणमा आउने पर्यटकलाई बोक्न विदेशी वायुसेवा कम्पनीहरूलाई भ्याइनभ्याई छ। तर, राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि)ले यात्रु बोक्न व्यस्त राख्नुपर्ने जहाजलाई महिनौंदेखि ग्राउन्डेड राखेको छ।

विदेशी ठूला वायुसेवासँग प्रतिस्पर्धा गर्नुपर्ने निगमसँग यसै पनि जहाज अत्यन्तै कम चारवटा मात्रै छन्। निगमसँग दुईवटा वाइडबडी एयरबस ३३० र दुईवटा न्यारोबडी एयरबस ३२० विमान छन्। अन्तर्राष्ट्रिय उडानमा सबैभन्दा व्यस्त रहने न्यारोबडी ९एन-एकेएक्स कलसाइनको जहाज एक सय ४२ दिनदेखि थन्किएको छ। सोही कारण भारतको दिल्ली, मुम्बई, बैंग्लोरलगायत विभिन्न गन्तव्यका निगमले बोक्ने यात्रुलाई विदेशी वायुसेवाले बोकिरहेका छन्। निगमको अन्य देशको उडान पनि अस्तव्यस्त रहँदै आएको छ।

दायाँ पखेटामा रहेको इन्जिनमा समस्या आएपछि १३ मंसिरदेखि ९एन-एकेएक्स विमान ग्राउन्डेड गरिएको हो। जहाजको इन्जिन फेर्न भन्दै २६ पुसमा इजरायल पठाएको पनि ९९ दिन पुगिसकेको छ। इन्जिन लिजसहित मर्मतको जिम्मेवारी पाएको इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)को लापरबाहीकै कारण व्यस्त सिजनमा जहाज महिनौं ग्राउन्डेड गरेर राख्नुपरेको हो। निगम नेतृत्वले कमिसन सेटिङमा मेन्टेनेन्स, रिपेयर, ओभरल (एमआरओ) कम्पनी छनोट गरेकै कारण इजरायली कम्पनीले ढिलाइ गर्दै आइरहेको निगमकै उच्च स्रोतको भनाइ छ।

सम्झौताबमोजिम आइएआईले जहाज ग्राउन्डेड भएको जानकारी पाएको सात दिनभित्र इन्जिन भाडामा उपलब्ध गराउने र ६५ दिनसम्म इन्जिन मर्मत गरेर हस्तान्तरण गर्नुपर्छ। तर, जहाज ग्राउन्डेड भएको पाँच महिना पुग्न लाग्दा समेत आइएआईले न भाडामै इन्जिन उपलब्ध गराएको छ, न इन्जिन मर्मत नै गरिदिएको छ। बरु, इज्जिन फेर्न पठाएको विमान इजरायली भूमिमा अलपत्र अवस्थामा राखिएको छ। जबकि, अहिले इजरायल युद्धले अशान्त छ।

■ जहाज ग्राउन्डेड हुँदा उडान नै कटौती

भारतको दिल्ली उडान सबैभन्दा आकर्षक गन्तव्य मानिन्छ। निगमले काठमाडौं-दिल्ली एउटा न्यारोबडी र अर्को वाइडबडी जहाजले दैनिक दुईवटा उडान गर्दै आइरहेको थियो। जहाज ग्राउन्डेड भएपछि अहिले निगमले दैनिक एउटा मात्रै उडान गरिरहेको छ। सातामा तीन-तीन उडान गर्दै आइरहेको मुम्बईमा एउटा र बैंग्लोरमा दुईवटा उडान भइरहेका छन्। नेपालमा सबैभन्दा बढी भारतको राजधानी क्षेत्र र दक्षिण भारतबाट पर्यटक आउने गर्छन्। मार्चमा नेपाल आएका एक लाख २८ हजार पर्यटकमध्ये भारतीय मात्रै ३० हजार ६ सय ९८ रहेका छन्, जुन कुल पर्यटकको २४ प्रतिशत हिस्सा हुन आउँछ। निगमको उडान कटौती भएपछि एयर इन्डिया, भिस्टारा, इन्डिगो, भुटान एयर धमाधम यात्रु ओसार्न व्यस्त छन्।





वायुसेवा निगमका प्रवक्ता रमेश पौडेल भन्छन्-

इजरायलमा इन्जिन बनिसकेको खबर आएको छ, कम्पनीले ढिलोमा २२ तारिखसम्म जहाज हस्तान्तरण गर्छौं भनेको छ। तर, जहाज हस्तान्तरण गरेर नउडाउँदै यसै दिन आइहाल्छ भनेर ठोकुवा गर्ने अवस्था छैन।

निगमसँग एउटा मात्र न्यारोबडी उडानमा छ। कुनै कारणले त्यो जहाजको पनि उडान रोकिए विमानस्थलमा यात्रुको बिचल्ली हुने निश्चित छ। पर्यटकीय सिजन सुरु भएसँगै दिल्ली, मुम्बई, बैंग्लोर उडानमा भाडा पनि अचाक्ली बढेको छ। अहिले काठमाडौं-दिल्ली उडानकै भाडादर प्रतियात्रु ४५-५० हजारसम्म पुगेको छ। निगमको उडान कटौती हुँदा भारतीय वायुसेवा कम्पनीले पनि भाडामा मनपरी गर्न थालेका छन्।

■ एउटैबाट पौने दुई अर्ब आम्दानी गुम्यो

पछिल्लो समय एकेएक्स ग्राउन्डेड हुँदा निगमले एक अर्ब ६२ करोडभन्दा बढी आम्दानी गुमाएको निगम स्रोत बताउँछ। एउटा न्यारोबडीले दैनिक औसतमा एक करोड १५ लाख आम्दानी गर्ने बताइन्छ। सिजनमा यो आम्दानी अझ बढ्ने गर्छ। अहिले निगमकै फ्लाइटमा काठमाडौं-दिल्ली उडानकै भाडा ३५ हजारभन्दा माथि पुगेको छ। अफ सिजनमा यात्रुले आठ हजारमै पनि काठमाडौं-दिल्ली उडान गर्न पाउँछन्।

■ १० वैशाखमा ल्याउने तयारी

इजरायली कम्पनी आइएआईले जहाजको एउटा इन्जिन मर्मत भइसकेको निगमलाई जानकारी पठाएको छ। तर, अझै इन्जिन जहाजमा जोडेर परीक्षण गर्ने काम भने भएको छैन। २२ अप्रिल (१० भदौ)मा जहाज ल्याउने मिति तोकिएको निगमका प्रवक्ता रमेश पौडेलले बताए। 'इजरायलमा इन्जिन बनिसकेको खबर आएको छ, कम्पनीले ढिलोमा २२ तारिखसम्म जहाज हस्तान्तरण गर्छौं भनेको छ,' उनले भने, 'तर, जहाज हस्तान्तरण गरेर नउडाउँदै यसै दिन आइहाल्छ भनेर ठोकुवा गर्ने अवस्था छैन।'

■ इन्जिन मर्मत गर्न दुई सय १८ दिन लगाइयो

चालू आर्थिक वर्षको नौ महिनामा एकेएक्स जहाजले करिब दुई महिना मात्र उडान गरेको छ। यसअघि ३१ असार ०८० मा यही जहाजको बायाँ पखेटामा रहेको इन्जिनमा समस्या आएर ग्राउन्डेड गरिएको थियो। सो इन्जिन मर्मतका लागि निगमले ३१ भदौमा जहाज इजरायल पठाएर आइएआई कम्पनीलाई हस्तान्तरण गरेको थियो। त्यतिवेला आइएआईले उपलब्ध गराएको भाडाको इन्जिन राखेर अढाई महिनापछि ११ असोजमा नियमित उडानमा फर्किएको थियो।

तर, नियमित उडानमा फर्किएको दुई महिनामै फेरि बायाँ पखेटामा समस्या आएपछि १३ मंसिरयता जहाज ग्राउन्डेड छ। अहिले आइएआईले ३१ भदौमा छाडेको इन्जिन मर्मत गरेको बताइन्छ। सम्झौताबमोजिम ६५ दिनमा मर्मत गरिदिनुपर्ने इन्जिन मर्मतका लागि दुई सय १८ दिन लगाएको छ। त्यो पनि १० वैशाखसम्म तयार हुन्छ-हुँदैन अझै यकिन छैन। तैपनि, जहाज तोकिएकै मितिमा ल्याउन निगमको कन्टिन्युइङ एयरवर्थिनेस म्यानेजमेन्ट डिपार्टमेन्ट कस्सिएर लागेको छ। अब जहाजमा एउटा आफ्नै र अर्को भाडाको इन्जिन जोडेर नियमित उडानमा फर्किनेछ। जहाजमा ११ असोजमै एउटा भाडाको इन्जिन जडान गरिएको छ।

'पहिल्यै छाडेको इन्जिन मर्मत गरेको खबर आएको छ, पछिल्लोपटक छाडेको इन्जिनको कम्पनीले अझै खर्च स्टिमेट नै पठाएको छैन, त्यो इन्जिन उतै छाडेर जहाज फर्किनेछ,' स्रोतले भन्यो, 'अहिलेसम्म इस्टिमेट कस्ट नै आएको छैन, कम्पनीले कहिले स्टिमेट कस्ट पठाउला, निगमले कहिले स्वीकृत गर्ला, इन्जिन कहिले मर्मत सकिएला ?' जबकि, कम्पनीले ३१ भदौमा छाडेको इन्जिन अर्को वर्षको १० वैशाखमा बल्ल हस्तान्तरण गर्ने जानकारी पठाएको छ।

दुधकोशीको क्षमता ३५ मेगावाट थप गरिँदै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

खोटाङ, ओखलढुंगा र सोलुखुम्बुमा बन्ने दुधकोशी जलाशय जलविद्युत् आयोजनाको जडित क्षमता ३५ मेगावाट थप गरिने भएको छ। यसअघि उक्त परियोजना ६ सय ३५ मेगावाटको बनाउने भनिएकोमा अहिले ६ सय ७० मेगावाटमा पुऱ्याउने गरी प्रक्रिया अघि बढाइएको हो।

विशेष गरी बाधसँगै जोडिएको (ड्याम टो) विद्युत्गृहको क्षमता ३५ मेगावाट बढाउन लागिएको हो। यो परियोजनामा दुईवटा विद्युत्गृह हुनेछन्। त्यसमा ६ सय मेगावाटको मुख्य विद्यत्गृह खोटाङको धितुङ गाउँनजिक सुनकोशी नदीको देब्रे किनारमा बनाइँदै छ। त्यसमा ड्यामबाट सुरुङ बनाएर पानी लगिनेछ। त्यसबाहेक बाँधमै 'ड्याम टो' विद्युत्गृह बनाइनेछ, जुन विद्युत्गृह 'ओभरफ्लो' हुने पानीबाट चल्नेछ। उक्त विद्युत्गृह ३५ मेगावाटमा क्षमतामा सञ्चालन गर्ने डिजाइनको थियो। तर, अहिले त्यसबाट ७० मेगावाट विद्युत् निकाल्न सकिने देखिएको दुधकोशी हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत विमल गुरुङले बताए। परियोजनाको विस्तृत सम्भाव्यता प्रतिवेदन अद्यावधिक गर्ने क्रममा यस्तो सम्भावना देखिएको हो।

'हामीले वातावरण संरक्षणका लागि २५ प्रतिशत पानी खोलामै छाड्नुपर्छ। ड्याममा जम्मा गर्न पाइँदैन। त्यसरी छाडिने पानीले ७० मेगावाटसम्म विद्युत् निकाल्न सकिने देखियो,' उनले भने, 'त्यसैले परियोजनाको क्षमता अभिवृद्धि गर्न लागिएको हो। सम्भवतः अब यहीअनुसार परियोजनाको निर्माण कार्य अघि बढ्छ।'

क्षमता बढाउँदा परियोजनाको लागत केही बढ्न सक्ने नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। हाल परियोजनाको लागत अनुमान दुई अर्ब २० करोड डलर छ, त्यसमा केही रकम थप हुन सक्ने घिसिङको भनाइ छ। प्राधिकरणले सहायक कम्पनीका रूपमा दुधकोशी जलविद्युत् कम्पनी लिमिटेड स्थापना गरेर यो परियोजनाको विकास निर्माण अघि बढाएको छ।



■ डिसेम्बरभित्र परियोजनाको वित्तीय व्यवस्थापन

प्राधिकरणले आगामी डिसेम्बरभित्र परियोजनाको वित्तीय व्यवस्थापन हुने बताएको छ। विश्व बैंकलाई समेत समावेश गरेर एसियाली विकास बैंकले आफ्नो नेतृत्वमा यस परियोजनामा एक अर्ब ४५ करोड डलर हाराहारीमा ऋण लगानी गर्दै छ। यसैगरी, विभिन्न स्वदेशी संस्थाले पनि ऋण तथा सेयर लगानी गर्दै छन्। हाल लगानी सम्झौताका लागि उनीहरूसँग प्राधिकरणले छलफल गरिरहेको छ। सम्भवतः आगामी डिसेम्बरसम्म परियोजनाको वित्तीय व्यवस्थापन हुने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। गत हप्ता अर्थ मन्त्रालयमा भएको छलफलमा पनि एडिबी र विश्व बैंकले छिट्टै वित्तीय व्यवस्थापन गर्ने सहमति गरेका छन्।

> ६ सय ३५ मेगावाटको बनाउने भनिएकोमा अहिले ६ सय ७० मेगावाट पुऱ्याउने गरी अघि बढाइयो प्रक्रिया

हाल परियोजनाको प्राविधिक, वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन र सामाजिक विषयलाई अन्तिम रूप दिने काम भइरहेको छ। वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृतका लागि वन तथा वातावरण मन्त्रालयमा पेस भइसकेको छ। वित्तीय व्यवस्थापन भएपछि परियोजनाको निर्माण प्रक्रिया अघि बढाउने बताइएको छ।

सन् १९८५ मा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले यस परियोजनाको पहिचान गरेको थियो। सन् १९९८ मा नेपाल विद्युत् प्राधिकरणले यस परियोजनाको सम्भाव्यता अध्ययन गरेको थियो। त्यसपछि सन् २०१३ मा सम्भाव्यता अध्ययनको रिभ्यु गरिएको थियो। त्यसपछि यसको निर्माण अघि बढाउने प्रयास गरिएको थियो। यद्यपि, अहिले परियोजनाको सम्भाव्यता अध्ययनलाई अद्यावधिक गर्ने काम भइरहेको छ, जुन अन्तिम चरणमा पुगेको बताइएको छ। आयोजनाबाट वार्षिक रूपमा तीन अर्ब ४४ करोड युनिट विद्युत् उत्पादन हुनेछ। यसमध्ये सुक्खायाममा एक अर्ब ३६ करोड र वर्षायाममा दुई अर्ब आठ करोड युनिट विद्युत् उत्पादन हुनेछ। आयोजनाको निर्माण अवधि सात वर्षको रहेको छ।

यो परियोजना दुधकोशी नदी र यसका अन्य सहायक खोलाहरूको पानीलाई उपयोग गर्ने गरी डिजाइन गरिएको छ। यस जलाशययुक्त आयोजनाको मुख्य बाँध खोटाङ र ओखलढुंगा जिल्लाको सिमानामा पर्ने रबुवा बजारभन्दा करिब एक किमि दक्षिणमा निर्माण हुनेछ। आयोजनाका दुईवटा विद्युत्गृह हुनेछन्। त्यसमा ६ सय मेगावाटको मुख्य विद्युत्गृह खोटाङ जिल्लाको हलेसी धितुङ गाउँनजिक सुनकोशी नदीको देब्रे किनारमा भूमिगत बनाइनेछ। ७० मेगावाटसम्मको ड्याम टो विद्युत्गृह बाँधसँगै ओखलढुंगाको चिसंखुगढीमा बनाइनेछ।

दुई सय २० मिटर अग्लो रकफिल बाँधको निर्माणबाट कुल ३१.५ किमि लामो र एक सय ५८ करोड घनमिटरको जलाशय निर्माण हुनेछ। मुख्य विद्युत्गृहमा पानी पुऱ्याउन १३.२ किमि लामो सुरुङ बनाइन्छ। प्राकृतिक रूपमा उपलब्ध हुने एक सय ३२ मिटर हेड र जलाशयको निर्माणबाट सिर्जना हुने थप दुई सय १० मिटर (अधिकतम)को कृत्रिम हेड उपयोग गरिनेछ। सो विद्युत्गृहको डिजाइन डिस्चार्ज २२४.४ घनमिटर प्रतिसेकेन्ड रहेको छ। यस आयोजनाबाट उत्पादित विद्युत् करिब ८१ किमि लामो चार सय केभी डबल सर्किट प्रसारणलाइनमार्फत ढल्केबर सबस्टेसनमा जोडिनेछ।

आइक्यानको राष्ट्रिय सम्मेलन सुरु

काठमाडौं/ नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (आइक्यान)को आयोजनामा लेखा व्यवसायीको राष्ट्रिय सम्मेलन सुरु भएको छ। सम्मेलनको उद्घाटन गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक विकास र देशको समृद्धिका लागि लेखा व्यवसायीको महत्त्वपूर्ण भूमिका हुने बताए। सम्मेलनका प्रमुख वक्ता इन्टरनेसनल फेडेरेसन अफ एकाउन्टेन्ट्स (आइफ्याक)की अध्यक्ष आस्मा रेस्मौकीले दिगो लेखा अभ्यासका लागि सार्वजनिक चासोका मुद्दालाई अघि बढाउन आवश्यक रहेको बताइन्।

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सिएले मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताए। हालै प्रचलनमा आएको नेपाल फाइनान्सियल रिपोर्टिङ स्ट्यान्डर्ड (एनएफआरएस) प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको पनि उनले बताए। कार्यक्रमको आयोजक आइक्यानका अध्यक्ष सिए सुजनकुमार काफ्लेले तेम्रो सम्मेलनले विश्वभर हुँदै आएको लेखा अभ्यासको अध्ययन र यस क्षेत्रको प्रवर्द्धन तथा विस्तारमा सहयोग पुग्ने बताए। नेपाल अडिटर एसोसिएसन (अडान)का वरिष्ठ उपाध्यक्ष आरए बद्रीप्रसाद भट्टराईले दिगो लेखा अभ्यासकेन्द्रित यस सम्मेलनले आगामी दिनमा मुलुकमा सुशासन र आर्थिक वृद्धिमा टेवा पुग्ने बताए।

पर्यटन बोर्डको सिइओ बन्न २० जनाको आवेदन

काठमाडौं/ नेपाल पर्यटन बोर्डको प्रमुख कार्यकारी अधिकृत (सिइओ) बन्न २० जनाले आवेदन दिएका छन्। बोर्डको सिइओ छनोट उपसमितिले सार्वजनिक आवेदन माग गरेकोमा अन्तिम दिन बिहीबारसम्म एकजना महिलासहित २० जनाको आवेदन परेको बताइएको छ। डा. धनञ्जय रेग्मीको कार्यकाल १६ माघमा सकिएपछि बोर्ड कार्यकारी प्रमुखविहीन छ।

प्रमुख कार्यकारी बन्नका लागि बोर्डभित्रबाटै वरिष्ठ निर्देशक हिक्मतसिंह ऐर, लक्ष्मण गौतम, नवीन पोखरेल, श्रद्धा श्रेष्ठ र सन्तोषविक्रम थापाले आवेदन दिएका छन्। यस्तै, पूर्वसिइओहरू दीपकराज जोशी र डा. धनञ्जय रेग्मीले पनि फेरि सिइओ बन्न आवेदन दिएको बताइएको छ। जोशी अहिले नेपाल उद्योग परिसंघको महानिर्देशक छन्।

सिइओ अन्य दाबेदारहरूमा विजय नेपाल, पदम वन, ठाकुर देवकोटा, राजाराम गिरी, राजाराम केसी, ज्ञानेन राई, ज्ञानेश्वर महतो, सूर्यबहादुर घिमिरे, ज्ञानेन्द्र अधिकारी, दीपक बास्ताकोटी, चाक्सु मल्ल, कमल दोधारी र रामचन्द्र सेढाईं रहेका छन्।

नयाँ स्टक एक्सचेन्जको अध्ययन प्रतिवेदन आगामी साता बुझाइने

भोजराज भण्डारी/नयाँ पत्रिका

नयाँ स्टक एक्सचेन्जको आवश्यकतासम्बन्धी अध्ययन गर्न बनेको समितिले आगामी साता प्रतिवेदन बुझाउने भएको छ। नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर चिन्तामणि सिवाकोटीको संयोजकत्वमा बनाइएको समितिले प्रतिवेदन बुझाउने तयारी गरेको हो। समितिका संयोजक सिवाकोटीले सम्पूर्ण काम सकिएको र आगामी साता प्रतिवेदन बुझाउने तयारी रहेको बताए। उनले भने, 'अब करिब-करिब सम्पूर्ण काम सकिएको छ, सम्भवतः आगामी साता प्रतिवेदन बुझाउँछौं होला।'

अधिवक्ता सिजन गुरागाईं र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार आचार्य सदस्य रहेको समितिलाई ४५ दिनको समय दिइएको भए पनि एक महिना थप गरिएको थियो। सोही प्रतिवेदनका आधारमा नयाँ स्टक एक्सचेन्जको आवश्यक भए-नभएको टुंगो लाग्नेछ।

> **अन्योलमा अध्यक्ष नियुक्ति प्रक्रिया**
>
> धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति प्रक्रिया अन्योलमा परेको छ। सर्टलिस्टमा परेका उम्मेदवारहरूले २९ फागुनमा अन्तिम कार्यप्रस्तुति दिने तयारी भए पनि २८ गते अर्थ मन्त्रालयले छनोट समितिको एक सदस्य नभएको भन्दै रोकेको थियो। सर्टलिस्टमा परेका एक सदस्यले अहिले नियुक्ति प्रक्रिया रोकिनुमा नयाँ स्टक एक्सचेन्जको लाइसेन्ससँग सम्बन्ध जोडिएको बताए। उनले भने, 'लाइसेन्सको अध्ययन समितिले प्रतिवेदन बुझाउँदै छ, त्यसको निष्कर्ष नआएसम्म नियुक्ति प्रक्रिया अघि बढ्ने संकेत छैन।'
>
> अहिले धितोपत्र बोर्डको अध्यक्षकै अधिकारका रूपमा बोर्डका सदस्य अर्थ मन्त्रालयका सहसचिव रितेश शाक्य छन्। धितोपत्रसम्बन्धी ऐन, २०६३ को संशोधनले रिक्त रहेको अध्यक्ष पदमा बोर्ड सदस्यलाई अध्यक्षको अधिकार दिने बाटो खुलेको थियो।

२१ भदौ ०७९ मा बसेको तत्कालीन मन्त्रिपरिषद्को बैठकले नयाँ स्टक एक्सचेन्जलाई लाइसेन्स दिने बाटो खुला गरिदिएको थियो। लगत्तै धितोपत्र बोर्डले नयाँ स्टक एक्सचेन्जका लागि ४५ दिन अवधि राखेर २ असोज ०७९ मा आवेदन आह्वान गरेको थियो। आवेदन दिने म्याद नसकिँदै त्यसलाई स्थगित गर्न माग गर्दै रिट दायर भएपछि सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको थियो। सर्वोच्चको आदेशअनुसार ४ कात्तिक ०७९ मा बोर्डले स्टक एक्सचेन्ज र कमोडिटी एक्सचेन्जको आवेदन स्थगित गरेको थियो। उक्त रिट सर्वोच्चले खारेज गरिदिएपछि बोर्डले पुनः १० दिन म्याद राखेर ३० चैत ०७९ मा आवेदन आह्वान गरेको थियो। त्यसपछि नयाँ स्टक एक्सचेन्जका लागि हिमालयन स्टक एक्सचेन्ज, नेसनल स्टक एक्सचेन्ज अफ नेपाल र अन्नपूर्ण स्टक एक्सचेन्ज लिमिटेडले आवेदन दिएका थिए। बोर्डले स्टक एक्सचेन्जको लाइसेन्सका लागि मूल्यांकन समिति गठन गरेर प्रक्रिया अगाडि बढाएपछि मन्त्रिपरिषद्को २६ वैशाख ०८० को बैठकले स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रिया रोक्ने निर्देशन दिएको थियो।

यसैबीच संसद्को अर्थ समितिले पनि २९ जेठ ०८० मा स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रिया समितिबाट विस्तृत अध्ययन पूरा नहुँदासम्म रोक्न अर्थ मन्त्रालय र धितोपत्र बोर्डलाई निर्देशन दियो। त्यसको पाँच महिनापछि २४ कात्तिकमा समितिले लाइसेन्स प्रक्रिया अघि बढाउन बाटो खोलिदिएको थियो। धितोपत्र बोर्डका निवर्तमान अध्यक्ष रमेशकुमार हमालले अर्थ समितिबाट बाटो खुला भएपछि आवेदन दिएका कम्पनीमध्ये कुनै एकलाई लाइसेन्स दिलाउन मूल्यांकन समिति गठन गरी अघि बढाउन खोजेका थिए। तर, मन्त्रिपरिषद्बाट तत्कालीन समयमा रोकिएको हुँदा हमाल पछि हट्न बाध्य भए। स्टक एक्सचेन्जको लाइसेन्समा नीतिगत भ्रष्टाचार भएको भन्दै सांसददेखि अन्य सरोकारवाला निकायले समेत आलोचना गरेपछि अध्ययन गरेर मात्र अघि बढाउने सरकारले निर्णय गरेको हो।

Rastriya Banijya Bank Limited

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजतपत्रप्राप्त संस्था

Unaudited Financial Results
Third Quarter Ending FY 2080/81 (2023/24)

Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 30 Chaitra 2080 (12th April 2024)

Particulars	Group		Bank	
	This Quarter Ending	Immediate Previous Year Ending (Audited)	This Quarter Ending	Immediate Previous Year Ending (Audited)
Assets				
Cash and cash equivalent	13,855,046,585	9,792,016,200	13,849,480,852	9,789,494,581
Due from Nepal Rastra Bank	21,995,258,446	22,675,064,515	21,995,258,446	22,675,064,515
Placement with Bank and Financial Institutions	-	-	-	-
Derivative financial instruments	3,128,116,120	658,476,800	3,128,116,120	658,476,800
Other trading assets	-	38,594,920	-	-
Loan and advances to B/FIs	12,677,126,283	15,633,030,801	12,677,126,283	15,633,030,801
Loans and advances to customers	246,707,464,059	227,308,982,418	246,707,464,059	227,308,982,418
Investment securities	76,839,138,098	76,302,046,331	76,573,911,170	76,090,626,331
Current tax assets	5,455,787,526	4,817,335,828	5,454,890,269	4,816,614,834
Investment in subsidiaries	-	-	400,000,000	400,000,000
Investment in associates	2,308,066,590	2,308,066,591	809,443,020	809,443,020
Investment property	184,792,840	196,977,839	184,792,840	196,977,839
Property Plant and equipment	30,339,283,261	30,364,970,237	30,335,857,288	30,362,094,565
Goodwill and Intangible assets	35,973,530	51,576,681	35,091,789	50,454,590
Deferred tax assets	3,417,943	3,417,943	-	-
Other assets	33,724,182,459	5,900,622,344	33,711,913,753	5,886,219,585
Total Assets	**447,253,653,740**	**396,051,179,448**	**445,863,345,889**	**394,677,479,879**
Liabilities				
Due to Bank and Financial Institutions	1,241,348,324	1,329,691,617	1,241,348,324	1,329,691,617
Due to Nepal Rastra Bank	-	-	-	-
Derivative financial instruments	3,128,167,296	655,750,000	3,128,167,296	655,750,000
Deposits from customers	367,944,759,177	321,329,908,120	368,281,793,705	321,654,940,223
Borrowing	60,000,000	60,000,000	60,000,000	60,000,000
Current Tax Liabilities	-	-	-	-
Provisions	322,720,035	322,491,839	322,430,554	322,491,839
Deferred tax liabilities	7,820,352,699	7,454,994,597	7,820,352,699	7,454,994,597
Other liabilities	9,322,333,287	10,112,384,041	9,165,977,607	9,960,722,072
Debt securities issued	2,552,397,259	2,500,582,191	2,552,397,259	2,500,582,191
Subordinated Liabilities	-	-	-	-
Total liabilities	**392,392,078,077**	**343,765,802,405**	**392,572,467,444**	**343,939,172,539**
Equity				
Share capital	15,637,377,055	15,637,377,055	15,637,377,055	15,637,377,055
Share premium	-	-	-	-
Retained earnings	1,615,248,380	2,263,808,471	246,219,660	918,407,267
Reserves	37,608,950,228	34,384,191,517	37,407,281,730	34,182,523,018
Total equity attributable to equity holders	**54,861,575,663**	**52,285,377,043**	**53,290,878,445**	**50,738,307,340**
Non-controlling interest	-	-	-	-
Total equity	**54,861,575,663**	**52,285,377,043**	**53,290,878,445**	**50,738,307,340**
Total liabilities and equity	**447,253,653,740**	**396,051,179,448**	**445,863,345,889**	**394,677,479,879**
Contingent liabilities and commitment	**41,168,063,791**	**58,819,600,524**	**41,168,063,791**	**58,819,600,524**
Net assets value per share	**350.84**	**334.36**	**340.79**	**324.47**

Condensed Consolidated Statement of Profit or Loss
For the Quarter Ended On 30 Chaitra 2080 (12th April 2024)

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)
Interest income	6,930,391,260	22,451,088,134	8,156,487,550	22,962,971,738	6,930,391,260	22,440,249,967	8,148,323,814	22,945,701,504
Interest expense	4,676,553,178	14,455,721,999	4,646,706,100	13,437,561,225	4,680,310,977	14,467,983,346	4,656,028,234	13,446,883,359
Net interest income	**2,253,838,082**	**7,995,366,135**	**3,509,781,450**	**9,525,410,513**	**2,250,080,283**	**7,972,266,621**	**3,492,295,580**	**9,498,818,145**
Fees and commission income	299,315,582	918,825,410	291,394,570	794,210,455	299,315,582	899,146,229	285,733,623	765,731,901
Fees and commission expense	116,613,218	330,619,103	93,784,506	264,938,389	116,613,218	324,390,605	93,707,006	264,938,389
Net fee and commission income	**182,702,364**	**588,206,307**	**197,610,064**	**529,272,066**	**182,702,364**	**574,755,624**	**192,026,617**	**500,793,512**
Net interest, fee and commission income	**2,436,540,446**	**8,583,572,442**	**3,707,391,514**	**10,054,682,579**	**2,432,782,647**	**8,547,022,245**	**3,684,322,197**	**9,999,611,657**
Net trading income	(88,417,564)	57,399,622	(165,880,909)	32,840,674	(88,417,564)	39,705,221	(166,515,549)	32,206,034
Other operating income	171,983,248	346,355,768	148,132,384	524,623,285	171,983,248	346,240,049	163,737,441	541,504,615
Total operating income	**2,520,106,130**	**8,987,327,832**	**3,689,642,989**	**10,612,146,538**	**2,516,348,331**	**8,932,967,515**	**3,681,544,089**	**10,573,322,306**
Impairment charge/(reversal) for loans and other losses	370,988,739	810,453,567	1,020,488,610	1,318,952,154	370,988,739	810,453,567	1,020,488,610	1,318,952,154
Net operating income	**2,149,117,391**	**8,176,874,265**	**2,669,154,379**	**9,293,194,384**	**2,145,359,592**	**8,122,513,948**	**2,661,055,479**	**9,254,370,152**
Operating expense								
Personnel expenses	1,178,605,457	3,470,264,960	1,053,265,959	2,977,266,549	1,177,339,583	3,456,563,819	1,046,260,025	2,966,354,903
Other operating expense	308,344,035	873,077,800	236,881,965	776,705,153	308,091,035	866,284,469	237,884,584	768,646,889
Depreciation & Amortization	141,134,855	423,801,783	151,854,135	455,304,860	141,134,855	423,404,564	151,456,891	454,370,674
Operating Profit	**521,033,044**	**3,409,729,722**	**1,227,152,320**	**5,083,917,822**	**518,794,119**	**3,376,261,096**	**1,225,453,979**	**5,064,997,686**
Non operating income	(5,315,211)	23,059,283	9,853,770	44,680,246	(5,315,211)	23,059,283	9,853,770	44,680,246
Non operating expense	-	6,715,021	-	-	-	6,715,021	-	-
Share of profit of associates	-	-	-	-	-	-	-	-
Profit before income tax	**515,717,833**	**3,426,073,984**	**1,237,006,090**	**5,128,598,068**	**513,478,908**	**3,392,605,358**	**1,235,307,749**	**5,109,677,932**
Income tax expense	**154,715,351**	**1,027,583,239**	**375,702,515**	**1,542,843,170**	**154,043,674**	**1,017,781,608**	**370,384,803**	**1,532,903,380**
Current Tax	183,539,005	1,106,997,890	375,702,515	1,542,843,170	182,867,328	1,097,196,259	370,384,803	1,532,903,380
Deferred Tax	(28,823,654)	(79,414,651)			(28,823,654)	(79,414,651)	-	-
Profit for the period	**361,002,482**	**2,398,490,745**	**861,303,575**	**3,585,754,898**	**359,435,234**	**2,374,823,750**	**864,922,946**	**3,576,774,552**
Condensed Consolidated Statement of Comprehensive Income								
Profit/Loss for the period	361,002,482	2,398,490,745	861,303,575	3,585,754,898	359,435,234	2,374,823,750	864,922,946	3,576,774,552
Other Comprehensive Income	1,037,803,090	1,037,803,090	30,432,406	30,432,406	1,037,803,090	1,037,803,090	30,432,406	30,432,406
Total Comprehensive Income	**1,398,805,572**	**3,436,293,835**	**891,735,981**	**3,616,187,304**	**1,397,238,324**	**3,412,626,840**	**895,355,352**	**3,607,206,958**
Basic earnings per share		20.45		30.57		20.25		30.50
Diluted earnings per share		20.45		30.57		20.25		30.50
Profit attributable to:								
Equity holders of the Bank	1,398,805,572	3,436,293,835	891,735,981	3,616,187,304	1,397,238,324	3,412,626,840	895,355,352	3,607,206,958
Non-controlling interest	-	-	-	-	-	-	-	-
Total	**1,398,805,572**	**3,436,293,835**	**891,735,981**	**3,616,187,304**	**1,397,238,324**	**3,412,626,840**	**895,355,352**	**3,607,206,958**

Significant Ratios as per NRB Directive

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)
Capital Fund to RWA		12.32%		13.89%		12.32%		13.89%
Non-Performing Loan (NPL) to Total Loan		4.30%		3.88%		4.30%		3.88%
Total Loan Loss Provision to Total NPL		99.99%		96.00%		99.99%		96.00%
Cost of Funds		5.29%		6.42%		5.29%		6.42%
Credit to Deposit Ratio		70.53%		79.15%		70.53%		79.15%
Base Rate		7.31%		8.47%		7.31%		8.47%
Base Rate (Quarterly Average)		7.42%		8.60%		7.42%		8.60%
Interest Rate Spread		3.82%		4.06%		3.82%		4.06%

Statement of Distributable Profit or Loss
For the Quarter Ended On 30 Chaitra 2080 (12th April 2024)

Particulars	Amount (Rs.)
Opening Retained Earnings	**58,351,529**
Net profit or (loss) upto Third Quarter of F/Y 2080/81	**2,374,823,750**
1. Appropriations:	
1.1 Profit required to be appropriated to statutory reserve	**942,657,818**
a. General reserve	474,964,750
b. Capital redemption reserve	
c. Foreign exchange fluctuation fund	-
d. Corporate social responsibility fund	(12,399,506)
e. Employees' training fund	11,342,574
f. Other	
Debenture Redemption Reserve	468,750,000
1.2 Profit required to be transferred to Regulatory Reserve	**1,244,297,801**
a.Transferred to Regulatory Reserve	1,244,297,801
b.Transferred from Regulatory reserve	
Distributable Profit or (Loss)	**246,219,661**

Notes
1. The above financial statements have been prepared based on the Unified Directive 2080 issued by NRB and are NFRS compliant. The Bank has opted carve-outs on NFRSs as issued by The Institute of Chartered Accountants of Nepal whereever applicabl
2. Loans and Advances to customers include accrued interest and employee loans and are presented net of impairment charges. Higher of impairment charges calculated as per NFRS provision and NRB regulation has been charged to statement of profit or lo
3. Group represents the Bank and its wholly owned subsidiaries RBB Merchant Banking Limited and R.B.B. Securities Company Limited.
4. Intra-group transactions have been eliminated in the above consolidated financial statements.
5 Staff Bonus calculated as per prevailing Bonus Act and Regulation has been included in personnel expenses.
6. Interest rate spread of FY 2080/81 Third Quarter has been calculated as per NRB Directive 2080.
7. Corresponding previous period figures have been regrouped/ rearranged/re-classified wherever necessary.
8. The above figures are subject to change based on the direction of statutory auditor and/ or regulator.
9. Above quarterly financial results are also available in the bank's website: www.rbb.com

सिटिजन्स बैंकको १७औँ वार्षिकोत्सवमा सडक आश्रितलाई १७ दिन निःशुल्क भोजन



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो १७औँ वार्षिक उत्सवको अवसरमा निःशुल्क भोजनको व्यवस्था गरेको छ। बैंकले घरबारविहीन र मानसिक सन्तुलन गुमाएर सडकमा आश्रय लिइबसेका व्यक्तिहरूलाई २० चैतदेखि निरन्तर १७ दिनसम्म करिब १७ सयजनालाई नै भोजनको व्यवस्था गरेको जनाएको छ।

बैंकले भोटुःइन्दिरा समाज कल्याण संस्थासँगको सहकार्यमा काठमाडौंका जोरपाटी, चाबहिल, बौद्ध, मैतीदेवी, सेतोपुल, पुरानो बानेश्वर, भीमसेनगोला, बत्तीसपुतली, सिनामंगल, गौशालालगायतका स्थानमा नदी किनार, सडकछेउमा र पुलमुनि बस्ने घरबारविहीन मानिसलाई बैंकले भोजन वितरण गरेको हो।

सन् २०२० मा कोभिड-१९ को सुरुवातसँगै सडकमा आश्रित घरबारविहीन व्यक्तिहरूलाई खाना खुवाउने कार्यको थालनी गरेको संस्थाले हालसम्म तीन लाखभन्दा बढीलाई खाना खुवाएको, पाँच सयभन्दा बढीलाई अन्य सहयोग गरिसकेको दाबी बैंकको छ।

साथै, वार्षिकोत्सवकै अवसरमा बिहीबार बैंकले कोशी प्रदेशको धरान शाखाबाट निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। त्यसबाहेक कोशी प्रदेशकै धरान शाखा र महेन्द्रचोक शाखा, मधेश प्रदेशको महेन्द्रनगर धनुषा शाखा, बागमती प्रदेशको ठिमि, थानकोट, भैंसेपाटी, सामाखुसी, टेकु र नारायणगढ शाखा, कर्णाली प्रदेशको सुर्खेत शाखा, सुदूरपश्चिम प्रदेशको धनगढी र महेन्द्रनगर शाखाबाट बृहत् रक्तदान कार्यक्रमको आयोजनासमेत गरेको बताइएको छ।

हरेक वर्ष बैंकले आफ्नो वार्षिक उत्सवको उपलक्ष्यमा सामाजिक रूपान्तरणका लागि कार्य गर्ने संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी गराएको छ।

सानीगाड हाइड्रोको तेस्रो साधारणसभा

काठमाडौं/ कालंगा हाइड्रोपावर नेपालको सबैभन्दा ठूलो निजी लगानीबाट सञ्चालन गरिएको जलविद्युत् कम्पनी हो। बझाङको बुंगल नगरपालिकामा निर्माण भएको ३८.४६० मेगावाटको सानीगाड हाइड्रो, १५.३३ मेगावाटको कालंगा हाइड्रो र १०.७५ मेगावाटको बुंगल हाइड्रोको गत साता तेस्रो साधारणसभा सम्पन्न भएको छ।

साधारणसभामा तीनवटै हाइड्रोको प्रगतिबारे जानकारी दिइएको थियो। सानिगाड हाइड्रोका अध्यक्ष उमेश श्रेष्ठले अँध्यारोमुक्त सुदूरपश्चिम प्रदेश बनाउने हाइड्रोको लक्ष्य पूरा भएको बताए।

उनले नेपाल विद्युत् प्राधिकरणले समेत आस मारेको आयोजना पूरा गरेर असारभित्रै आइपिओ जारी गर्न लागेको जानकारी दिए। कालंगा हाइड्रोका अध्यक्ष खगेश्वर बोहराले निकै कठिनाइका बाबजुद पनि आयोजना सम्पन्न भएको बताए।

ग्लोबल आइएमई र हब एजुकेसनबीच सम्झौता



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड र हब इन्टरनेसनल एजुकेसन प्रालिबीच भारतमा उच्च शिक्षाका लागि जाने विद्यार्थीलाई शैक्षिक कर्जा सहज रूपमा प्रवाह गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

उक्त समझदारीपत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल तथा हब इन्टरनेसनलका संस्थापक तथा अध्यक्ष उद्धवबहादुर खड्काले हस्ताक्षर गरे। समझदारीअनुसार बैंकले हब इन्टरनेसनलमार्फत सिफारिस भएका विद्यार्थीलाई भारतका विश्वविद्यालयमा उच्च शिक्षा आर्जनका लागि आवश्यक शैक्षिक कर्जा सहज रूपमा प्रवाह गर्नेछ। हब इन्टरनेसनलद्वारा सिफारिस भएका विद्यार्थी तथा अभिभावकले आवश्यक कागजात तथा विवरणसहित बैंकको शाखा कार्यालयमा निवेदन दिएपश्चात् छिटो, सरल तथा सहज रूपमा यो कर्जा प्रवाह गरिने बताइएको छ।

६ सय २० किमि रेन्ज दिने प्रिमियम इभी एसयुभी सार्वजनिक



काठमाडौं/ विभिन्न ब्रान्डका सवारीसाधन बिक्री गर्दै आएको जी मोटर्स प्रालिले आधिकारिक वितरकका रूपमा चाइनाको लोकप्रिय ब्रान्ड स्काइवेल प्रिमियम लक्जरी इभी एसयुभी नेपालमा सार्वजनिक गरेको छ।

जी मोटर्सले ६ सय २० किमि रेन्ज दिने, फाइभ स्टार सेफ्टी रेटिङ प्राप्त रियल इभी एसयुभी बिहीबार भक्तपुरमा सार्वजनिक गर्नुका साथै स्काइवेल सोरुमको उद्घाटन पनि गरेको छ। साथै, नौ थान गाडी ग्राहकलाई डेलिभरी पनि गरेको कम्पनीले जनाएको छ।

चिनियाँ दूतवासका इकोनोमिक एन्ड कमर्सियल कन्सुलर सियू, स्काइवेल न्यु इनर्जी भेहिकलका चिनियाँ प्रतिनिधि थोमस जू र जी मोटर्स प्रालिका अध्यक्ष दुर्गाप्रसाद गेलाललेे संयुक्त रूपमा सोरुम उद्घाटन गरेका हुन्। नाडाबाट औपचारिक बुकिङ एवं ब्रान्डको बिक्री सुरुवात गरेको जी मोटर्सले छोटो समयमै स्काईवेलको प्रिमियम एवं सिंगल चार्जमा ६ सय २० किमि रेन्च दिनुका साथै प्रतिघण्टा एक सय ५० किलोवाटको ब्याट्री प्याकले ग्राहकलाई सोचेभन्दा आरामदायी यात्रा तय गराउने कम्पनीको विश्वास छ।

गाडी सार्वजनिक गर्दै आमग्राहकको उत्साहजनक सहभागितालाई हेरी एक वर्षको निःशुल्क बिमा, सडक कर, एक्सचेन्ज सुविधामा आकर्षक बोनस र विशेष छुट सुविधासमेत दिएको कम्पनीले जनाएको छ।

यो योजना वैशाख महिनाभर लागू हुने कम्पनीका प्रबन्ध निर्देशक गेलालले बताए। नेपाली बजारमा यसको मूल्य एक करोड नौ लाख रहेको कम्पनीले जनएको छ।

हार्दिक समवेदना



स्व. गीता देवी प्रधान (उम्काँथाछें)
जन्म १९९६/०२/२८
स्वर्गारोहण २०८०/१२/२५

हाम्रा प्रातः स्मरणीय **गीता देवी प्रधान**को स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथि मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुखद् घडीमा हामीप्रति समवेदना तथा सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण बन्धुवान्धव, इष्टमित्र तथा शुभचिन्तक सबेमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

श्रीमान : कृष्णलाल प्रधान (उम्काँथाछें)

छोरा/बुहारी
रुपेश प्रधान/अनिता प्रधान
मनेश प्रधान/रोजिना प्रधान
अनिस प्रधान/सोनी प्रधान
नाति, नातिनीहरू
रुबिना प्रधान, प्रार्थना प्रधान
आयुषा प्रधान, परिश प्रधान
चिरायुष प्रधान, सारा प्रधान

छोरी/ज्वाई/नाति
जया प्रधान/समिर प्रधान
चिराग प्रधान
भाइ/बुहारीहरू
डा. नन्दप्रकाश/मणि जोशी
भुषण प्रकाश/उमा जोशी
सुमन प्रकाश/सरस्वती जोशी
बहिनी/ज्वाई
अञ्जली श्रेष्ठ/श्रीहरी श्रेष्ठ

वैदेशिक...

पृष्ठ १ बाट क्रमशः

वैदेशिक रोजगारीमा जाने कामदारलाई अभिमुखीकरण तालिमअन्तर्गत गन्तव्य मुलुकमा जाँदा हवाईजहाजमा सिटबेल्ट बाँध्नेदेखि त्यहाँको भाषा, संस्कृति, रोजगारीको प्रक्रिया, सुरक्षा, प्रहरी नियम, मानसिक स्वास्थ्य समस्या हुँदा अपनाउनुपर्ने प्राथमिक उपचार र रोजगारदाताबाट कुनै समस्या भएमा अपनाउनुपर्ने कानुनी उपचारसम्म जानकारी दिइन्थ्यो । त्यसमा अनलाइन परीक्षा पनि अनिवार्य गरेर कम्तीमा ५० अंक ल्याउनुपर्ने व्यवस्था गरिएको थियो । तर, अहिले यो नियम पनि खारेज भएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्री अर्यालले कार्यदलको सुझावअनुसार कार्यविधिको पहिलो संशोधन खारेज गरेको बताए । '२४ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहालले आन्तरिक रोजगारी प्रवर्द्धन, वैदेशिक रोजगारी व्यवस्थापन र सामाजिक सुरक्षालगायतका विषयमा मन्त्रालयलाई १६ बुँदे निर्देशन दिनुभएको थियो । त्यो निर्देशनको कार्यान्वयनको अवस्था र कार्यान्वनयमा देखिएका समस्याबारे अध्ययन गर्न २ ९ फागुनमा कार्यदल बनाएका थियौं । सोही कार्यदलले २७ चैतमा बुझाएको सुझाव प्रतिवेदनका आधारमा कार्यविधिको पहिलो संशोधन खारेज गरिएको हो,' उनले भने, 'त्यसमाथि कार्यविधिको पहिलो संशोधन श्रमिकको हितमा थिएन । त्यो निर्णयले श्रमिकलाई अनावश्यक आर्थिक भार परेको थियो । सोही कुरालाई दृष्टिगत गर्दै शुल्कवृद्धिको निर्णय खारेज गरिएको हो ।' कार्यदलले दिएको प्रतिवेदनअनुसार अन्य सुझावहरू कार्यान्वयनका लागि अध्ययन भइरहेको र क्रमशः कार्यान्वयन गर्दै जाने उनले बताए ।

विवादबीच...

पृष्ठ १ बाट क्रमशः

नै पद तथा गोपनीयताको शपथ गराएका छन् । निवर्तमान मुख्यमन्त्री कमलबहादुर शाह भने शपथग्रहणमा कार्यक्रममा सहभागी भएनन् । हाल ५२ सदस्य रहेको प्रदेश सभामा सरकार गठनका लागि २७ सदस्यको समर्थन आवश्यक पर्छ । सोडारीलाई उनको पार्टी समाजवादीका चारसहित माओवादी र एमालेका १०-१०, नागरिक उन्मुक्तिका दुई र स्वतन्त्र सांसद डा. तारा जोशीसहित २७ जनाको समर्थन छ ।

सोडारीलाई मुख्यमन्त्री नियुक्त गरिएकोमा नागरिक उन्मुक्तिको रेशम चौधरी पक्षले आपत्ति जनाएको छ । अध्यक्ष रञ्जिता श्रेष्ठ पक्षका कैलाश चौधरीले भने भौतिक पूर्वाधार विकासमन्त्रीका रूपमा शपथ लिएका छन् । यही समूहकी टीका थापा पनि मन्त्री बन्दै छिन् ।

रेशम पक्षले भने यसअघि नागरिक उन्मुक्तिबाट मुख्यमन्त्रीमा दुई सांसदले गरेको दाबी पेसमा सनाखत नगरी रद्द गरिएको, नाउपाभित्रको आधिकारिताको विवादको परीक्षण नभई सांसद संख्या गणना भएको भन्दै आपत्ति जनाएको छ । कांग्रेसले पनि त्यसमा साथ दिएको छ । रेशमको पक्षमा पाँच सांसद छन्, उनीहरूले सोडारीलाई समर्थन जनाएका छैनन् ।

सोडारीले मुख्यमन्त्रीमा दाबी पेस गरेलगत्तै पाँचैजनाले सोडारीलाई आफ्नो पार्टीको समर्थन नरहेको पत्र प्रदेश प्रमुखलाई बुझाएका थिए । नागरिक उन्मुक्तिमा दलको नेता कसलाई मान्ने भन्ने विवाद छ । अध्यक्ष श्रेष्ठले घनश्याम चौधरीलाई दलको नेताबाट हटाएर कैलाश चौधरीलाई जिम्मेवारी दिएकी छिन् । घनश्यामले आधिकारिक रूपमा संसदीय दलले चयन गरेको नेता आफू भएको दाबी गर्दै सोडारीलाई समर्थन नरहेको पत्र बुझाएका हुन् ।

'म सर्वसम्मत रूपमा नेता चयन भएको हुँ । मुख्यमन्त्री नियुक्तिमा मैले समर्थन जनाएको छैन । तर, संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार निर्माण गर्नका लागि नागरिक उन्मुक्तिको नाममा माननीय कैलाश चौधरीले किर्ते हस्ताक्षर गरेर समर्थन बुझाउनुभएको छ,' उनले भने, 'त्यो समर्थन नागरिक उन्मुक्ति पार्टीको होइन । त्यो अवैधानिक छ ।'

एमाले तत्काल सरकारमा सहभागी नहुने

यसअघि सोडारीबाहेक मुख्यन्त्री हुनुपर्ने अडानमा रहेको एमालेले अन्ततः समर्थन जनाएको छ । तर, तत्काल सरकारमा सहभागी नहुने भएको छ । स्रोतका अनुसार एमालेले सरकारलाई समर्थन जनाए पनि तत्काल सरकारमा सहभागी नहुन पार्टी नेतृत्वको निर्देशन छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले बिहीबार दिउँसो निर्देशन दिएपछि संसदीय दलका नेता राजेन्द्रसिंह रावलले मुख्यमन्त्रीमा समर्थन जनाएको पत्र दिएका थिए । एमालेले सोडारीलाई समर्थन जनाउन नसकिने अडान लिएपछि केन्द्रमा समाजवादीका अध्यक्ष माधवकुमार नेपाललले कांग्रेस सभापति शेरबहादुर देउवासँग सुदूरपश्चिममा सरकार गठनको विषयमा छलफल गरेका थिए ।

त्यसअघि पूर्वसमझदारीअनुसार सुदूरपश्चिममा सरकारको नेतृत्व पाउने अवस्था नभएपछि एकीकृत समाजवादीले कांग्रेससँग मिलेर नागरिक उन्मुक्ति पार्टीका सांसद लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीमा अघि सारेको थियो । यसले गठबन्धनमै समस्या हुने भएपछि गठबन्धनका शीर्ष नेता प्रदेश सरकारको नेतृत्व समाजवादीलाई दिन सहमत भएका थिए ।

त्यस्तै, एमाले-माओवादीको समर्थनमा नागरिक उन्मुक्तिकै कैलाश चौधरीले मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । एउटै पार्टीबाट दुईजनाको दाबी परेकाले निर्णय लिन नसकिएको भन्दै प्रदेश प्रमुखले अस्वीकृत गरिदिएका थिए ।

कोशी प्रदेश सभामा मुख्यमन्त्रीविरुद्धको संकल्प प्रस्ताव पेस

विराटनगर/ मुख्यमन्त्री केदार कार्कीविरुद्ध एमाले र माओवादीले दर्ता गरेको संकल्प प्रस्ताव कोशी प्रदेश सभामा पेस भएको छ । संविधानको धारा १८३ को उपधारा ३ अनुसार प्रदेश सभाका दुईचौथाइ सदस्यहरूको लिखित अनुरोधमा प्रदेश प्रमुख परशुराम खापुडले आह्वान गरेको विशेष अधिवेशनको बिहीबार बसेको पहिलो बैठकमा संकल्प प्रस्ताव पेस भएको हो ।

एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले प्रदेश सभाको पहिलो बैठकमा मुख्यमन्त्री कार्कीलाई २५ वैशाखभित्रै कि त संसद् फेस गर्नुपर्ने, कि त राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्न आग्रह गर्दै संकल्प प्रस्ताव संसद्मा टेबुल गरेका थिए । भण्डारीले पेस गरेको प्रस्तावलाई माओवादी सांसद गणेश उप्रेती र एमालेका किशोरचन्द्र दुलाललले समर्थन गरेका थिए । संकल्प प्रस्ताव शुक्रबार बहुमतले पारित गराउने योजना विपक्षी दल एमाले र माओवादीको छ ।

एमाले प्रमुख सचेतक भण्डारीले संसद्ले पारित गरेको संकल्प प्रस्ताव मान्नुपर्ने विश्वव्यापी संसदीय प्रणालीको मान्यता भएको र यसबारे कुनै पनि अदालतमा मुद्दा नचल्ने बताए । उनले प्रतिनिधिसभा विघटन हुँदा सर्वोच्च अदालतले गरेको फैसलाको नजिर अनि संविधानको धारा र प्रदेश सभा सञ्चालनको नियम पालना गर्दै अल्पमतमा परिसकेका मुख्यमन्त्री कार्कीले राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्न आग्रह गरे ।

मधेशमा ११औँपटक मन्त्रिपरिषद् विस्तार

जनकपुरधाम/ मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले १५ महिनामा ११ पटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री यादवको सिफारिसमा प्रदेश प्रमुख सुमित्रादेवी भण्डारीले बिहीबार तीन मन्त्री र एक राज्यमन्त्रीलाई शपथ गराएकी हुन् ।

मन्त्री नियुक्त हुनेमा माओवादी संसदीय दलका नेता भरतप्रसाद साह, युवराज भट्टराई र एकीकृत समाजवादीकी बेची लुंगेली छन् । महोत्तरी १ (१)बाट निर्वाचित साह र सर्लाही १ (२) बाट निर्वाचित लुंगेलीलाई विनाविभागीय र रौतहट ४ (१) बाट निर्वाचित भट्टराईलाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी दिइएको छ । माओवादीले उद्योग तथा पर्यटनमन्त्री सुनिता यादव र राज्यमन्त्री रहबर अन्सारीलाई फिर्ता बोलाएर भट्टराईलाई मन्त्री बनाएको हो । एमालेकी शारदा थापाले गृह तथा सञ्चार राज्यमन्त्रीका रूपमा शपथ लिएकी छिन् ।

लुम्बिनीमा तीन मन्त्रीले लिए शपथ, जिम्मेवारी पाएनन्

लुम्बिनी/ लुम्बिनी प्रदेशमा गठबन्धनमा आबद्ध दलहरूको चित्त बुझाउन मन्त्रालयको संख्या बढाउने तयारी भएको छ । हाल मन्त्रिपरिषद्को संख्या ११ सदस्यीय छ । माओवादीले मुख्यमन्त्रीबाहेक दुईवटा मन्त्रालय लिने सहमति भएको छ । माओवादीबाट मुख्यमन्त्रीबाहेक एकजना मात्र नियुक्त भएकाले थप एकजना नियुक्त हुँदा मन्त्रिपरिषद् १२ सदस्यीय हुने भएको छ ।

माओवादीबाट सरकारमा सहभागी भएका दीपेन्द्रकुमार पुनमगरले पार्टीको आन्तरिक कारणले गर्दा मन्त्रिपरिषद्मा थपिने सदस्यको टुंगो नलागेको बताए । उनले माओवादीबाट थप एकजना नियुक्त भएपछि १२ सदस्यीय मन्त्रिपरिषद् हुने बताए ।

२५ चैतमा शपथ लिएसँगै तीन दलका तीनजनालाई विनाविभागीय मन्त्री नियुक्त गरेका महराले बिहीबार केही मन्त्रीहरूको कार्यविभाजन गरेका हुन् । उनले एमालेका चेतनारायण आचार्यलाई आर्थिक मामिला तथा योजना, माओवादीका दीपेन्द्रकुमार पुनमगरलाई स्वास्थ्य र जसपाका भण्डारीलाल अहिरलाई कृषि तथा भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी तोकेका छन् ।

एमालेबाट नियुक्त भएका दिनेश पन्थी, भूमिश्वर ढकाल, अर्जुनकुमार केसी र रत्नबहादुर खत्री, एकीकृत समाजवादीकी भगवती अधिकारी, नागरिक उन्मुक्तिका धर्मबहादुर चौधरी र स्वतन्त्र सांसद खड्ग बस्नेतलाई विनाविभागीय मन्त्री नियुक्त गरेका छन् । एमालेका नेताहरू केही दिनका लागि काठमाडौं जानुपर्ने भएकाले कार्यविभाजन रोकिएको मन्त्री पुनमगरले बताए । नियुक्त भएका मन्त्रीहरूले प्रदेश प्रमुख अमिक शेरचनसमक्ष बिहीबार नै शपथ लिएका छन् ।

नेपालमा...

पृष्ठ १ बाट क्रमशः

सुन तथा चाँदी खरिद नगरी आजको बजार मूल्यमा सुन तथा चाँदी किन्न वा बेच्न सक्नुहुन्छ ।'

नेपालमा डिजिटल सुनचाँदी र गहना किनबेच अवैध रहेको नियामक निकायहरू बताउँछन् । डेरिभेटिभ्स कारोबार र वस्तु विनिमयको नियमन गर्ने निकाय धितोपत्र बोर्डले नेपालमा कुनै पनि कम्पनीलाई डिजिटल कमोडिटी कारोबार वा विनिमयको अनुमति नदिएको जनाएको छ । बोर्डका सूचना अधिकारी तेजप्रसाद देवकोटाले डेरिभेटिभ्स कारोबारको अनुमति नेपाल स्टक एक्सचेन्जलाई दिनेबाहेक वस्तु विनिमय र अन्य अभौतिक वस्तुको कारोबारको अनुमति नभएको बताए । उनले भने, 'बोर्डले अहिलेसम्म कसैलाई यस्तो अनुमति दिएको छैन । डेरिभेटिभ्स बजारको एकल अधिकार नेप्सेलाई दिइएको छ । अनुमति नलिई यस्तो कारोबार कसको क्षेत्राधिकारमा पर्ने भन्ने स्पष्ट भएन । तर, वस्तु विनिमय शाखाले यसलाई अध्ययन गरेर कारबाही अघि बढाउँछ ।'

ब्लकचेन प्रणालीमा आधारित क्रिप्टोकरेन्सी कारोबारमा प्रतिबन्ध लगाइरहेको नेपाल राष्ट्र बैंकलाई आर्थैले इजाजत दिएको भुक्तानी सेवा प्रदायक माइपेको संलग्नतामा भइरहेको यस्तो कारोबारको जानकारी छैन । राष्ट्र बैंकका प्रवक्ता एवं भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले सुनचाँदीको कारोबारअन्तर्गत आयात गर्ने अधिकार वाणिज्य बैंकहरूलाई र बिक्री-वितरणको अधिकार सुनचाँदीका आधिकारिक बिक्रेताबाहेकलाई नभएको बताए । उनले भने, 'वालेटबाटै यस्तो कारोबार भइरहेको छ भने हामी त्यसलाई हेर्छौं । हामीले डिजिटल सुनचाँदीलाई अहिलेसम्म मान्यता दिएका छैनौं ।' यसअघि योपो सुपर एपमार्फत डिजिटल सुनको किनबेच गर्ने घोषणा भए पनि हालसम्म सञ्चालनमा आएको छैन ।

माइपेका सूचना अधिकारी लोकेन्द्र कट्टवालले भने यसबारे आफूलाई जानकारी नभएको बताए । उनले कार्यालयको व्यवस्थापन तहमा बुझेर मात्रै जानकारी दिन सकिने बताए ।

यस्तो छ नेपालमा सुनचाँदी कारोबारको कानुनी व्यवस्था

५ वैशाख ०६८ मा राष्ट्र बैंकले पहिलोपटक सुन आयात तथा बिक्री-वितरण कार्यविधि जारी गरेको थियो । कार्यविधिअनुसार नेपाल बैंकर्स संघको सिफारिसमा क वर्गका बैंक (वाणिज्य बैंकहरू)ले मात्र सुनको आयात गर्न सक्छन् । त्यसको परिमाण भने राष्ट्र बैंकले तोक्ने व्यवस्था छ । बैंकले आयात गरेको सुन दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेका व्यवसायीहरूको आधिकारिक संघ/संगठनमा आबद्ध 'सुनको कारोबार गर्न अनुमति प्राप्त गरेका व्यवसायी'लाई मात्र बिक्री गर्न पाइने व्यवस्था छ । यो व्यवस्थाअनुसार नेपालमा सुनचाँदी कारोबारसँग सम्बन्धित आधिकारिक संगठनमा आबद्ध व्यवसायीले मात्रै सुनचाँदी कारोबार गर्न पाउने नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले बताए ।

'वस्तु विनिमयको अनुमति धितोपत्र बोर्डले कार्यविधि बनाएर दिने विगतमा निर्णय भए पनि हालसम्म जारी भएको छैन । यस्तो वेलामा जो पायो उसैले सुनचाँदीको नाममा यस्तो कारोबार गर्न पाइँदैन, यो गैरकानुनी हो,' उनले भने । नेपालमा ढिका सुनको कारोबार नै बर्जित भएको अवस्थामा डिजिटल सुनचाँदी कारोबार गैरकानुनी हुने उनको भनाइ छ । गरगहना बनाउँदासमेत १० देखि १५ प्रतिशतसम्म लागत पर्ने अवस्थामा डिजिटल सुनको नाममा १५ प्रतिशतसम्म शुल्क असुल्नु अवैध काम भएको उनले बताए ।

सुन कारोबारको सम्बन्धमा राष्ट्र बैंकले सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्रीसम्बन्धी कार्यविधि, २०७५ नै बनाएको छ । जसअनुसार टकमरी, असर्फी, मेडल बनाएर बिक्री गर्न सकिने उल्लेख छ ।

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.
First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको पीक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

INTERIM FINANCIAL STATEMENTS

Condensed Statement of Financial Position
As of Quarter ended 30 Chaitra 2080 (12/04/2024)

	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalent	138,748,265	1,168,483,850
Statutory Balances and Due from NRB	30,818,475	137,818,475
Placement with Bank & Financial Institutions	-	100,000,000
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans & Advances to MFIs & Cooperatives	7,397,234,386	7,656,215,812
Loans and Advances to Customers	22,240,017	20,827,294
Investment Securities	1,305,600	1,305,600
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	6,988,241	8,061,950
Goodwill and Intangible assets	-	-
Deferred Tax assets	3,197,446	3,197,446
Other Assets	63,252,266	38,607,236
Total Assets	**7,663,784,696**	**9,134,517,663**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposit from Customers	-	-
Borrowing	5,970,042,347	7,465,041,948
Current Tax Liabilities	1,363,068	7,191,967
Provisions	-	-
Deferred tax Liabilities	-	-
Other Liabilities	65,851,171	78,328,707
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**6,037,256,586**	**7,550,562,622**
Equity		
Share Capital	1,233,826,902	1,147,745,956
Share Premium	-	-
Retained Earnings	95,094,507	181,576,133
Reserves	297,606,701	254,632,952
Total Equity	**1,626,528,110**	**1,583,955,041**
Total Liabilities and Equity	**7,663,784,696**	**9,134,517,663**

Condensed Statement of Profit or Loss
Upto Chaitra End 2080

Particular	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest Income	215,219,789	678,490,218	333,682,058	1,102,873,921
Interest Expense	(115,994,609)	(425,432,783)	(246,614,170)	(785,238,607)
Net Interest Income	**99,225,180**	**253,057,435**	**87,067,888**	**317,635,314**
Fee and Commission Income	6,646,913	20,475,264	6,361,409	46,944,582
Fee and Commission Expense	(167,500)	(1,851,813)	(2,107,500)	(9,423,369)
Net Fee and Commission Income	**6,479,413**	**18,623,451**	**4,253,909**	**37,521,213**
Net Interest, Fee and Commission Income	**105,704,593**	**271,680,886**	**91,321,797**	**355,156,527**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**105,704,593**	**271,680,886**	**91,321,797**	**355,156,527**
Impairment Charge for Loans and other Losses	(34,391,089)	(34,391,089)	-	(15,892,296)
Net Operating Income	**71,313,504**	**237,289,797**	**91,321,797**	**339,264,231**
Operating Expenses	**(15,380,058)**	**(49,391,198)**	**(19,759,359)**	**(61,296,798)**
Personnel Expenses	(11,136,490)	(38,374,469)	(14,749,444)	(49,693,206)
Other Operating Expenses	(3,723,917)	(9,463,824)	(4,449,991)	(9,932,276)
Depreciation and Amortisation	(519,651)	(1,552,905)	(559,924)	(1,671,316)
Operating Profit	**55,933,446**	**187,898,599**	**71,562,438**	**277,967,433**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**55,933,446**	**187,898,599**	**71,562,438**	**277,967,433**
Income Tax Expense	(10,587,589)	(57,638,228)	(21,468,731)	(83,390,230)
Current Tax	(10,587,589)	(57,638,228)	(21,468,731)	(83,390,230)
Deferred Tax	-	-	-	-
Profit (Loss) for the Period	**45,345,857**	**130,260,371**	**50,093,707**	**194,577,203**

Condensed Statement of Comprehensive Income

Particular	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Profit (Loss) for the Period	45,345,857	130,260,371	50,093,706	194,577,202
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	45,345,857	**130,260,371**	**50,093,706**	194,577,202
Basic Earnings per Share		14.08		22.60
Diluted Earnings per Share		14.08		22.60
Profit For the Period	**45,345,857**	**130,260,371**	**50,093,706**	**194,577,202**
Total	**45,345,857**	**130,260,371**	**50,093,706**	**194,577,202**

Ratio As per NRB Directive

Ratios	Current Year		Corresponding Previous Year	
	This Quarter	Quarter End	This Quarter	Quarter End
Capital Fund to RWA		21.39%		18.03%
Non-Performing Loan (NPL) to Toal Loan		3.12%		0.47%
Net NPL to Net Loan		0.74%		0.20%
Total Loan Loss Provision to Total NPL		125.71%		389.14%
Cost of Funds (Chaitra Month)		9.57%		12.58%
Credit to Deposit and Borrowing Ratio		128.96%		116.70%
Base Rate (Chaitra Month)		10.41%		13.34%
Interest Rate Spread		2.06%		1.84%

Statement of Distributable Profit or Loss
Upto Chaitra End 2080

	Current Year (Upto This Qtr)	Previous Year (Corresponding Qtr)
Net Profit or (Loss) as per Statement of Profit or Loss	**130,260,371**	**194,577,202**
Appropriations		
a. General Reserve	(26,052,074)	(38,915,440)
b. Capital Redemption Reserve		
c. Corporate Social Responsiability	(1,302,604)	(1,945,772)
d. Employee Training Fund	-	-
e. Client Protection Fund	(1,302,604)	(1,945,772)
f. Other	-	-
Profit or (Loss) Before Regulatory Adjustment	**101,603,089**	**151,770,218**
Regulatory Adjustment		
a. (Interest Receivable)/previous Accured Interest Received	(15,922,823)	(12,008,658)
b. (Short loan loss provision in accounts)/Reversal	-	-
c. (Short provision for possible loss in investment)/Reversal	-	-
d. (Short loan loss provision on Non Banking Asset)/Reversal	-	-
e. (Deffered Tax Asset Reconized)/Reversal	-	-
f. (Goodwill Recognized)/Impairment of Goodwill	-	-
g. (Bargain Purchase Gain Reconized)/Reversal	-	-
h. (Acturial Loss Regognized)/Reversal	-	-
i. Other	-	-
Net Profit or (loss) for the year ended available for Distribution	**85,680,267**	**139,761,560**
Opening Retained Earning	181,576,133	219,940,890
Adjustment (+-)		
Distribution:	**(172,161,892)**	**(192,898,480)**
Bonus Share Issued	(86,080,946)	(183,253,556)
Cash Dividend Paid	(86,080,946)	(9,644,924)
Total Distributabe Profit or (Loss) as on Qtr End Date	**95,094,508**	**166,803,970**
Distributable Profit/Loss Per Share	**10.02**	**18.59**

Notes to Interim Financial Statements:

1. The above figure are subjet to change as per the direction of the Regulators and/or external auditors.
2. The interim financial statement have been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the accounting Standards Board, Nepal and the carve out issued by ICAN
3. Loans and Advances to MFIs and Co-operatives are presented net amount of impairment allowances.
4. Loans and Advances to Customers are presented loans to employee. Which are measured at amortized costs
5. Last year figures has been reclassified, restated & corrected wherever necessary for the purpose for comparability.
6. Interim Financial Statements has been updated in the Microfinane website: www.fmdb.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम ३६ को उपनियम १ संग सम्बन्धित)
आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यस लघु वित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ ।
संस्थासंग सम्बन्धित पक्षहरुसंगको कारोबारमा यस संस्थाका संस्थापक शेयरधनी बैंक तथा वित्तीय संस्थाहरु संग भएको कारोबारको विवरण निम्न बमोजिम रहेको छ :

रकम रु करोडमा

सम्बन्धित पक्ष	सम्बन्ध	कर्जा सापटी	ब्याज खर्च	शेयर रजिष्ट्रार सेवा खर्च
ग्लोबल आइएमई बैंक लि	यस संस्थाको ९.९९ प्रतिशत संस्थापक शेयर धारण	१७०.२५	१०.१५	-
प्रभु बैंक लि.	यस संस्थाको १०.९३ प्रतिशत संस्थापक शेयर धारण	५७.३६	३.९५	-
कुमारी बैंक लि.	यस संस्थाको ३.६४ प्रतिशत संस्थापक शेयर धारण	९३.९३	०.८६	-
राष्ट्रिय बाणिज्य बैंक लि.	यस संस्थाको ९.७१ प्रतिशत संस्थापक शेयर धारण	५६.३३	०.४१	-
ग्लोबल आइएमई क्यापिटल लि.	ग्लोबल आइएमई बैंक लि. को सहायक कम्पनी	-	-	०.०१

यसका साथै माथि उल्लेखित बैंकहरुमा खाताहरु पनि सञ्चालनमा रहेको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी रु.	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति शेयर नेटवर्थ रु.	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	तरलता अनुपात (प्रतिशत)
१४.०८	४३.९१	१३१.८३	६२१.१४	२.८४

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको बैंक मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :
अधिल्लो आर्थिक वर्ष अन्त्यको तुलनामा यस त्रैमास मसान्तमा तरलता मौज्दातमा ८७.२४ प्रतिशतले संकुचन, संचित नाफा तथा जगेडा कोषमा ९.९७ प्रतिशतले संकुचन भएको छ । यस आ.व. को तेस्रो त्रैमास मसान्त सम्मको खुद मुनाफा अधिल्लो वर्षको तेस्रो त्रैमास मसान्तको तुलनामा ३३.०५ प्रतिशतले घटेको छ । यस आ.व. को तेस्रो त्रैमास सम्ममा यस संस्थाको खुद मुनाफा तेह्र करोड दुई लाख साठी हजार तिन सय एकहत्तर रहेको छ । यस त्रैमासमा अधिल्लो आ. व. मसान्तको तुलनामा संस्थाको खुद कर्जा लगानी रकम ३.३८ प्रतिशतले घटेको छ । कर्जा असूलीको रकमबाट ब्याजदर लागत बढी भएको ऋण सापटी चुक्ता गर्नुका साथै तरलता व्यवस्थापन गरिएको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
यस लघु वित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय थोक लघु कर्जा सेवा दिने कार्यमा केन्द्रित रहेको छ । साझेदार संस्थाहरु मार्फत अधिकतम ऋणीहरु सम्म वित्तीय पहुँच बृद्धि गर्नका लागि व्यवस्थापनले आगामी दिनमा अझ प्रभावकारी रुपमा काम गर्नेछ । वित्तीय क्षेत्रका विभिन्न सूचकहरुलाई मध्यनजर गर्दै अधिल्लो त्रैमास मसान्तमा कर्जा लगानी संकुचित भएकोमा यस त्रैमासमा न्यून जोखिम देखिएका संस्थाहरुमा कर्जा प्रवाह गरि वासलातको आकार केहि बढेको क्रमलाई निरन्तरता दिँदै वासलातको आकारमा बृद्धि गर्दै जाने सम्भावनाहरु रहेको छ । आकारका साथै आगामी त्रैमासमा अवसर र चुनौतीहरुलाई मध्यनजरमा राखी वासलातका सम्पतिको गुणस्तर कायम गर्दै संयमताका साथ अघि बढ्ने योजना रहेको छ

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
चालु आ.व. को यस त्रैमास मसान्तसम्म व्यवसायको आकार अनुसार संचालन मुनाफा सन्तोषजनक रहेको छ । देशको आर्थिक गतिविधिमा देखिएको संकुचनको कारण थप कर्जा प्रवाह र असुलीमा असर पर्न सक्ने देखिएको छ । केहि संस्थामा बढ्दो जोखिम बाहेक अन्य कर्जा असुली नियमित रहेको छ र संस्थाले ऋणी संस्थाहरुको नियमित रुपमा अनुगमन, जोखिम मूल्यांकन र असुलीमा जोड दिइरहेको छ । आगामी दिनहरुमा संस्थाको ब्याजदर अन्तरको दरमा संकुचन आउने संकेत देखिएको छ भने देशको समग्र आर्थिक स्थिति सुधार भइ संगै संस्थाको स्थिति पनि सुधार हुँदै जाने अपेक्षा गरिएको छ ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :
यस अवधिमा संस्थाले कर्जा असूलीको लागि कर्जा असुली न्यायाधिकरणमा दर्ता गरिएको नियमित मुद्दा बाहेक अन्य मुद्दा नभएको र संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :
संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :
कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
यस लघु वित्त वित्तीय संस्थाको शेयर कारोबारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोबार अवलोकन गरिरहेको छ । समिक्षा अवधिमा शेयरको मूल्यमा तात्विक असर पार्ने लघु वित्त वित्तीय संस्था विरुद्धको आन्दोलन बाहेक कुनै पनि असामान्य घटना घटेको छैन । यस त्रैमासमा नेप्सेमा जम्मा ५८ दिन कारोबार भएको छ र यस लघु वित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकाङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाइन्छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :
मिति २०८०/१०/०१ देखि २०८०/१२/३० सम्मको अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न विवरण अनुसार भएको देखिन्छ ।

अधिकतम मूल्य रु	न्यूनतम मूल्य रु	अन्तिम मूल्य रु	कारोवार भएको कूल दिन	कारोवारको संख्या	कारोवार भएको कुल शेयर संख्या
६८५.००	५६५.००	६९८.१०	५८	८,२

शुक्रबार ७ वैशाख ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क.ह.नि.इ.न. १७/०६९/०७०

टी-२० मा नेपाल र युएईबीचका ९ भिडन्त

एसिसी प्रिमियर कपको साबिक विजेता नेपाल आज सेमिफाइनलमा युएईविरुद्ध भिड्दै, अहिलेसम्मका टी-२० आई भिडन्तमा युएईमाथि नेपालको पाँच जित

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालले चिरपरिचित प्रतिद्वन्द्वी युएईविरुद्ध शुक्रबार (आज) एसिसी प्रिमियर कप- २०२४ को सेमिफाइनलमा प्रतिस्पर्धा गर्दै छ। अर्को सेमिफाइनल ओमान र हङकङबीच हुनेछ। प्रतियोगिताको विजेताले एसिया कपमा भारत र पाकिस्तानसँग खेल्ने अवसर पाउनेछ। नेपाल 'ए'को समूह विजेता र युएई समूह 'ए'को उपविजेता हुन्। प्रतियोगिताकै साबिक विजेता रहेको नेपालको लक्ष्य उपाधि रक्षा गर्नु हो। उपाधि विजेताले एसिया कप खेल्नेछ। नेपालले एसिया कप र उपाधि रक्षा गर्न पहिलो खुड्किलोका रूपमा युएईको चुनौती पाखा लगाउनुपर्नेछ। एकदिवसीय र टी-२० फर्म्याटमा यी दुईबीचको खेल महत्त्वका साथ हेरिने गरिन्छ। पछिल्लो समय नेपालका मध्यक्रमका ब्याट्समान दीपेन्द्र सिंह ऐरी उत्कृष्ट फर्ममा छन्। युएईका बलर माथि उनी हावी हुन सक्छन्।

दुवै टोली एकअर्काका कठिन प्रतिद्वन्द्वी हुन्। महत्त्वपूर्ण खेलमा युएई र नेपालबीचको भिडन्त रोमाञ्चक भइरहेको तथ्यांक छ। पछिल्लो समयमा नेपाल उत्कृष्ट लयमा छ। कुनै समय युएई हाबी हुने गर्थ्यो। तर, अहिले नेपालले उल्टै युएईविरुद्ध उत्कृष्ट जित निकालेको छ। गत वर्ष प्रिमियर कपको फाइनलमा युएईलाई सात विकेटले हराउँदै नेपालले पहिलोपटक एसिया कपमा भारत र पाकिस्तानसँग खेलेको थियो। नेपालले आइसिसी टी-२० विश्वकप एसिया छनोटको सेमिफाइनलमा युएईलाई आठ विकेटले हराउँदै १० वर्षपछि विश्वकपमा स्थान बनाएको थियो। आइसिसी विश्वकप लिग-२ को अन्तिम खेलमा ३१० रन बनाएर पनि युएई हारेको थियो।

नेपाल र युएईबीच नौ अन्तर्राष्ट्रिय टी-२० खेल भएका छन्। जसमा नेपालले पाँच र युएईले चार खेलमा जित निकालेका छन्। एक वर्षभित्र नेपालले युएईलाई चारमध्ये तीन खेलमा हराएको छ। यी सबै जित नेपालले घरेलु मैदानमा निकालेको थियो। एजेन्सीको सहयोगमा दुईबीचका खेल नतिजा यस्ता छन् :

३ नोभेम्बर २०२३
युएई १३४/९ । नेपाल १३५/२
नेपाल आठ विकेटले विजयी

आइसिसी पुरुष टी-२० विश्वकप एसिया क्वालिफायरको फाइनलमा नेपालले मूलपानी मैदानमा युएईलाई आठ विकेटले हरायो। पहिलो ब्याटिङ गरेको युएईले २० ओभरमा नौ विकेट गुमाएर १३४ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नेपालले १७.१ ओभरमा दुई विकेटको नोक्सानीमा १३५ रन बनायो। नेपालले १७ बलअघि नै जित निकालेको थियो। खेलमा युएईका भृत्या अरविन्दले सर्वाधिक ६४ रन बनाएका थिए। बलिङमा कुशल मल्लले ११ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। लक्ष्य पछ्याएको इनिङ्समा नेपालका लागि आसिफ शेखले नटआउट ६४ रन बनाए। गुल्सन झाले २२ र कप्तान रोहित पौडेलले २० बलमा ३४ रन बटुले।

२७ अक्टोबर २०२३
नेपाल १६२/८ । युएई १६७/६
युएई चार विकेटले विजयी

त्रिवि क्रिकेट मैदानमा भएको त्रिकोणात्मक टी-२० फाइनलमा युएईले आयोजक नेपालमाथि चार विकेटको जित निकालेको थियो। नेपालले पहिलो ब्याटिङ गरी आठ विकेट गुमाएर १६२ रनको चुनौतीपूर्ण योगफल खडा गऱ्यो। प्रत्युत्तरमा युएईले १९.५ ओभरमा ६ विकेट गुमाएर १६७ रन बनाउँदै उपाधि जित्यो। खेलमा युएईका आयन खानले १९ रन खर्चेर तीन विकेट लिएका थिए। नेपालका लागि ओपनर कुशल भुर्तेलले २९ बलमा ५० रनको आक्रामक इनिङ्स खेले। उनले ६ चौका र तीन छक्का प्रहार गरे। भुर्तेलबाहेक अन्य खेलाडीले गतिलो योगदान दिन सकेनन्। युएईको ब्याटिङमा ओपनर महमद वासिमले २२ बलमा ४५ रन जोडे। उनले सात चौका र दुई छक्का प्रहार गरे। आयंश शर्माले २५ तथा भृत्या अरविन्दले २६ रन बनाए। बलिङमा गुल्सन झा र अविनाश बोहराले समान दुई विकेट लिए।

२३ अक्टोबर २०२३
युएई १६४/७ । नेपाल १६५/५
युएई पाँच विकेटले पराजित

त्रिकोणात्मक सिरिजमा नेपालले मूलपानी मैदानमा युएईमाथि पाँच विकेटको जित निकाल्यो। पहिलो ब्याटिङ रोजेको युएईले २० ओभरमा सात विकेटको क्षतिमा १६४ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले १९.२ ओभरमा पाँच विकेट गुमाएर १६५ रन जोड्यो। नेपालका लागि म्याच अफ दी म्याच दीपेन्द्रसिंह ऐरीले १५ बलमा ४० रनको योगदान दिए। उनले ६ चौका र एक छक्का प्रहार गरे। ओपनर आसिफ शेखले ५० बलमा ६२ र कप्तान रोहिले ४२ बलमा चार चौका र एक छक्का प्रहार गरी ४७ रन बटुले। युएईका भृत्या अरविन्दले ५१ बलमा ४५ रन जोडे। बसिल हमिदले १९ बलमा पाँच छक्का र दुई चौकाको सहयोगमा ४५ रनको योगदान दिए। नेपालका लागि सोमपाल कामी र अविनाश बोहराले समान दुई विकेट लिए।



फाइल तस्बिर

१८ अक्टोबर २०२३
युएई १४०/७ । नेपाल १४४/३
नेपाल सात विकेटले विजयी

मूलपानी क्रिकेट मैदानमा त्रिकोणात्मक सिरिजको पहिलो खेल नै नेपाल र युएईबीच थियो। जसमा नेपालले युएईमाथि सानदार सात विकेटको जित निकाल्यो। पहिलो ब्याटिङ गरेको युएईले सात विकेटको क्षतिमा १४० रन जोडेको थियो। प्रत्युत्तरमा नेपालले १८.५ ओभरमा तीन विकेटको क्षतिमा १४४ रन बनायो। नेपालका लागि कप्तान रोहित पौडेलले ४० बलमा ५१ रन बनाए। उनले युएईका दुई क्याचसमेत लिए। उनी खेलका म्यान अफ दी म्याच भए। पहिलो ब्याटिङ गर्दा युएईका लागि बसिर हमिदले सर्वाधिक ५१ रन जोडे। उनले चार छक्का र एक चौका प्रहार गरे। अली नासिरले ३२ रन जोडे। बलिङका क्रममा करण केसीले तीन तथा गुल्सन झाले दुई विकेट लिए। नेपालको ब्याटिङमा दीपेन्द्रसिंह ऐरीले २३ बलमा ३४ तथा ओपनर आसिफ शेखले २७ बलमा २३ रन बनाए।

२२ फेब्रुअरी २०२२
युएई १७५/७ । नेपाल १०७/१०
युएई ६८ रनले विजयी

आइसिसी पुरुष टी-२० विश्वकप क्वालिफायर 'ए'को सेमिफाइनलमा नेपाल युएईसँग ६८ रनले पराजित भयो। ओमानमा भएको खेलमा युएईले पहिलो ब्याटिङ गरी सात विकेटको नोक्सानीमा १७५ रन बनाएको थियो। प्रत्युत्तरमा युएईका अहमद राजाको घातक बलिङ सामना गर्न नसक्दा नेपाल १८.४ ओभरमा १०७ रनमा समेटियो। राजाले १९ रन खर्चेर पाँच विकेट लिए। युएईको ब्याटिङमा ओपनर मुहमद वासिमले ४८ बलमा समान चार चौका र छक्का प्रहार गरी सर्वाधिक ७० तथा भृत्या अरविन्दले २३ बलमा पाँच चौका र तीन छक्का प्रहार गरी ४६ रनको योगदान दिए। बलिङमा जितेन्द्र मुखिया र अविनाश बोहराले समान तीन विकेट हात पारे। नेपालको ब्याटिङमा दीपेन्द्रसिंह ऐरीले ३८ बलमा ३८ तथा ज्ञानेन्द्र मल्लले २० रन जोडे।

१२ फेब्रुअरी २०२२
युएई १९२/३ । नेपाल १६७/५
युएई २५ रनले विजयी

ओमानमा भएको अन्तर्राष्ट्रिय टी-२० सिरिजको दोस्रो खेलमा नेपालमाथि युएईले २५ रनको जित निकाल्यो। पहिलो ब्याटिङ गरेको युएईले २० ओभरमा तीन विकेट मात्र गुमाएर १९२ रनको बलियो योगफल खडा गऱ्यो। युएईका लागि चिराग सुरीले ५३ बलमा सर्वाधिक ८४ रन बनाए। प्रत्युत्तरमा लक्ष्य पछ्याउँदा नेपालले २० ओभरमा पाँच विकेटको नोक्सानीमा १६७ रन मात्र जोड्न सक्यो। युएईका चिरागले समान पाँच चौका र छक्का प्रहार गरे। रोहन मुस्तफाले ३५ बलमा ४९ रन बनाए। नेपालको ब्याटिङमा दीपेन्द्रसिंह ऐरीले ३३ बलमा ४१ रन जोडे। ओपनर ज्ञानेन्द्र मल्लले १९ बलमा २२ तथा आसिफ शेखले २९ बलमा ३४ रन जोडे। लोकेश बमले २१ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३३ रन बनाए।

३ फेब्रुअरी २०१९
नेपाल १०४/८ । युएई ९०/८
नेपाल १४ रनले विजयी

नेपालले युएईमा अन्तर्राष्ट्रिय टी-२० सिरिज खेलेको थियो। दुबईको आइसिसी मैदानमा वर्षाले प्रभावित खेलमा नेपालले १० ओभरमा आठ विकेट गुमाएर १०८ रन जोडेको थियो। प्रत्युत्तरमा युएईले १० ओभरमा आठ विकेटको नोक्सानीमा ९० रन जोड्यो। सिरिजको अन्तिम खेलमा नेपालका करण केसीले १३ रन खर्चेर दुई विकेट लिएका थिए। सिरिजको म्यान अफ दी सिरिज नेपालका अविनाश बोहरा भए। उनले ६ विकेट लिए। पहिलो ब्याटिङ गरेको नेपालका लागि कप्तान पारस खड्काले १४ बलमा चार चौका र एक छक्का प्रहार गरी सर्वाधिक २९ रन बनाए। सन्दीप जोराले ११ बलमा तीन छक्काको सहयोगमा २८ र विनोद भण्डारीले २१ रन बनाए। प्रत्युत्तरमा युएईका लागि ओपनर गुलाम सावेरले १५ बलमा २५ रन तथा सैमान अनवरले ३० रन जोडे। बलिङमा नेपालका करण, अविनाश तथा ललित राजवंशीले समान दुई विकेट हात पारेका थिए। नेपालले सिरिज २-१ ले जितेको थियो।

१ फेब्रुअरी २०१९
युएई १०७/१० । नेपाल १११/६
नेपाल चार विकेटले विजयी

युएईको भ्रमणमा रहँदा नेपालले दोस्रो खेलमा चार विकेटको जित निकाल्यो। आइसिसिएको मैदानमा पहिलो ब्याटिङ गरेको युएईले १९.२ ओभरमा सबै विकेट गुमाएर १०७ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले १९.३ ओभरमा ६ विकेटको नोक्सानीमा १११ रन बनायो। नेपालको जितमा दीपेन्द्रसिंह ऐरीले ४१ बलमा ४७ रनको योगदान दिए। युएईको ब्याटिङमा रिजवानले ४३ बलमा ४४ रन बनाए। उनले चार चौका र एक छक्का प्रहार गरेका थिए। बलिङमा अविनाश बोहराले तीन विकेट लिए। सोमपाल कामी, करण केसी र सन्दीप लामिछानेले समान दुई विकेट हात पारे।

३१ जनवरी २०१९
युएई १५३/६ । नेपाल १३२/७
युएई २१ रनले विजयी

नेपाल र युएईबीच आधिकारिक रूपमा पहिलो अन्तर्राष्ट्रिय टी-२० खेलमा ३१ जनवरी २०१९ मा भएको थियो। युएईले पहिलो भेटमै नेपाललाई २१ रनले हरायो। पहिलो ब्याटिङ गरेको युएईले ६ विकेट गुमाएर १५३ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले २० ओभरमा सात विकेटको क्षतिमा १३२ रन जोड्यो। युएईका सैमान अनवरले ३८ बलमा ५९ रन जोडे। युएईको ब्याटिङमा मुहमद उस्मानले ३० र रिजवानले २२ रन बनाए। प्रत्युत्तरमा कप्तान पारस खड्काले २५ बलमा २५ रन बनाए। सन्दीप जोराले नटआउट ५३ रन बनाए। उनले तीन चौका र एक छक्का प्रहार गरे। सोमपाल कामीले १९ बलमा समान एक चौका र छक्का प्रहार गरी २७ रन जोडे।

राष्ट्रपति रनिङ सिल्डमा सुदूरपश्चिम पहिलोपटक टिम च्याम्पियन



नयाँ पत्रिका

सुदूरपश्चिम प्रदेश १४औँ केन्द्रीय राष्ट्रपति रनिङ सिल्डमा बिहीबार पहिलोपटक टिम च्याम्पियन बनेको छ। सुदूरपश्चिमले सर्वाधिक १९ स्वर्ण, १२ रजत र १८ कांस्य जित्यो। दोस्रो स्थानमा रहेको बागमतीले १७ स्वर्ण, १३ रजत र १५ कांस्य हात पारेको छ। तेस्रो भएको कर्णालीले १० स्वर्ण, पाँच रजत र १६ कांस्य जित्यो। आठ स्वर्ण, नौ रजत र नौ कांस्यका साथ कोशी चौथो भयो। अघिल्ला तीन संस्करणमा लगातार उपाधि जितेको लुम्बिनी ६ स्वर्ण, ११ रजत र १८ कांस्यसाथ पाँचौँ स्थानमा रह्यो। सात प्रदेश टिमको सहभागिता रहेको प्रतियोगितामा तीन स्वर्ण, १० रजत र १३ कांस्यसाथ गण्डकी छैटौँ स्थानमा रहेको छ। तीन स्वर्ण, ६ रजत र नौ कांस्यसाथ मधेश सातौँ भयो।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ्लगायतले एक कार्यक्रमबीच पुरस्कृत गरेका छन्। युवा तथा खेलकुद मन्त्रालयको तत्वावधानमा भएको प्रतियोगितामा सातै प्रदेशबाट ६ सय ८६ खेलाडी सहभागी थिए। एथलेटिक्स, भलिबल, कबड्डी, करौँते, तेक्वान्दो र उसु गरी ६ खेलमा प्रतिस्पर्धा भएको थियो। ६६ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो। एथलेटिक्सको छात्र र छात्रामा समान १३ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो। करौँते, तेक्वान्दो र उसुको छात्र र छात्रामा समान ६ स्वर्ण रह्यो। भलिबल र कबड्डीको छात्र र छात्रमा समान एक स्वर्ण हात पार्न प्रतिस्पर्धा भएको आयोजकले जनाएको छ।

यसैबीच, कबड्डीमा सुदूरपश्चिमले दोहोरो उपाधि जित्यो। सुदूरपश्चिम छात्र र छात्रा दुवैमा पहिलो भयो। भलिबलमा लुम्बिनी र बागमतीले स्वर्ण हात पारे। लुम्बिनी छात्र तथा बागमती छात्रामा पहिलो भएका हुन्। विजेता दुवै टोलीले गण्डकीलाई पराजित गरे। उसुमा बागमती टिम च्याम्पियन बनेको छ। उसुमा बागमतीले ५ स्वर्ण, ५ रजत र २ कांस्य जित्यो। तेक्वान्दोमा पनि बागमती नै पहिलो भयो। तेक्वान्दो हलमा बागमतीले सर्वाधिक ४ स्वर्ण हात पारेको थियो। करौँतेमा बागमती पहिलो भयो। करौँतेमा पनि टिम च्याम्पियन बन्ने क्रममा बागमतीले ४ स्वर्ण, २ रजत र २ कांस्य पदक हात पाऱ्यो।

पदक तालिका

प्रदेश	स्वर्ण	रजत	कांस्य
सुदूरपश्चिम	१९	१२	१८
बागमती	१७	१३	१५
कर्णाली	१०	५	१६
कोशी	८	९	९
लुम्बिनी	६	११	१८
गण्डकी	३	१०	१३
मधेश	३	६	९
कुल	६६	६६	९८

एथलेटिक्समा आशिषले भंग गरे ३६ वर्षअघिको रेकर्ड

सुदूरपश्चिमका आशिष महरले ३६ वर्षअघिको ट्रिपलजम्पको राष्ट्रिय कीर्तिमान तोडेका छन्। १४औँ केन्द्रीय राष्ट्रपति रनिङ सिल्डअन्तर्गत एथलेटिक्सअन्तर्गत जुनियर छात्र ट्रिपलजम्पमा १४.१९ मिटर जम्प गर्दै महरले ०४४ मा धनवीर चौधरीले राखेको १४.०६ मिटरको रेकर्ड भंग गरेका हुन्। प्रतियोगिताको बिहीबार जुनियरतर्फ तीन राष्ट्रिय कीर्तिमान बनेका छन्। महरले जुनियरतर्फको राष्ट्रिय रेकर्ड तोड्दा धनवीर पनि थिए। उनले ३६ वर्षअघिको आफ्नो रेकर्ड तोडेका महरलाई नगदसहित प्रोत्साहन गरेका थिए। छात्रातर्फको ट्रिपलजम्पमा लुम्बिनीकी अनिशा थारू पहिलो भइन्। उनले १०.५७ मिटर जम्प गरिन्।



आशिष महर

छात्रा तीन हजार मिटर दौडमा सुदूरपश्चिमकी देवकीकुमारी धामी जुनियर राष्ट्रिय कीर्तिमानसहित पहिलो भइन्। देवकीले निर्धारित दूरी १० मिनेट ५२.८२ सेकेन्डमा पूरा गर्दै ०७५ मा राममाया बुढाले राखेको १० मिनेट ५७.२ सेकेन्डको कीर्तिमान तोडेकी हुन्। छात्रमा कर्णालीका अजय विकले स्वर्ण जिते। उनले दूरी पूरा गर्न नौ मिनेट २४.२ सेकेन्ड समय लगाए।

छात्रा ४ गुणा ४ सय मिटर रिलेमा भावना फर्साल, सरिता खड्का, हिमाली शाही र कृष्णा राना सम्मिलित कर्णाली टोलीले कीर्तिमानी स्वर्ण जिते। कर्णालीले निर्धारित दूरी ४ मिनेट १७.२ सेकेन्डमा पार गऱ्यो। यसअघि लुम्बिनीका अरुणा रिजाल, पूर्णिमा खड्का, पूजा चौधरी र करुणा रिजालको नाममा ४ मिनेट २३.८ सेकेन्डको कीर्तिमान थियो। तीनदिने एथलेटिक्स प्रतियोगितामा योसहित पाँच जुनियर राष्ट्रिय कीर्तिमान बने।

एथलेटिक्समा रेकर्ड

पहिलो दिन गण्डकीका गणेश विकले छात्र हाइजम्पमा १.८१ मिटर जम्प गर्दै जुनियर राष्ट्रिय रेकर्ड राखेका थिए। दोस्रो दिन कर्णालीकी सरिता खड्काले छात्रा आठ सय मिटर दौड दुई मिनेट २८.५ सेकेन्डमा पूरा गर्दै कीर्तिमान रचेकी थिइन्। बिहीबारै भएको सटपुटको छात्रमा कर्णालीका बालकुमार नकाल पहिलो भए। उनले १२.९५ मिटर टाढा फाले। छात्रामा सुदूरपश्चिमकी कृष्णा बम १०.५७ मिटर टाढा फाल्दै शीर्ष स्थानमा रहिन्। छात्रको दुई सय मिटर दौडमा मधेशका आदेशकुमार यादव पहिलो भए। उनले २२.८ सेकेन्ड समय खर्चे। सुदूरपश्चिमका चन्द्र बोहरा दोस्रो तथा बागमतीका सन्तबहादुर दराई तेस्रो भए। छात्रामा कोशीकी आरती चौधरीले निर्धारित दूरी २८.२ सेकेन्डमा पूरा गर्दै स्वर्ण जितिन्।

खेल संक्षेप

लुम्बिनी र गण्डकी विजयी

काठमाडौं/ लुम्बिनी र गण्डकीले वीर गणेशमान सिंह कप पुरुष राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा बिहीबार जित निकालेका छन्। लुम्बिनीले कर्णालीलाई सात विकेटले हराउँदै दोस्रो जित निकाल्यो। मूलपानी मैदानमा पहिलो ब्याटिङ गरेको कर्णालीले १६.४ ओभरमा सबै विकेट गुमाएर ८१ रन मात्र बनाउन सक्यो। कर्णालीका अर्जुन घर्तीले २८ रन बनाए। लुम्बिनीले ८२ रनको सामान्य लक्ष्य १२.२ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो। 'प्लेयर अफ दी म्याच' चुनिएका लुम्बिनीका कप्तान देव खनालले अविजित ५१ रन बनाए। वीर गणेशमान सिंह स्पोर्ट्स् कमिटीको आयोजनामा भइरहेको प्रतियोगितामा पहिलो जित दर्ता गर्ने क्रममा गण्डकीले मधेशलाई आठ विकेटले हरायो। टस जितेर ब्याटिङ गर्ने निर्णय लिएको मधेशले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १०२ रन मात्र बनाउन सक्यो। मधेशका विशाल सुस्लिंगले २४ तथा विशाल पटेलले २२ रन बनाए। यस्तै, मयन यादवले १८ तथा प्रदीप पासवानले १४ रनको योगदान दिए। गण्डकीको बलिङमा कप्तान विपिन खत्रीले सर्वाधिक चार तथा सुवास भण्डारीले दुई विकेट हात पारे।

सिटिजन्स बैंक टेनिस आइतबारदेखि

काठमाडौं/ काठमाडौं जिल्ला टेनिस संघको आयोजनामा १०औँ सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिता आइतबारदेखि हुने भएको छ। सिटिजन्स बैंकको मुख्य प्रायोजनमा हुन लागेको प्रतियोगितामा विभिन्न ११ स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक संघका अध्यक्ष मनोहरदास मुलले जनाएका छन्। पुरुष र महिला एकलसँगै मिक्स डबल्समा खेल हुनेछ। त्यस्तै, भेट्रानको पुरुष ३५ वर्षमाथि, ४५ वर्षमाथि, ५५ वर्षमाथि र ६५ वर्षमाथि सिंगल्स र डबल्समा प्रतिस्पर्धा हुनेछ। ५ लाख ८२ हजार ५ सय रुपैयाँ पुरस्कार रहेको प्रतियोगिता १५ वैशाखसम्म हुनेछ।

साँगाको दोस्रो जित

नयाँ पत्रिका

सहिद स्मारक 'सी' डिभिजन लिगमा स्पोर्टस् एकेडेमी साँगाले दोस्रो जित निकालेको छ। सातदोबाटोस्थित एन्फा मुख्यालयमा साँगाले बिहीबार रानीवन स्पोर्टस् क्लबमाथि १-० को जित निकालेको हो। साँगालाई जित दिलाउन टीकाराज गुरुङले ५६औँ मिनेटमा निर्णायक गोल गरेका थिए। पहिलो हाफमा दुवै टोलीले उत्कृष्ट प्रदर्शन गरे पनि गोल गर्न सकेनन्। साँगाले पहिलो खेलमा झम्सीखेललाई १-० ले पराजित गरेको थियो। जितसँगै साँगाले तीन खेलमा ६ अंक जोडेको छ। साँगा दोस्रो खेलमा मनोहरा युनाइटेड युथ क्लबसँग ३-२ ले पराजित भएको थियो। रानीवनको यो पहिलो हार हो। पहिलो खेलमा महावीरसँग १-१ बराबरी खेलेको रानीवनले दोस्रो खेलमा समाज कल्याण खेलकुद केन्द्रसँग गोलरहित बराबरी नतिजा निकाल्यो। रानीवनको तीन खेलबाट २ अंक छ।

पुल्चोकले झम्सीखेलमाथि ४-१ को सादार जित निकाल्यो। पहिलो हाफको ४५ मिनेटसम्म १-० ले अगाडि रहेको झम्सीखेलले मध्यान्तरपछि राम्रो खेल्न सकेन। पुल्चोकले लगातार तेस्रो जित निकालेको हो। पुल्चोकका सिरब तामाङले दुई गोल गरे। मदन पौडेल र समिप ढकालले समान एक गोल गरे। झम्सीखेलका लागि ओम धामीले एक गोल फर्काए। जितसँगै पुल्चोकले तीन खेलबाट ९ अंक जोडेको छ। झम्सीखेलको समान खेलबाट ३ अंक छ। यसअघि पुल्चोकले सामाजिक युवा क्लबलाई ३-० र स्वयम्भू क्लबलाई २-१ ले पराजित गरेको थियो। झम्सीखेल पहिलो खेलमा स्पोर्टस् एकेडेमी साँगासँग १-० ले



पराजित हुँदा दोस्रो खेलमा गोलबजार स्पोर्टस् क्लबलाई ४-० ले हराएको थियो।

खेलको १८औँ मिनेटमा झम्सीखेलले ओमको गोलबाट अग्रता बनाएको थियो। पहिलो हाफको इन्जुरी समयमा मदनले खेललाई बराबरीमा ल्याए। सिरबले पेनाल्टीमा गोल गर्दा पुल्चोक २-१ ले अगाडि रह्यो। इन्जुरी समयमै झम्सीखेलका अनिश नेपालीले रातो कार्ड पाएपछि झम्सीखेल दश खेलाडीमा सीमित भयो। खेलको ५१औँ मिनेटमा सिरबले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरेका हुन्।

साबिक विजेता सिटीलाई स्तब्ध पार्दै रियल सेमिफाइनलमा

एजेन्सी

रियल म्याड्रिडले साबिक विजेता म्यानचेस्टर सिटीलाई हराउँदै युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान पक्का गरेको छ। रियलले बुधबार राति भएको क्वार्टरफाइनलको दोस्रो लेगमा सिटीलाई समग्रमा पेनाल्टी सुट आउटमा ४-३ ले हराएको हो। गोलरक्षक लुनिनले दुई पेनाल्टी रोकेपछि १४ पटकको सर्वाधिक विजेता रियल अन्तिम चारमा पुगेको हो। रियलका लागि लुका मोड्रिचको पेनाल्टी सिटीका गोलकिपर एडर्सनले बचाएका थिए। रियलका जुड बेलिंघम, लुकास भजक्वेज, नाचो फर्नान्डेज र एन्टोनी रुडिगरले गोल गरे। सिटीका लागि जुलियन अल्भारेज, फिल फोडेन र गोलकिपर एडर्सनले मात्र गोल गरे।

दोस्रो लेगको निर्धारित तथा थप समयमा दुवै टोलीले १-१ को गोल गरेका थिए। दुवै टोलीबीच समग्रमा ४-४ बराबरी भएपछि टाइब्रेकरबाट अन्तिम चारको छिनोफानो भएको हो। रियलले पहिलो लेगमा सिटीलाई ३-३ को बराबरीमा रोकेको थियो। दोस्रो लेगको ७६औँ मिनेटमा डी ब्रुयनाले सिटीलाई बराबरीमा पुऱ्याएका थिए। यसअघि खेलको १२औँ मिनेटमा रियलले १-० को अग्रता लिएको थियो। भिनिसियसको क्रसमा रोड्रिगोले रिबाउन्डमा गोल गरेका हुन्।

बायर्न म्युनिखले आर्सनललाई हरायो

बायर्न म्युनिख च्याम्पियन्स लिगको सेमिफाइनलमा पुगेको छ। इंग्लिस क्लब आर्सनललाई बुधबार दोस्रो लेगमा १-० ले हराएपछि बार्यन समग्रमा ३-२ ले विजयी हुँदै अन्तिम चारमा पुगेको हो। आर्सनलको घरेलु मैदानमा भएको पहिलो लेग २-२ को बराबरीमा टुंगिएको थियो। जोसुवा किमिचले गरेको गोल बायर्नका लागि निर्णायक बन्यो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com